# सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

शोधार्थी
गंगा बसेल (काफ्ले)
शैक्षिक सत्र - २०६८-२०७०
त्रि.वि. दर्ता नं. ९-२-२४०-२७०-२००७
**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन
२०७४/२०१८

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनकी विद्यार्थी गंगा बसेल (काफ्ले) ले नेपाली विषयको स्नातकोत्तर (एम.ए.) तहको दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतितत्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

डा. होमनाथ सापकोटा ________________
प्राध्यापक तथा विभागीय प्रमुख हस्ताक्षर

डा. एकनारायण पौड्याल ________________
सहप्राध्यापक तथा शोधनिर्देशक हस्ताक्षर

दामोदर रिजाल ________________
सहप्राध्यापक तथा बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७४।१२।११
२५ मार्च २०१८

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा गंगा बसेल (काफ्ले) ले **सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७४।११।२३

७ मार्च २०१८

**डा. एकनारायण पौड्याल**

**सहप्राध्यापक**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर (एम.ए) तह द्वितीय वर्षको नयाँ पाठ्यक्रमअनुसार दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । शोधकार्यको पूर्णताका लागि जुनसुकै बखत आफ्नो अमूल्य समयबाट फुर्सद निकालेर निर्देशन दिनुहुने आदरणीय गुरु तथा शोधनिर्देशक सहप्राध्यापक डा. एकनारायण पौड्यालप्रति हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

शोध शीर्षकलाई स्वीकृति प्रदान गरी आवश्यक राय तथा सुझाव एवम् परामर्श दिनुहुने विभागीय प्रमुख गुरु प्रा.डा. होमनाथ सापकोटाप्रति विशेष हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री सङ्कलनमा सहयोग र स्रोत उपलब्ध गराउने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति ऋणी छु ।

यसै गरी शोधपत्रलाई यथाशीघ्र सम्पन्न गर्न अभिप्रेरणा प्रदान गर्नुहुने पूज्य बुवा तथा आमाप्रति विशेष आभारी छु । शोधपत्र तयारीका लागि घरायसी समस्याका बाबजुद स्वतन्त्रता दिँदै उपयुक्त वातावरण मिलाएर आइपरेका सम्पूर्ण बाधा, अड्चन र झन्झट अङ्गीकार गर्ने जीवन साथी रेमाकान्त काफ्ले एवं लेखन कार्यमा सहयोग गर्ने परिवारका अन्य सदस्यहरुका साथै यस शोधपत्रलाई शुद्धसँग टङ्कन गरी व्यवस्थित बनाउन सहयोग गर्ने कालिका कम्प्युटर सर्भिसका महेश पौडेललाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०७४।११।२२

६ मार्च २०१८

.............................

**गंगा बसेल (काफ्ले)**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ. | अप्रकाशित |
| ई.सं. | ईस्वी संवत् |
| एम्.ए. | मास्टर्स अफ आर्टस् |
| क्र.सं. | क्रम सङ्ख्या |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.नं. | दर्ता नम्बर |
| न.पा. | नगरपालिका |
| ने.के.वि. | नेपाल केन्द्रीय विश्वविद्यालय |
| ने.रु. | नेपाली रुपैयाँ |
| पिएच. डी. | डाक्टर अफ फिलोसोफी |
| पं. | पण्डित |
| पृ. | पृष्ठ |
| प्र.का. | प्रकाशन |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| भा.रु. | भारतीय रुपियाँ |
| रच. | रचना |
| वि.सं. | विक्रम संवत् |
| वी.ब.क्या. | वीरेन्द्र बहुमुखी क्याम्पस |
| सं. | संस्करण |
| सम्पा. | सम्पादन |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ विषय परिचय १

१.२ शोध समस्या १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ५

१.६ शोधको सीमा ५

१.७ शोधविधि ५

  १.७.१ सामग्री सङ्कलन विधि ५

  १.७.२ विश्लेषण विधि ६

१.८ शोधपत्रको रूपरेखा ६


**परिच्छेद : दुई**

**साहित्यकार सीताराम कोइरालाको जीवनी**


२.१ विषय प्रवेश ८

२.२ नामथर ८

२.३ जन्म र जन्मस्थान ८

२.४ बाल्यकाल ८

२.५ रुचि र स्वभाव ९

२.६ शिक्षा-दीक्षा ९

२.७ आर्थिक अवस्था र बसाइँसराइ १०

२.८ वैवाहिक तथा पारिवारिक स्थिति १०

२.९ जागिरे जीवन ११

२.१० साहित्य लेखनमा प्रवेश र निरन्तरता ११

२.११ सङ्घ-संस्थामा आबद्धता १२

२.१२ यात्रा तथा भ्रमण १२

२.१३ अविस्मरणीय घटना १३

२.१४ जीवनदर्शन १४

२.१५ निष्कर्ष १५

**परिच्छेद : तीन**

**साहित्यकार सीताराम कोइरालाको व्यक्तित्व**

३.१ विषयप्रवेश १७

३.२ व्यक्तित्वका आयाम १७

३.२.१ बाह्य/शारीरिक व्यक्तित्व १७

३.२.२ आन्तरिक व्यक्तित्व १८

३.२.२.१ साहित्यिक व्यक्तित्व १९

३.२.२.२ साहित्येतर व्यक्तित्व २२

३.२.२.३ निष्कर्ष २३

**परिच्छेद : चार**

**साहित्यकार सीताराम कोइरालाका कृतिहरूको विश्लेषण**

४.१ विषयप्रवेश २५

४.२ 'अनर्थ' कथासङ्ग्रहको विश्लेषण २५

४.२.१ शीर्षक २६

४.२.२ संरचना २८

४.२.३ कथाहरूको मूलकथ्य ३०

४.२.४ पात्रविधान ३१

४.२.५ भावविधान/मुख्य सारवस्तु ३४

४.२.६ भाषाशैली ३५

४.२.७ दृष्टिबिन्दु ३५

४.२.८ परिवेश ३७

४.२.९ निष्कर्ष ३८

४.३ 'संवादमा स्रष्टाहरू' अन्तर्वार्तासङ्ग्रहको अध्ययन ३९

४.३.१ विषयवस्तुको चयन ४१

४.३.२ वार्ताकारको कुशलता ४५

४.३.३ वार्तानायकको प्रस्तुति ४६

४.३.४ वार्तामा प्रयुक्त भाषाशैली ४७

४.३.५ वार्तामा समसामयिकता ४८

४.३.६ निष्कर्ष ४९

४.४ 'पागलप्रेमी र मेरोदेश' कवितासङ्ग्रहको विश्लेषण ५०

४.४.१ शीर्षक ५०

४.४.२ संरचना ५१

४.४.३ कविताहरूको मुख्य कथ्य ५२

४.४.४ भाव विधान ५७

४.४.५ भाषाशैली ६०

४.४.५.१ लयविधान ६१

४.४.५.२ रस ६२

४.४.५.३ अलङ्कार ६२

४.४.६ निष्कर्ष ६३

४.५ 'सम्झनाको कोलाज' लघु कथाको अध्ययन ६४

४.५.१ शीर्षक ६५

४.५.२ संरचना ६५

४.५.३ कथावस्तु ६६

४.५.३ पात्रविधान ७१

४.५.४ भावविधान ७२
४.५.५ भाषाशैली ७५
४.५.५.१ अलङ्कार ७५
४.५.५.२ बिम्ब र प्रतीक ७६
४.५.६ निष्कर्ष ७७

## परिच्छेद : पाँच

## उपसंहार तथा निष्कर्ष

५.१ विषय परिचय ७९
५.२ पहिलो परिच्छेदको निष्कर्ष ७९
५.३ दोस्रो परिच्छेदको निष्कर्ष ७९
५.४ तेस्रो परिच्छेदको निष्कर्ष ८०
५.५ चौथो परिच्छेदको निष्कर्ष ८०
५.६ समग्र निष्कर्ष ८२

**परिशिष्ट**

परिशिष्ट-१ : शोधनायक सीताराम कोइरालालाई सोधिएका प्रश्नावलीहरू ८५
परिशिष्ट-२ : सीताराम कोइरालाका प्रकाशित पुस्तकका आवरणचित्रहरू ८७

**सन्दर्भग्रन्थसूची** ९१

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं. २०२८ भाद्र २२ गते मङ्गलबारका दिन चितवनको तोरीखेतमा जन्मेका सीताराम कोइराला साहित्यका क्षेत्रमा पनि यही नामले सुपरिचित छन् । आफ्नो देश र माटोप्रति अगाध प्रेम गर्ने कोइराला समाजका विकृति र विसङ्गतिबाट आहत भएर साहित्य लेखनप्रति लागेका एक उदाउँदा कथाकार, वार्ताकार, कवि तथा काव्यकार व्यक्तित्व हुन् । किशोरावस्थादेखि नै साहित्यप्रति गहिरो अभिरुचि भएका कोइरालाले २०४७ सालदेखि अनौपचारिक रूपमा कविता लेखनारम्भ गर्दै २०६२ सालमा अनर्थ कथासङग्रह प्रथम पटक प्रकाशन गरेपछि साहित्य क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेको देखिन्छ ।

उनको पुस्तकाकार पहिलो कृति **अनर्थ** (२०६२) कथासङ्ग्रह हो भने दोस्रो कृति **संवादमा स्रष्टाहरू** (२०६४) अन्तर्वार्तासङ्ग्रह हो । तेस्रो पुस्तकाकार कृति **पागलप्रेमी र मेरो देश** (२०७१) कवितासङ्ग्रह हो । साहित्यका क्षेत्रमा अनवरत रूपमा लागेका कोइरालाको चौथो कृति **सम्झनाको कोलाज** (२०७२) लघुकाव्य हो । साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका कोइरालाका कृतिहरूलाई दृष्टिगत गर्दा उनी चितवन जिल्लाका अनुसन्धेय व्यक्तित्व पनि हुन् । आजसम्म उनका बारेमा सामान्य टीका-टिप्पणी र कृतिगत रूपमा गरिएको सामान्य चर्चाबाहेक जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हुन सकेको देखिँदैन त्यसैले यो शोधकार्य साहित्यकार कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन तथा विश्लेषणमा केन्द्रित छ ।

## १.२ शोधसमस्या

साहित्यकार सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधकार्यको मुख्य समस्याका रूपमा रहेको छ । यस शोधकार्यका आधारभूत समस्याहरूलाई निम्नानुसारका बुँदाहरूमा देखाइएको छ :

क)	सीताराम कोइरालाको जीवनी के-कस्तो रहेको छ ?

ख)	सीताराम कोइरालाको व्यक्तित्व कस्तो रहेको छ ?

ग)	विधातत्त्वका आधारमा सीताराम कोइरालाका साहित्यिक कृतिहरू के-कस्ता रहेका छन् ?

यिनै आधारभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधकार्यमा सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.३ शोधको उद्देश्य

उल्लिखित समस्याहरूमा केन्द्रित भएर सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । यस शोधकार्यका उद्देश्यहरूलाई निम्नानुसारका बुँदाहरूमा उल्लेख गरिएको छ :

क)	सीताराम कोइरालाको जीवनीको परिचय दिनु,

ख)	सीताराम कोइरालाको व्यक्तित्वका आयामहरूको निरूपण गर्नु,

ग)	विधातत्त्वका आधारमा सीताराम कोइरालाका साहित्यिक कृतिहरूको अध्ययन गरी कृतिगत प्रवृत्ति पहिचान गर्नु ।

यिनै उद्देश्य पूरा गर्नेतर्फ प्रस्तुत शोधकार्य उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार सीताराम कोइरालाले साहित्य र साहित्येतर गरी विविध विधामा कलम चलाए तापनि उनको विशेष योगदान नेपाली साहित्यको कथा विधामा रहेको छ । उनी र उनका कृतिका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा सामान्य चर्चा-परिचर्चा गरेको भएपनि उनको व्यक्तित्व र कृतित्वको सर्वपक्षीय अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । अतः उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गरिएका पूर्वकार्यहरू प्राप्त विवरण कालक्रमिकरूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

लक्ष्मणप्रसाद गौतम (२०६२, पृ. ४) ले सीताराम कोइरालालाई वर्तमान समयमा युवा कथाकारको संज्ञा दिएका छन् । उनले कोइरालाको **अनर्थ** कथासङ्ग्रहभित्र रहेका कथाहरूलाई बलियो सम्भावनाका ढोकाहरू हुन् भन्दै यी अनन्त ढोकाहरूबाट आफ्ना कथायात्रालाई गतिशील बनाउनुपर्छ भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । गौतमले मान्छेका तथा समाजमा मनोग्रन्थीहरूलाई फुकाउनु पर्छ र ती मनोग्रन्थीलाई फुकाउन सक्ने सम्भावना कोइरालाको कलममा छ र यसको उदाहरका रूपमा **अनर्थ**भित्रका कथाहरू नै उपस्थित छन् भनी टिप्पणी प्रस्तुत गरेका छन् ।

गीता कार्की (२०६४, पृ. ३) ले वार्ताकार सीताराम कोइरालाको अन्तर्वार्तासङ्ग्रह तयार पार्नुलाई पहाडको भित्तो फोरेर हीरा भेट्नु जति दुर्लभ छ, त्यति नै दुर्लभ कोइरालाका यो प्रयास सहजतापूर्वक भएको कुरा उल्लेख गरेकी छन् । प्रश्नै प्रश्नको पहाडबाट चम्किलो हीरा झिकेर एउटा सुन्दर किस्तीमा फिँजाइ पाठकलाई उपहार दिएका छन् भन्दै उनले कोइरालाको अत्यन्त लोभलाग्दो, रहरलाग्दो र कठिन प्रयासमा धेरैलाई प्रभावित, आकर्षित र प्रेरित गर्ने ऊर्जा लुकेको अनुभूत गर्न सकिने कुरा बताएकी छन् ।

परशु प्रधान (२०६४, पृ. ८) ले सीताराम कोइरालाको अन्तर्वातासङ्ग्रह **संवादमा स्रष्टाहरू**मा नारायणी अञ्चल चितवनका विशिष्ट व्यक्तित्वहरूसँगको अन्तरङ्ग कुराकानी पढ्ने अवसर पाएको कुरा उल्लेख गरेका छन् । प्रधानले धेरैजसो स्रष्टाहरूसँग आफ्नो व्यक्तिगत चिनाजानी भएको र राजधानी बाहरि बसी सिर्जनारत साहित्यकारहरूको विचार, दृष्टिकोण, अनुभूति आदिको यथार्थ जानकारी **संवादमा स्रष्टाहरू**भित्र समावेश गरिएको हुँदा कोइरालालाई धन्यवाद दिएका छन् ।

पूर्णप्रसाद अधिकारी (२०७०) ले चितवनको माटोबाट सामयिक सङ्कलनका रूपमा अन्तर्वार्तासङ्ग्रहसङ्ग्रह आएको छ भनी आफ्नो विचार व्यक्त गरेका छन् । उनले अझ स्रष्टाका अवधारणाहरू साहित्य सिर्जनाको एउटा रमणीय पक्षका साथै युगीन कालखण्डलाई साथमा लिएर समाजको रूपान्तरणमा निर्णायक भूमिका खेलेका हुन्छन् भनी उल्लेख गरेका छन् । त्यस्तै शृङ्खलाको कडीका रूपमा **संवादमा स्रष्टा** जन्मेको हो भनी उल्लेख गरेका छन् । जेहोस् नेपाली साहित्यको स्रष्टा परिचय परम्परामा यो पूर्ण नभए पनि निवार्ताकारको

सुचेष्टाको कदर गर्नैपर्दछ र यो त आरम्भ मात्र हो तर यसलाई अझै अगाडि लौजानुपर्छ भनी आफ्नो विचार अभिव्यक्त गरेका छन् ।

गोविन्दराज विनोदी (२०७१, पृ. १४-१६) ले सीताराम कोइरालालाई प्रयोगशील, समसामयिक चेतनाका कविको रूपमा चिनाएका छन् । विनोदीले कोइरालालाई उनले आफ्ना कवितामा केही प्राकृतिक बिम्बहरूको सुन्दर प्रयोग गरेको र कविताहरू जीवनबोधी भएको कुरा उल्लेख गरेका छन् । विनोदीले कोइरालाका कविताहरूमा युगचेत, वर्तमानबोध, राष्ट्रबोध, प्रगतिको चाह, समुन्नत नेपाल, आर्थिक, धार्मिक, सांस्कृतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, विद्रोह भाषा, साहित्यप्रति अनुराग, युद्धप्रति घृणा, शान्तिको समर्थन, जीवनको लक्ष्यप्रति जिज्ञासा, पुरातनताको विरोध, नवीनताको चाह, अँध्यारोको अन्त्य जस्ता विविध भावहरू विविध शीर्षकहरूका कवितामा पोखिएकाले प्रस्तुत कृति सान्दर्भिक र अर्थपूर्ण साहित्यिक सम्प्राप्तिका रूपमा प्रस्तुत भएको देखिन्छ भनी उल्लेख गरेका छन् ।

भूपिन (२०७२) ले सीताराम कोइरालालाई समाजको विभेद र होचो अर्घेल्याइँबारे ध्यान दिएका छैनन् भन्दै उनी त्यतातिर मौन रहेको र एकोहोरो प्रेमको बारेमा मात्र लेखिरहेको कुरालाई टिप्पणी गरेका छन् । यसरी कोइरालाको लेखनप्रति आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्दै उनको त्यस सीमितताभित्र रहेर यस कृतिको शक्ति खोज्नुपर्छ भन्दै पाठकलाई सुझाव दिएका छन् । प्रस्तुत कृति **सम्झनाको कोलाज** अनुराधालाई सम्बोधन गरी लेखिएको लघुकाव्य नै हो भन्दै कविले काव्यलाई विभिन्न शीर्षकहरूमा यसलाई बाँडेर प्रेमको दर्शन बोलेको कुरा सङ्केत गरेका छन् । उनले जीवनको अन्य विसङ्गतिजन्य परिस्थिति र मनमुटावहरू त्यागेर हृदयमा प्रेमको लाज निर्माण गर्न अनुरोध गरिरहेछन् भनेर कविप्रति सङ्केत गर्दै सापेक्षित रूपमा यो सत्मार्ग भएको कुरा प्रस्तुत गरेका छन् ।

यसप्रकार विभिन्न विद्वान्हरूले अनेक कोणबाट टीका-टिप्पणी गरे पनि सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा समग्र अध्ययन हुन सकेको छैन । त्यसैले प्रस्तुत शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

आधुनिक नेपाली साहित्यमा विगत दुई दशक पहिलेदेखि अटुट रूपमा साधनारत साहित्यकार सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सुव्यवस्थित र विस्तृत अध्ययन गर्नु उपयुक्त देखिन्छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनबाट कोइरालाको प्रभाव, प्रेरणा ग्रहण गरी भावी पुस्ताहरू यसबाट लाभान्वित हुन गई नेपाली साहित्यकै समृद्धिमा अझ ठूलो टेवा पुग्ने हुँदा यस शोधकार्यको औचित्य छ र यो निकै महत्त्वपूर्ण तथा उपयोगी देखिन्छ ।

## १.६ शोधको क्षेत्र र सीमा

यस शोधकार्यमा साहित्यकार कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्नु यसको क्षेत्र रहेको छ । उनका २०६२-२०७२ सम्म प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र अध्ययन र विश्लेषण गर्नु यस शोधकार्यको सीमा हो । कोइराला बहुआयामिक व्यक्तित्व भए पनि उनका चारवटा पुस्तकाकार कृतिहरूका बारेमा मात्र अध्ययन र विश्लेषण गरिएको छ । उनका विभिन्न विधाका फुटकर रचनाहरूको सामान्य चर्चा मात्र गर्नु तर विश्लेषण नगर्नु यसको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधमा निम्नलिखित अनुसारको सामग्री सङ्कलन विधि र विश्लेषण विधि अवलम्बन गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र लेखनका क्रममा विविध संस्था व्यक्तिगत र संस्थागत पुस्तकालयबाट उपलब्ध पुस्तक, पत्रपत्रिका आदिको अध्ययनद्वारा सामग्री सङ्कलन गरिएको छ । यसका लागि आवश्यक ठाउँमा विभिन्न व्यक्तिगत र स्वयं शोधनायकसँग लिखित एवं

मौखिक प्रश्नावलीद्वारा अन्तर्वार्ता लिई सामग्रीहरू सङ्कलनका क्रममा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

साहित्यकार सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा प्राप्त सामग्रीलाई आवश्यकताअनुसार भिन्नभिन्न पद्धति अवलम्बन गरी विश्लेषण गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्व पक्षको जीवनीपरक समालोचना प्रणाली विवरणात्मक एवम् व्याख्यात्मक विधि अपनाइन्छ । कृतित्व सम्बन्धी लेखन कार्यमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधि तथा प्रभावपरक एवं मूल्याङ्कनपरक समालोचना प्रणाली जस्ता भिन्न-भिन्न विधि र प्रणाली अंगाली अध्ययन र विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसंगठित एवं सुव्यस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसार विभिन्न परिच्छेद, अपरिच्छेद, शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ :

**परिच्छेद : एक - शोधपरिचय**

यस परिच्छेदमा सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधको क्षेत्र र सीमा, शोधविधिअन्तर्गत सामग्री सङ्कलन र विश्लेषण विधि तथा शोधपत्रको रूपरेखा जस्ता शीर्षक र उपशीर्षक रहेका छन् ।

**परिच्छेद : दुई - सीताराम कोइरालाको जीवनी**

यस परिच्छेदमा सीताराम कोइरालाको जीवनीअन्तर्गत नामथर, जन्म र जन्मस्थान, बाल्यकाल, रुचि र स्वभाव, शिक्षा-क्षेत्रमा आर्थिक अवस्था र बसाइँसराइ, वैवाहिक तथा पारिवारिक स्थिति, कार्यक्षेत्रमा प्रवेश तथा जागिरे जीवन, साहित्य लेखनमा

प्रवेश र निरन्तरता, संघ-संस्थामा आबद्धता, यात्रा तथा भ्रमण, अविस्मरणीय घटना, जीवनदर्शन र निष्कर्ष जस्ता विविध शीर्षक तथा उपशीर्षकहरू रहेका छन् ।

**परिच्छेद : तीन - सीताराम कोइरालाको व्यक्तित्व**

यस परिच्छेदमा सीताराम कोइरालाको साहित्यिक व्यक्तित्वअन्तर्गत कथाकार, वार्ताकार, कवि, काव्यकार तथा भूमिका लेखक र साहित्येतर व्यक्तित्वअन्तर्गत सम्पादक, प्रशासनिक, सामाजिक एवं राजनैतिक व्यक्तित्वका विविध पाटाहरूको विभिन्न शीर्षक र उपशीर्षकहरूको अध्ययन गरिएको छ ।

**परिच्छेद : चार - सीताराम कोइरालाका प्रकाशित पुस्तकाकार कृतिहरूको विश्लेषण**

यस परिच्छेदमा सीताराम कोइरालाका प्रकाशित कृतिहरू **अनर्थ** (कथासङ्ग्रह), **संवादमा स्रष्टाहरू** (अन्तर्वार्तासङ्ग्रह), **पागलप्रेमी र मेरो देश** (कवितासङ्ग्रह) र **सम्झनाको कोलाज** गरी चारवटा कृतिका शीर्षकहरूको विधागत संरचनाका आधारमा विस्तृत अध्ययन एवम् विश्लेषण गरिएको छ ।

**परिच्छेद : पाँच - उपसंहार**

यस परिच्छेदमा अघिल्ला परिच्छेदमा चर्चा गरिएका प्रत्येक परिच्छेदको सारांश तथा सामग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्त्यमा परिशिष्ट र सन्दर्भ सामग्रीसूचीसहितको शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# साहित्यकार सीताराम कोइरालाको जीवनी

# परिच्छेद : दुई

# साहित्यकार सीताराम कोइरालाको जीवनी

## २.१ विषय प्रवेश

यस परिच्छेदमा सीताराम कोइरालाको जीवनका बारेमा चर्चा गरिएको छ । यस क्रममा उनको नामथर, जन्म र जन्मस्थान, बाल्यकाल, रुचि र स्वभाव, शिक्षा-दीक्षा, आर्थिक अवस्था र बसाइँसराइ, वैवाहिक तथा पारिवारिक स्थिति, कार्यक्षेत्रमा प्रवेश तथा जागिरे जीवन, साहित्यलेखनमा प्रवेश र निरन्तरता, संघ-संस्थामा आबद्धता, यात्रा तथा भ्रमण, अविस्मरणीय घटना र जीवनदर्शन तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २.२ नामथर

सीताराम कोइरालाको जन्म रेवती नक्षत्रको पहिलो पाउमा भएको र उनको नाम ज्योतिषशास्त्रअनुसार देवीप्रसाद राखिएको थियो तर हाल उनी सीताराम कोइराला नामले परिचित छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.३ जन्म र जन्मस्थान

सीताराम कोइरालाको जन्म हालको नारायणी अञ्चलअन्तर्गत चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ५, तोरीखेत भन्ने ठाउँमा २०२८ साल भाद्र २२ गते मङ्गलबार तृतीया तिथिका दिन भएको हो । उनी पिता रामदत्त कोइराला र माता नारायणीदेवी कोइरालाका छ सन्तानमध्ये ज्येष्ठ सुपुत्र हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.४ बाल्यकाल

कोइरालाको बाल्यकाल आफ्ना बुबा आमा र परिवारका अन्य सदस्यहरूको काखमा तथा साथीभाइसँगै सुख-दुःख दुवै परिस्थिति झेल्दै बितेको थियो । उनीमाथि उनका बुबा

आमाको अत्यन्तै प्यारो दृष्टि रहेको थियो तर हजुरबुबा र हजुरआमाको काखमा भने रमाउन पाएनन् । साउँअक्षर आफ्नो बुबाबाट सिकेका थिए (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.५ रुचि र स्वभाव

सीताराम कोइराला सानैदेखि अन्तरमुखी स्वभावका भएको बुझिन्छ । विद्यालयको पढाइको साथसाथै छुट्टै कलाले उनको ध्यान आकर्षित गरेको हुँदा उनी गायनप्रति किशोरावस्थादेखि नै प्रभावित भएको पाइन्छ ।

विभिन्न लोकगीत, क्रान्तिकारी गीत तथा चलचित्र र हिन्दी सिनेमाका गीतहरू एकान्तमा बसी गाउँदै भविष्यमा ठूलो गायक बन्ने सपना बुनिरहन्थे तर उनको यो स्वभावलाई कसैले बुझ्न सकेनन् । संगीत विद्यालयसँगको सम्पर्क नहुनु इत्यादि समस्याले उनको त्यो लक्ष्य बिचैमा भङ्ग भएर गएको बुझिन्छ । त्यसपछि उनी साहित्य र अभिनयतर्फ लागे । विभिन्न नाटकहरू अभिनय गर्दै प्रसिद्ध निर्देशक शिव रेग्मीको निर्देशनमा बनेको नाटक **स्वर्गको पतन** राष्ट्रिय प्रज्ञा प्रतिष्ठानको हलमा मञ्चन गरेका थिए । पछि अभिनयलाई पनि विभिन्न किसिमका कठिनाइले निरन्तरता दिन नसकेको कुरा बुझिन्छ । यी सबै कुराको किनारा लागेपछि उनले साहित्यलाई निरन्तरता दिएको देखिन्छ ।

साहित्यको गहिरो अध्ययन र लेखन गर्ने रुचि हुनुको साथसाथै विभिन्न ठाउँको भ्रमण गर्न रुचाउनु उनको स्वभाव देखिन्छ । उनलाई मनपर्ने पोसाकमा सर्ट, पाइन्ट, टोपी, जुत्ता आदि हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.६ शिक्षा-दीक्षा

आफ्ना पिताबाट साउँ अक्षर सिकेका कोइरालाको व्रतबन्ध त्यतिबेलाको प्रचलनअनुसार वैदिक विधिबाट आठ वर्षको उमेरमा भएको थियो । उनले नवलपरासी सिखौली निवासी आफ्नै अङ्कल पुष्पराज कोइरालाद्वारा गायत्री दीक्षा लिएका हुन् । त्यतिबेलाको समयमा पनि पढ्न आफ्नै गाउँमा खुलेको प्राथमिक विद्यालयमा जाने अवसर प्राप्त गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

कक्षा तीनसम्म आफ्नै गाउँको प्रा.वि.मा अध्ययन गरेका हुन् भने कक्षा चारबाट प्रेमबस्ती मा.वि. मा अध्ययन गरेका हुन् । उनको पहिलो पाठशाला राष्ट्रिय प्रा.वि., तोरीखेत थियो । तात्कालीन अवस्थामा त्यहाँ बत्ती बाल्न मट्टितेल र लाल्टिनको प्रयोग हुन्थ्यो । दिउँसोको समयमा पढाइ हुने भएकाले पढ्नका लागि खासै बत्तीको आवश्यकता थिएन । उनको पढ्ने चाहना त पूरा हुन सकेन तैपनि स्नातकसम्म अध्ययन कार्य गरे । उनले पढ्ने प्रेरणा आफ्ना बुबाआमा तथा साथीभाइबाट प्राप्त गरेका हुन् ।

कोइरालाले एस.एल.सी. प्रेमबस्ती मा.वि. बाट २०४५ सालमा पास गरेका हुन् । आइ.कम. बालकुमारी कलेजबाट २०४८ सालमा उत्तीर्ण गरेका हुन् । बि.कम. भने उनले पढ्दापढ्दै विभिन्न समस्याले गर्दा पूरा गर्न पाएनन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.७ आर्थिक अवस्था र बसाइँसराइ

सीताराम कोइरालाको जन्म मध्यमवर्गीय परिवारमा भएको हो । २०१३/१४ सालतिर बुबाहरू लमजुङबाट बसाइँ सरी आएर चितवनमा स्थायी बसोबास गरेका थिए । कोइरालाको बाबुबाजेको पुर्ख्यौली सम्पत्ति तीन बिघा भएको र हाल छोरा नातिलाई भाग लगाउँदै जाने क्रममा उनको भागमा दश कट्ठा जमिन परेको छ । उनको हालको बसोबास भरतपुर महानगरपालिका वडा नं. ५, तोरीखेतमा रहेको छ ।

घर सामान्य पक्की खालको छ । उनको आर्थिक अवस्था अहिले पनि मध्यम नै रहेको छ । उनले जीविकोपार्जनका लागि सुरुमा मलेसिया चार वर्ष काम गरेर आए । त्यसपछि प्राइभेट संस्थाहरूमा लेखाअधिकृतको जागिर गर्दै आफ्नो परिवारको खर्च चलाएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.८ वैवाहिक तथा पारिवारिक स्थिति

सीताराम कोइराला २०५२ साल जेठ ३ गते दाम्पत्य जीवनमा बाँधिएका हुन् । २२ वर्षको उमेरमा लमजुङ उदीपुर गाउँ निवासी भुवनेश्वर अधिकारीकी छोरी कल्पना अधिकारीका साथ सीताराम कोइरालाको शुभ-विवाह सम्पन्न भएको हो । उनको हाल

सन्तानका रूपमा एक छोरी मात्र रहेकी छन् । २०५४ साल श्रावण ३० गते जन्मिएकी सृष्टि कोइराला हाल स्नातक तहमा अध्ययनरत छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.९ जागिरे जीवन

सीताराम कोइरालाको जन्म मध्यमवर्गीय परिवारमा भएको हो । उनका मनमा इच्छा चाहनाहरू पूरा हुन नपाएपछि कोइराला साहित्य सिर्जनातर्फ लागेका हुन् । स्नातक तहसम्म मात्र अध्ययन गरेका कोइरालालाई स्थायी जागिरको पनि अवसर मिलेन त्यसकारण उनले प्राइभेट संस्थाहरूमै जागिर खाएर जीवनयापन गरिरहेका छन् ।

प्राइभेट जागिर गर्दा उनी एकै ठाउँमा स्थायी रूपले रहेनन् । सुरुमा उनले सफारी नारायणी भरतपुरमा २०५२ सालमा कार्य गरेर आफ्नो जागिरे जीवन सुरु गरे । त्यसपछि फ्रान्स विल्डिङ कन्स्ट्रकसनमा तीन वर्षसम्म कार्य गरे साथै यातायात व्यवसायी समिति नारायणगढमा पनि काम गरे । त्यसपछि उनी अर्थ आर्जनकै सिलसिलामा विदेशी भूमि मलेसियातर्फ लागेर चार वर्षको बसोबासपछि पुनः नेपालमै फर्किए । विदेशबाट आएपछि पुनः उनले जागिारे जीवनलाई निरन्तरता दिँदै होटल तिरूपति पुल्चोक नारायणगढमा तीन वर्ष कार्य गरे । फेरि त्यहाँ छोडेर तीन महिना जति नेशनल सिटी हस्पिटलमा कार्य गरे । हाल उनी आइल्याण्ड जङ्गल रिसोर्ट भरतपुरमा कार्यरत छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

यसरी कोइरालाले आफ्नो शिक्षा क्षेत्रलाई निरन्तरता दिन नपाए पनि प्राइभेट जागिर गर्दै गहन अध्ययनका साथ साहित्य सिर्जनातर्फ बेजोड रूपमा लागेका छन् ।

## २.१० साहित्य लेखनमा प्रवेश र निरन्तरता

विशेषतः कोइरालाको सानै उमेरदेखि गीत गाउने चाहना भए पनि उनी गीत गायनतर्फ विभिन्न कठिनाइले गर्दा अघि बढ्न सकेनन् । पछि विभिन्न नाटकहरूमा अभिनय पनि गरे । अभिनय यात्रा पनि अघि बढ्न सकेन र अन्त्यमा उनको साहित्य सिर्जनालाई अँगाले ।

गहन अध्ययनका साथ कोइरालाले लेखनयात्रा सुरु गर्दै साहित्य क्षेत्रमा अगाडि बढेको देखिन्छ । साहित्य लेखनमा प्रवेश गर्ने क्रममा उनले 'हामी सम्भिmरहन्छौं' शीर्षकको कविता लेखेर साहित्यिक यात्रा सुरु गरेका हुन् । २०४७ सालमा **नौलो राँको** नामक पत्रिकामा उक्त कविता छपाएर साहित्यका फाँटमा उदाएका हुन् । त्यसपछि प्रकाशित पुस्तकाकार कृतिका रूपमा २०६२ सालमा **अनर्थ** कथासङ्ग्रह पहिलो कृतिका रूपमा रह्यो । दोस्रो प्रकाशित पुस्तकाकार कृतिका रूपमा **संवादमा स्रष्टाहरू** शीर्षकको अन्तर्वार्तासङ्ग्रह २०६४ सालमा प्रकाशन गरे । तेस्रो कृतिका रूपमा **पागलप्रेमी र मेरो देश** कवितासङ्ग्रह २०७१ सालमा छापियो । २०७२ सालमा **सम्झनाको कोलाज** शीर्षको लघुकाव्य प्रकाशित गरे । अहिले भने कोइरालाको अर्को नयाँ कथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.११ सङ्घ-संस्थामा आबद्धता

साहित्यकार सीताराम कोइराला साहित्यिक संघ-संस्थाबाहेक अन्य संघ-संस्थामा त्यति आबद्ध भएका देखिँदैनन् । राजनीति तथा सामाजिक क्षेत्रमा खासै काम गरेको पाइँदैन । उनी अर्बिड इङलिस बोर्डिङ स्कुलको संस्थापक हुन् । त्यस्तै अर्को कल्याणेश्वर मन्दिरको आजीवन सदस्य भएका देखिन्छन् । खास गरी उनी साहित्यका विभिन्न संघ-संस्थामा आबद्ध रहेका छन् ।

उनी **पल्लव** विविध पत्रिकाको सम्पादक हुन् । त्यसतै) कविडाँडा साहित्य समाजको आजीवन सदस्य हुन् भने अभिव्यञ्जना साहित्यिक पत्रिकाको अध्यक्ष पदमा रहेर काम गरेको देखिन्छ । यसरी कोइरालाको विभिन्न साहित्यिक संघ-संस्थामा विभिन्न पदमा रहेर सक्रिय रूपमा साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.१२ यात्रा तथा भ्रमण

नयाँ नयाँ स्थानको अवलोकन गर्न ज्यादै इच्छुक देखिने कोइरालाले कामका सिलसिलामा मलेसियाको भ्रमण गरेका छन् । प्रायः धार्मिक स्थलहरू, ऐतिहासिक भवनहरू,

विभिन्न ठाउँका कला, संस्कृति, भेषभुषा जान्ने बुझ्ने उनको स्वभाव देखिन्छ । मलेसियाको स्वालालम्पुर साआलामबाट पहाट र श्रङ्गवाङ्गदेखि बंगला देशको ढाका र भारतको( दिल्ली, राजस्थानको आयुपर्वत र विहारको गया काशीसमेत भ्रमण गरेका छन् ।

यात्राका क्रममा नेपालभित्रका ठाउँहरूमा पूर्वमा रसुवा, पश्चिममा पोखरा, उत्तरमा गोसाइकुण्ड, पश्चिम बाँकेको नेपालगञ्ज, पूर्वमा काठमाडौं, वीरगञ्ज जस्ता ठाउँहरूको भ्रमण गरेको कोइराला बताउँछन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.१३ अविस्मरणीय घटना

कोइरालाले आफ्ना केही अविस्मरणीय घटनाहरू भएको बताउँछन् । ती घटनाहरूलाई उनले आफ्नो जीवनकालभरि कहिल्यै बिर्सन नसक्ने देखिन्छ ।

जनकपुरको अञ्चल अस्पताल बनाउने क्रममा उनीसहितको टोली त्यहाँ गएको रहेछ । भवन निर्माणको कार्य सुरु हुनुअघि त्यहाँ खाने बस्नेको व्यवस्था हुने भयो । सबै व्यवस्था भयो तर मेसमा खाना बनाउने र भाँडा माज्ने मान्छे कोही पनि भएन अनि त्यहीँ स्थानीय रूपमा एकजना कर्मचारीको खोजी भयो । तत्पश्चात् एकजना महिला आइन् र काम गर्न राजी भइन् । तिनी हँसिली फरासिली थिइन् । पछि थाहा भयो तिनको घरबार बिग्रिएको रहेछ । छोराछोरी माइतमा रहेछन् । माइतीहरू विपन्न वर्गका रहेछन् । भ्यामानन्द चोकको नजिकै कालोपत्रे सडकको छेउमा कसको सानो घरमा तिनको माइतीहरू बसोबास गर्दारहेछन् । तिनको नाम सरिता थियो । तिनी बिहान खाना बनाउन त्यस्तै ७ बजेतिर आउँथिन् र बाह्र बजे मध्यान्हमा फर्किन्थिन् । बेलुका ७ बजे आउँथिन् र १०/११ बजे फर्किन्थिन् । उनले काम सुरु गरेदेखि छ महिनासम्म सबै यथावत् चलिरहेकै थियो । तिनको माइती र छोराछोरी राजीखुसी नै थिए तर त्यहाँको समाजले महिलालाई रातमा काम दिनु गलत दृष्टिकोणले मूल्याङ्कन गऱ्यो । समाजमा गलत समाचारको सम्प्रेषण होला भन्ने डरले कम्पनीले उनलाई जागिर एकमहिना पछि मात्र दिने भन्दै हटायो । जागिरबाट हटेपछि पनि उनी पटक पटक जागिरका लागि धाइरहिन् । एक महिना पुगेपछि एक साँझ उनी र उनको

बाबु दुवै कम्पनीमा आए बाबुको कुपोषणले गर्दा हड्डीमात्रै देखिन्थ्यो । दुवै बाबुछोरीले जागिरको लागि रुँदै अनुनय विनय गरिरहे तर पनि कम्पनीले जागिर दिन नसक्ने निर्णय सुनाएपछि दुवै बाबुछोरी साँझमा रुँदै रुँदे घर फर्किए । आज पनि घटनाले कोइरालाको मस्तिष्कमा धेरै प्रश्नहरू जन्माएको छ ।

यस्तै कोइरालाको अर्को घटना पनि अविस्मरणीय रहेको छ । कोइराला १३/१४ वर्षका थिए होला दशैंमा रातो माटोले घर पोत्ने चलन थियो । उनी पनि रातो माटो लिन घरबाट केही पर वरन्डाभार जङ्गलको नजिक पुगे । त्यो जङ्गलको मुखमा धेरै महिला र पुरुषहरू माटो लिन आएका देखिए । साथै नजिकमा माटो खनेर ठूलठूला ओडार बनेका रहेछन् । उनी पनि पहिलो ओडारमा पसेर माटो खन्न थाले तर उनलाई माटो खन्न दिइएन र उनी बाहिर निस्किए अनि अर्को ओडारमा पसे । त्यो ओडार त पहिलाको भन्दा ठूलो रहेछ र भित्र ठाउँ पनि ठूलो रहेछ । उनले माटो भएर बाहिर निस्कन लाग्दा एकैचोटि ठूलो आवाज आयो । उनी हत्त न पत्त बाहिर निस्किएर निस्कनासाथ बाहिर बसेका मान्छेमा रुवाबासी सुरु भयो हेर्दा त पहिलो ओडार खसेर भित्र बसेका सबै मानछे पुरिएका रहेछन् । क्षणभरमा नै गाउँभरि हल्ला फैलियो । घर घरबाट कुटो कोदालो लिएर मान्छेहरू दौडिएर आएर ओडार खन्न थाले । केही समयपछि मान्छे निकालियो तर सबै बेहोस थिए । ती मान्छेहरू बाँचेकी मरे उनलाई थाहा हुन सकेन । त्यस वर्षदेखि उनी माटो लिन कहिल्यै गएनन् । यी दुईवटा घटना उनको जीवनमा सबभन्दा स्मरणीय घटना हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## **२.१४ जीवनदर्शन**

ब्राह्मणका छोरा आफ्नै बुबा आमाको काखमा जीवन बिताएका सीताराम कोइराला एक आस्तिक व्यक्ति हुन् तर उनी कुनै धार्मिक सम्प्रदायका धर्मभीरुचाहिँ होइनन् । धर्म भनेको कुनै पनि संस्कारलाई आत्मसात् गरी धारण गर्नु हो भन्ने उनको विचार रहेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

कोइराला धर्मकै कारण स्वर्ग, नरक, पापजस्ता भावहरू समाजमा स्थापित भएको मान्दछन् । यो धर्मरूपी अदृश्य डोरीले समाजलाई नैतिकताको गोरेटोदेखि पतन हुनबाट जगेर्ना गरिराखेको छ । समाजलाई सदैव सन्मार्गतर्फ उन्मुख हुन र अभिप्रेरित गरिरहेको छ । उनको मान्यता धर्मको नाउँबाट समाजमा कुनै बाधा बन्धन अथवा कु-संस्कारले ठाउँ लिन दिनु हुँदैन भन्ने देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१५ निष्कर्ष

कुनै पनि व्यक्तिको जन्मदेखि मृत्युसम्म जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । जीवन सबैको एकैनासको हुँदैन । कसैको जीवन भावी पुस्ताका लागि अनुकरणीय हुन्छ भने कसैको जीवन सहानुभूतिको पात्र बनिदिन्छ । भावी पुस्ताका लागि तुलनात्मक रूपमा प्रेरणाका स्रोत बनेका सीताराम कोइरालाको जन्मदेखि हालसम्मको जीवनीपक्षलाई यहाँ अति सङ्क्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

२०२८ साल भाद्र २२ गते पिता रामदत्त कोइराला र माता नारायणीदेवी कोइरालाको कोखबाट चितवनको भरतपुर वडा नं. ५, तोरीखेतमा जन्मेका सीताराम कोइरालाका पिता पुर्खाहरू लमजुङबाट २०१३।१४ सालतिर चितवनमा बसाइँ सरेको बुझिन्छ । प्रा.वि. तहसम्म गाउँकै प्राथमिक विद्यालयमा अध्ययन गरेका कोइरालाले माध्यमिक तहको शिक्षा प्रेमवस्ती मा.वि. बाट पूरा गरे । एस.एल.सी. प्रेमवस्ती मा.वि. बाटै पूरा गरे । त्यसपछि स्नातक तहसम्मको अध्ययन बालकुमारी क्याम्पसमा गरेका हुन् । स्नातक तहसम्मको अध्ययन कार्य गर्दागर्दै उनको पढाइ अधुरै रह्यो ।

जागिरका क्रममा २०५२ सालबाट प्राइभेट जागिर गर्न सुरु गरेका कोइरालाले पहिलो पटक सफारी नारायणी भरतपुरमा कार्य गरेको बुझिन्छ । त्यसपछि फ्रान्स विल्डिङ कन्स्ट्रक्सनमा तीन वर्ष कार्य गरे । लगत्तै यातायात व्यवसायी समिति नारायणगढमा पनि कार्य गरेको बुझिन्छ । जागिरको काम छोडेर उनी एकपटक विदेशतर्फ पनि लागे । मलेसिया चार वर्ष बसेर आएर पुनः आफ्नै देशमा पसिना बगाउन थाले । मलेसिया बसेर आएपछि पुनः उनले जागिरलाई निरन्तरता दिने क्रममा होटल तिरूपति पुल्चोकमा तीन वर्ष

कार्य गरे । होटलमा छोडेपछि तीन महिना जति नेशनल सिटी हस्पिटलमा कार्य गरे । त्यहाँ पनि छोडेर उनी अहिले आइल्याण्ड जङ्गल रिसोर्ट भरतपुरमा कार्यरत छन् ।

२०५२ सालमा कल्पना अधिकारीसँग विवाह भएको हो । उनका सन्तानका रूपमा एक छोरी रहेकी छन् । हाल उनी जन्मस्थान तोरीखेतमा आफ्नो परिवारसहित बसोबास गर्दै आएका छन् । युवा अवस्थामा निकै संघर्ष गरेका कोइराला हाल सुखी र खुसी देखिन्छन् । राजनीतिमा चासो नराख्ने तर प्रगतिशील विचारका साहित्यकार कोइराला समाजमा भएका बेथिति विकृति, विसङ्गति, असमानता र अस्तव्यस्ततादेखि आहत भई समाजका भोका-नाङ्गा, निमुखा, शोषित, पीडित, पिछडिएका वर्गका दुःखलाई नजिकबाट नियाल्दै तिनैका उत्थानका लागि निरन्तर आफ्नो कलम चलाइरहेका छन् । साहित्यले समाजलाई परिवर्तनको बाटो देखाउनुपर्छ र साहित्य मानव हितका लागि हुनुपर्छ भन्ने कोइराला मानवसेवा र धर्तीका श्रमिकको पूजा नै ईश्वरको पूजा हो भन्ने ठान्दछन् । सक्रिय रूपमा विभिन्न साहित्यिक संघ-संस्थामा आबद्ध रहँदै आएका कोइराला समाजका विकृति, विसङ्गति विरुद्ध विद्रोहको स्वर प्रकट गर्ने माध्यम साहित्य सिर्जनामा देख्छन् । मौखिक रूपमा कहीँ-कतै कसैसँग कडा वा क्रुद्ध स्वरले नबोल्ने कोइराला आफ्ना साहित्यमार्फत समाजमा व्याप्त अन्याय, अत्याचार, असमानता, असत्य, खोक्रो आडम्बर, देशको अस्तव्यस्तताका विरुद्ध क्रोधलाई शालीनतापूर्वक प्रकट गर्ने निर्भीक र एक सिद्धहस्त साहित्य साधक हुन् । नेपाली साहित्यका कुशल साहित्य स्रष्टाका रूपमा परिचित भएका कोइराला विभिन्न साहित्यिक संघ-संस्थाहरूमा आबद्ध भइकन आफ्नो साहित्ययात्रालाई बेजोड रूपमा अगाडि बढाइरहेका छन् ।

# परिच्छेद : तीन

# साहित्यकार सीताराम कोइरालाको व्यक्तित्व

# परिच्छेद : तीन

# साहित्यकार सीताराम कोइरालाको व्यक्तित्व

## ३.१ विषयप्रवेश

यस परिच्छेदमा सीताराम कोइरालाको व्यक्तित्वका बारेमा चर्चा गरिएको छ । यसक्रममा उनको बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व आदिका बारेमा चर्चा गरिएको छ । साहित्यिक व्यक्तित्वअन्तर्गत कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, काव्यकार व्यक्तित्व, वार्ताकार व्यक्तित्व र भूमिका लेखक व्यक्तित्वका बारेमा चर्चा गरिएको छ । साहित्येतर व्यक्तित्वअन्तर्गत सम्पादक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, सामाजिक एवं सांगठनिक व्यक्तित्व र राजनैतिक व्यक्तित्व आदिका बारेमा चर्चा गरिएको छ र निष्कर्ष पनि प्रस्तुत गरिएको छ ।

## ३.२ व्यक्तित्वका आयाम

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण, व्यक्तिको निजीपन वा व्यक्तिले आफूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषतालाई व्यक्तित्व भनिन्छ (पोखरेल, २०५८ : ११७५) ।

कुनै पनि व्यक्तिको व्यक्तित्व जीवन भोगाइका क्रममा देखापरेका सामान्य एवम् असामान्य स्थितिबाट निर्माण भएको हुन्छ । व्यक्तित्व निर्माणलाई धेरै कुराहरूले प्रभाव पारेको हुन्छ । समाज, परिवार, संस्कृति, शिक्षा, साहित्य आदि कुराले व्यक्तित्व निर्माणका लागि ठूलो भूमिका खेलेको हुन्छ ।

यहाँ व्यक्तित्वका आयामअन्तर्गत कोइरालाको आन्तरिक र बाह्य व्यक्तित्वका बारेमा चर्चा गरिएको छ ।

### ३.२.१ बाह्य/शारीरिक व्यक्तित्व

सीताराम कोइरालाको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि सुहाउँदो देखिन्छ । उचाइ साढे पाँच फिट, तौल ४७ किलो, गोरो वर्ण, बाटुलो अनुहार, उज्यालो र

हँसिलो मुखमण्डल केही चिन्तन गरिरहेजस्तो मुखाकृति देखिन्छ । कोइराला कसैसँग अन्याय अत्याचारका निम्ति प्रतिकार नगर्ने वा नमिठो बोलेर नचिढाउने, उच्च मनोबल भएका, देखेका कुरा नढाँटी बोल्ने, लोलोपोती गर्न नचाहने, विचार गरेर बोल्ने अन्तर्मुखी स्वभावका मिलनसार व्यक्ति हुन् । उनले आफ्नो साहित्यमार्फत शोषणरहित, उत्पीडनरहित सार्वभौम, स्वतन्त्र, समानतायुक्त समाजको समृद्धिको चाहना गर्दै आफूले देखेका र भोगेका कुराहरूलाई स्पष्टरूपमा अभिव्यक्ति दिएका छन् ।

यिनै कुराहरूले गर्दा उनको बाह्य व्यक्तित्वलाई पनि आकर्षक बनाएको देखिन्छ ।

## ३.२.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तित्वभित्र अन्तर्निहित गुण, प्रतिभा वा व्यक्तिमा निहित विशिष्टतालाई त्यस व्यक्तिको आन्तरिक व्यक्तित्व भनिन्छ । कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनको उतारचढाव, क्रिया प्रतिक्रिया र जीवन भोगाइमा निर्भर रहन्छ । व्यक्तिको व्यक्तित्व राजनैतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा आवश्यक हुन्छ ।

कोइरालाको समस्त व्यक्तित्वको अध्ययन गर्दा उनको व्यक्तित्व बहुमुखी देखिन्छ । कोइरालाले नेपाली साहित्यको श्रीवृद्धि, समाजसेवा र राष्ट्रोन्नतिमा के-कति योगदान दिएका छन् भन्ने कुरा बुझ्न उनको जीवनका विभिन्न पाटाहरूको अध्ययन गर्नुपर्ने हुन्छ । उनका आन्तरिक व्यक्तित्वका पाटाहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गरिएको छ । साहित्यिक पक्षमा उनको कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, काव्यकार व्यक्तित्व, वार्ताकार व्यक्तित्व र भूमिकालेखक व्यक्तित्व गरी विविध व्यक्तित्वका बारेमा प्रकाश पारिएको छ । त्यस्तै साहित्येतर पक्षमा सम्पादक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, सामाजिक तथा साङ्गठनिक व्यक्तित्व र राजनैतिक व्यक्तित्वका बारेमा अध्ययन गरिएको छ ।

### ३.२.२.१ साहित्यिक व्यक्तित्व

सीताराम कोइराला नेपाली साहित्यको साधनामा किशोरावस्थादेखि नै गहिरो अभिरुचि भएका व्यक्तित्व हुन् । सानै उमेरदेखि कविता लेख्न थालेका कोइरालाले २०४७ सालमा 'हामी सम्भिmरहन्छौं' शीर्षकको कविता **नौलो राँको** पत्रिकामा प्रकाशित गरेर औपचारिक रूपमा साहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् । त्यसपछि उनले फुटकर रूपमा कथा, कविता, निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गर्दै आएको देखिन्छ । उनले २०५२ सालदेखि नै **पल्लव** साहित्य विविध पत्रिकाको पनि सम्पादन कार्य गरेका छन् । प्रकाशनका दृष्टिले २०४७ सालदेखि नै निरन्तर साहित्य साधनामा लागेका कोइरालाको साहित्यिक यात्रा क्रमशः गतिशील बन्दै अघि बढेको देखिन्छ । उनका साहित्यिक रचनाहरू फुटकर रूपमा **वागीश्वरी, मारुनी, पल्लव, अभिव्यञ्जना, सम्प्रेषण, चितवनपोष्ट** आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् ।

त्यसै गरी पुस्तकाकार कृतिका रूपमा प्रकाशित उनका कृतिहरू **अनर्थ** (२०६२) कथासङ्ग्रह, **संवादमा स्रष्टाहरू** (२०६४) अन्तर्वार्तासङ्ग्रह, **पागलप्रेमी र मेरो देश** (२०७१) कवितासङ्ग्रह र **सम्झनाको कोलाज** (२०७२) लघुकाव्य गरी चारवटा पुस्तकहरू प्रकाशित भएका छन् । यसर्थ चारवटा कृतिका स्रष्टा कोइराला अविराम साधना गर्ने विशिष्ट साहित्यिक प्रतिभाका रूपमा देखापरेका छन् ।

#### क) कवि व्यक्तित्व

सीताराम कोइरालाले २०४३ सालदेखि नै कविता लेख्न सुरु गरेको भए पनि २०४७ सालमा 'हामी सम्भिmरहन्छौं' शीर्षकको कविता **नौलो राँको** पत्रिकामा छपाएपछि उनको औपचारिक साहित्यिक यात्रासँथै कवितायात्रा पनि आरम्भ भएको हो । उनको कवि व्यक्तित्वलाई चिनाउने कविताकृतिमध्ये हालसम्म एउटैमात्र पुस्तकाकार कृति **पागलप्रेमी र मेरो देश** (२०७१) कवितासङ्ग्रह प्रकाशित भएको छ । यी बाहेक उनका फुटकर कविताहरू विभिन्न समयमा **मारुनी, पल्लव,**

**वागीश्वरी** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् ( शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

उनका कविताकृतिहरूको अध्ययन गर्दा उनी समसामयिक चेतनाका कविका रूपमा देखापर्दछन् । उनी स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धारामा आधारित भएर विद्रोह र विसङ्गतिवादी दृष्टिकोण प्रयोग गर्ने मूलतः गद्य कवि हुन् ।

उनका कवितामा भाषिक सरलताभित्र थुप्रै बिम्ब प्रतीकको कलात्मकता रहेको पाइन्छ । लघु, मध्यम र लामा आकारका रचनाका रूपमा उनका कवितालाई वर्गीकरण गर्न सकिन्छ ।

### ख) कथाकार व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाएका सीताराम कोइरालाका फुटकर रूपमा प्रकाशित थुप्रै कथाहरू छन् । विभिन्न पत्रपत्रिकाहरूमा उनका कथाहरू प्रकाशित भएका छन् । वृत्तपरिचय, राजसाहेब उडान, जङ्गली साथी, ती जापानी केटी आदि कथाहरू **पल्लव, वागीश्वरी, अभिव्यञ्जना**जस्ता स्थानीय पत्रिकाहरूमा प्रकाशित भएका छन् । कोइरालाले २०४८ सालबाट कथा लेख्न सुरु गरेका हुन् । उनको पुस्तकाकार कृतिका रूपमा **अनर्थ** (२०६२) कथासङ्ग्रह प्रकाशित भएको छ भने उनको कथासङ्ग्रह प्रकाशोन्मुख छ । **अनर्थ** कथासङ्ग्रहभित्र जम्मा सत्रवटा कथाहरूलाई समावेश गरेका छन् । उनका कथाहरूमा समाजका विकृति र विसङ्गतिहरू समेटेर समाजलाई सकारात्मक सन्देश प्रवाह गर्न खोजिएको पाइन्छ । बिम्ब र प्रतीकका पारखी कोइरालाका कथामा विषयवस्तु छरपस्ट रहेका छन् । उनका कथाहरू फ्रायडवाद र यथार्थवादमा केन्द्रित भएर लेखिएका छन् ।

कोइरालाले फुटकर रूपमा धेरै कथाहरू लेखेका छन् भने कृतिका रूपमा एउटा मात्र कथासङ्ग्रह प्रकाशन गर्न सफल भएका छन् । अर्को कथासङ्ग्रह

प्रकाशन गर्ने तयारीमा छन् । यसप्रकार उनको कथाप्रतिको मोह तथा योगदानको उच्च कदर गर्न सकिन्छ ।

## ग) काव्यकार व्यक्तित्व

सीताराम कोइराला लघुकाव्यकार व्यक्तित्व पनि हुन् । साहित्यका विविध विधामा कलम चलाएर बहुआयामिक व्यक्तित्वका रूपमा चिनिन सफल कोइरालाले पुस्तकाकार कृतिका रूपमा **सम्झनाको कोलाज** शीर्षकको लघुकाव्य प्रकाशित गरेर आफूलाई काव्यकार व्यक्तित्वका रूपमा चिनाउन सफल भएका छन् । २०७२ सालमा प्रकाशन भएको प्रस्तुत लघुकाव्य **सम्झनाको कोलाज**मा जम्मा पन्ध्रवटा शीर्षकमा कविताहरू संरचित छन् ।

**४० दिनभित्र** (२०७१ जेष्ठ २८ - श्रावण ८) मा कृति लेखेर सकेका कोइरालाले **सम्झनाको कोलाज** वास्तवमा एउटा लामो कविता हो, एउटै कवितामा एउटा लघुकाव्य प्रकाशनमा ल्याउनुको सट्टा केही शीर्षकहरूको छनोट गरेर प्रकाशन गर्न उपयुक्त लागेको कुरा अभिव्यक्त गरेका छन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

कोइरालाले प्रस्तुत लघुकाव्यमा प्रेमको चिराग, मौसमी यादहरू र उपसंहारजस्ता शीर्षकहरू दिएर प्रेमको कोलाज अनुराधा पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् ।

## घ) अन्तर्वार्ताकार व्यक्तित्व

सीताराम कोइराला वार्ताकार व्यक्तित्व पनि छन् । **अभिव्यञ्जना** साहित्यिक पत्रिकाको पाँचौँ अङ्कमा फुटकर रूपमा एउटा मात्र अन्तर्वार्ता साहित्यकार हरिहर सबिताका बारेमा छापिएको छ ।

पुस्तकाकार कृतिका रूपमा **संवादमा स्रष्टाहरू** शीर्षको अन्तर्वार्तासङ्ग्रह प्रकाशित भएको छ, जसमा विभिन्न व्यक्तित्वहरूको बारेमा गरिएका प्रश्नहरू सहितको १९ वटा अन्तर्वार्ताहरू प्रस्तुत गरिएको छ ।

सीताराम कोइराला साहित्यका विविध विधाका कथा, कविता, लघुकाव्य, निबन्ध, अन्तर्वार्ताकार व्यक्तित्वका रूपमा चिनिएका छन् । विभिन्न पुस्तक तथा पत्र-पत्रिकाहरूमा प्रकाशित कविता, कथा, निबन्ध, अन्तर्वार्ता तथा लेखहरू पनि विभिन्न समयमा प्रकाशित भएका देखिन्छन् । यसकारण सीताराम कोइरालालाई बहुआयामिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

**ङ) भूमिकाकार व्यक्तित्व**

भूमिकाले कृतिमा लेखिएका कुराको सामान्य जानकारी प्रदान गर्दछ । सीताराम कोइरालाले त्यति धेरै कृतिहरूको बारेका भूमिका लेखेका छैनन् । उनले उपन्यासकार रामबाबु घिमिरेद्वारा लिखित **रित्तो आकाश** उपन्यासमा 'चितवनको प्रथम उपन्यास र उपन्यासकार' शीर्षकमा एउटा मात्र भूमिका लेखेका छन् । उनले **रित्तो आकाश** शीर्षकको उपन्यासका बारेमा अत्यन्त सुन्दर शब्द शैयामा समीक्षात्मक भूमिका लेखेका छन् । यसप्रकार कोइरालाले पहिलोपटक **रित्तो आकाश**को समीक्षात्मक भूमिका लेखेर भूमिकाकार व्यक्तित्वका रूपमा उदाएका छन् । यसप्रकार कोइरालाका मुख्य विधाहरू कथा, कविता, लघुकाव्य, अन्तर्वार्ता इत्यादि भए पनि उनी वर्तमान पहिलो पटक भूमिका लेखक व्यक्तित्वका रूपमा पनि चिनिएका छन् ।

## ३.२.२.२ साहित्येतर व्यक्तित्व

साहित्यिक गतिविधिका अतिरिक्त समाज वा राष्ट्रका लागि व्यक्तिबा गरिएका विविध क्रियाकलापहरूसमेत त्यस व्यक्तिको व्यक्तित्वका परिचायक पनि हुन्छन् । यहाँ सीताराम कोइरालाका साहित्येतर व्यक्तित्वसम्बन्धी विविध पाटाहरूको चर्चा गरिन्छ ।

**क) पत्रकार तथा सम्पादक व्यक्तित्व**

राज्यको चौथो अङ्ग मानिने पत्रकारिताले पाठक वर्गलाई सूचनामूलक, सुरुचिपूर्ण सामग्रीको आस्वादन गराउँछ । युगानुकूल सिर्जना गरिएका विविध

सामग्री प्रदान गर्न पत्रिकाको सम्पादकमा सचेतता अनिवार्य हुनुपर्छ । यस्तै विभिन्न पत्रपत्रिकाहरूमा काम गर्दै आइरहेका कोइरालाको पत्रकार व्यक्तित्व पनि उच्च रहेको देखिन्छ । २०५२ सालदेखि **पल्लव** साहित्य विविध पत्रिकाको संस्थापक भई सम्पादन गर्दै आएका कोइरालाले **अभिव्यञ्जना** साहित्यिक पत्रिकाको अध्यक्ष पनि भएका छन् । कविडाँडा साहित्य समाजको सदस्य भएर कार्य गरेका छन् । यसरी विभिन्न क्षेत्रमा पत्रकारिता तथा सम्पादन कार्यका क्षेत्रमा पुऱ्याएको योगदानबाट कोइरालाको पत्रकार तथा सम्पादक व्यक्तित्व उच्च रहेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

यसरी हेर्दा सीताराम कोइरालाले प्रशासनिक क्षेत्रमा कार्य गरेर महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

**ग) सामाजिक एवं साङ्गठनिक व्यक्तित्व**

साहित्यकार सीताराम कोइरालाको सामाजिक भन्दा साङ्गठनिक व्यक्तित्व बलियो रहेको छ । उनले कल्याणेश्वर महादेव मन्दिरको आजीवन सदस्य भएर कार्य गरेका छन् ।

कोइराला खास गरी साहित्यका क्षेत्रमा विभिन्न संघ संस्थामा आबद्ध रहँदै आएका छन् । उनी पल्लव साहित्य विविध पत्रिकाको संस्थापक साथै सम्पादक भएर कार्य गरेका छन् । त्यस्तै अभिव्यञ्जना साहित्यिक पत्रिकाको अध्यक्ष र कविडाँडा साहित्य समाजको सदस्य भएर कार्य गरेका छन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

यसरी कोइरालाले साहित्यका विभिन्न सङ्गठनमा विभिन्न पदमा रहेर सक्रिय भूमिका निभाउँदै आएको देखिन्छ ।

### ३.२.२.३ निष्कर्ष

सीताराम कोइरालाको जीवनका विविध पाटाहरूलाई केलाउँदा ४१ वर्षको प्राप्ति वा उपलब्धिहरू संघर्षपूर्ण एवं महत्त्वपूर्ण देखिन्छ । उनका बाह्य व्यक्तित्वका साथै आन्तरिक

व्यक्तित्व पनि चम्किलो छ । राष्ट्रप्रति गहिरो चिन्तन गर्ने, जनताका दुःख, पीडा, रोदन, क्रन्दनलाई सूक्ष्मरूपमा केलाउने, विकृति र विसंगतिको विद्रोह गर्ने निराशाका बीच पनि आशावादी बन्न चेतना जगाउने बहुमुखी प्रतिभा सम्पन्न तथा सफल कविका रूपमा उनी चिनिन्छन् । उनको साहित्यिक व्यक्त्रित्वका रूपमा कथाकार व्यक्तित्व, वार्ताकार व्यक्तित्व, कवि व्यक्तित्व, लघुकाव्यकार व्यक्तित्व र भूमिका लेखक व्यक्तित्वमध्ये उनको कथाकार व्यक्तित्व नै उच्च रहेको पाइन्छ । यस्तै गरी उनको साहित्येतर व्यक्तित्वअन्तर्गत पत्रकार तथा सम्पादक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, सामाजिक एवं सांगठनिक व्यक्रित्व आदिमा सम्पादक व्यक्तित्व नै उनको प्रमुख परिचायक व्यक्तित्वका रूपमा देखापरेको छ ।

समग्रमा उनी कथाकार, वार्ताकार, कवि, लघुकाव्यकार, साहित्यिक पत्रकार, सम्पादक, प्रशासनिक आदि बहुआयामिक व्यक्तित्वका धनी भए पनि उनी मूलतः कथाकार व्यक्तित्व हुन् । यसर्थ सीताराम कोइराला आफ्ना साहित्यिक कृतिहरू लेखेर नेपाली साहित्यिक यात्रामा निरन्तर अघि बढेको देखिन्छ ।

यसप्रकार सीताराम कोइरालामा सामान्यतया समालोचकीय व्यक्तित्व पनि देखापर्दछ । उनले छुट्टै कृतिका बारेमा समालोचना त गरेका छैनन् तर आफ्नो अन्तर्वार्तासङ्ग्रह **संवादमा स्रष्टा**भित्र १९ जना व्यक्तिसँग गरिएको अन्तर्वार्ताको अगाडि प्रत्येक व्यक्तित्वका बारेमा समालोचकीय टिप्पणी भने प्रस्तुत गरेका छन् । यसप्रकार कोइरालालाई अन्य विविध व्यक्तित्वका साथसाथै समालोचक व्यक्तित्वका रूपमा पनि चिन्न सकिन्छ ।

# परिच्छेद : चार

# साहित्यकार सीताराम कोइरालाका कृतिहरूको विश्लेषण

# परिच्छेद : चार

# साहित्यकार सीताराम कोइरालाका कृतिहरूको विश्लेषण

## ४.१ विषयप्रवेश

साहित्यकार सीताराम कोइराला विविध विधामा कलम चलाएका बहुमुखी प्रतिभा भएका व्यक्तित्व हुन् । उनले कथा, कविता, लघुकाव्य, अन्तर्वार्ताजस्ता विविध विधामा कलम चलाएका छन् । ती कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित भएका छन् । **अनर्थ** (२०६२) कथासङ्ग्रह कोइरालाको पुस्तकाकार रूपमा प्रकाशित भएको पहिलो कृति हो । जम्मा ६४ (चौसट्ठी) पृष्ठको प्रस्तुत कथासङ्ग्रहमा विभिन्न आयामका सत्रवटा कथाहरू सङ्कलित छन् । त्यस्तै उनको दोस्रो प्रकाशित पुस्तकाकार कृति **संवादमा स्रष्टाहरू** (२०६४) अन्तर्वार्तासङ्ग्रह हो । यो सङ्ग्रह एक सय बैसठ्ठी पृष्ठमा संरचित छ र विभिन्न आयामका उन्नाइसवटा अन्तर्वार्ताहरू समावेश गरिएका छन् । कोइरालाको प्रकाशित तेस्रो कृति **पागलप्रेमी र मेरो देश** (२०७१) कवितासङ्ग्रह हो । यो कृति एक सय अठ्ठाइस पृष्ठमा संरचित छ र यसमा ३९ वटा कविताहरू सङ्कलित छन् । कोइरालाको प्रकाशित चौथो कृति **सम्झनाको कोलाज** (२०७२) लघुकाव्य हो । यो कृति एक सय सात पृष्ठमा संरचित छ । यस काव्यमा कविले कविताहरू १५ वटा शीर्षक दिएर लघु आकारका काव्यका रूपमा तयार पारेका छन् । यहाँ यिनै कृतिहरूको विधातत्त्वका आधारमा विवेचना गरिएको छ ।

## ४.२ 'अनर्थ' कथासङ्ग्रहको विश्लेषण

प्रस्तुत **अनर्थ** कथासङ्ग्रह सीताराम कोइरालाको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यस कथासङ्ग्रहभित्र *ओथारो, नयाँ लोग्ने, अनर्थ, खेलौनाको गोडा, गन्ध, जया, सम्बन्धविहीन सम्बन्ध, जाल र जालहरू, अनिणित निर्णय, शशीको चिठी, शङ्का, रेखाविहिन नक्सा, अधरकुमारी, सरिता, रिस, ज्वाला र लिली* गरी जम्मा सत्रवटा कथाहरू समावेश

गरिएको छ । यी कथाहरूलाई शीर्षक, संरचना, कथाहरूको मुख्य कथ्य, पात्रविधान, भाषाशैली, दृष्टिबिन्दु, परिवेश आदि विभिन्न शीर्षकहरूमा अध्ययन गरिएको छ ।

### ४.२.१ शीर्षक

कुनै लेख, रचना, ग्रन्थ आदिको नामलाई शीर्षक भनिन्छ (अधिकारी र भट्टराई, २०६३ : ९४२) । प्रस्तुत **अनर्थ** कथासङ्ग्रहमा कथाकारले ओथारो, नयाँ लोग्ने, अनर्थ, खेलौनाको गोडा, गन्ध, जया, सम्बन्धविहीन सम्बन्ध, जाल र जालहरू, अनिर्णित निर्णय, शशीका चिठी, शङ्का, रेखाविहिन नक्सा, अधरकुमारी, सरिता, रिस, ज्वाला र लिली गरी जम्मा सत्रवटा कथाहरूलाई विविध शीर्षक दिएर समावेश गरेका छन् ।

**अनर्थ** कथासङ्ग्रहभित्रको पहिलो कथालाई कथाकारले *ओथारो* शीर्षक दिएका छन् । प्रस्तुत कथामा एकजना अजय नाम गरेको व्यक्ति यौवनको उमङ्ग हराएर कोठाभित्र मात्रै बसिरहने बाहिर निस्कन नखोज्ने भएकोले ओथारोको संज्ञा दिएका छन् । यसप्रकार ओथारो बसेको कुखुराजस्तै अजयको क्रियाकलाप पनि त्यस्तै भएकोले प्रस्तुत कथाको शीर्षक *ओथारो* सार्थक भएको छ ।

*नयाँ लोग्ने* **अनर्थ** कथासङ्ग्रहभित्रको दोस्रो कथा हो । प्रस्तुत कथामा युवावस्थामा विवाह गरेको लोग्नेलाई छोडेर वृद्धावस्थामा अर्को नयाँ लोग्नेसँग विवाह गरेको हुनाले प्रस्तुत *नयाँ लोग्ने* कथाको शीर्षकविधान उपयुक्त देखिएको छ । *अनर्थ* शीर्षकको कथा तेस्रो कथा हो । प्रस्तुत कथामा युवक र युवतीबिच गहिरो प्रेम हुँदाहुँदै आवेगमा आएर बन्द कोठाभित्र युवतीले युवकको घाँटी अँठ्याएर मारेपछि होसमा आएर के अनर्थ हुनगयो भन्ने प्रसङ्ग जोडिएको हुँदा यस कथाको शीर्षक उचित देखिएको छ । *खेलौनाको गोडा* **अनर्थ** कथासङ्ग्रहको चौथो कथा हो । यस कथामा सक्कली गोडाको प्रत्यारोपण गरी नक्कली गोडा अथवा खेलौनाको गोडा हालेको हुँदा प्रस्तुत कथाको शीर्षकविधान उचित देखिएको छ । *गन्ध* पाँचौं कथा हो । यहाँ सङ्कटकालको बेलामा मानिसहरूमा सन्त्रासको गन्ध फैलिएको कुरालाई कथाकारले अभिव्यक्त गरेका हुँदा प्रस्तुत कथाको शीर्षक *गन्ध* उपयुक्त देखिएको छ । *जया* **अनर्थ** कथासङ्ग्रहको छैठौं कथाअन्तर्गत पर्दछ । यस कथामा विपन्न

वर्गमा हुर्किएकी एकजना केटीको प्रसङ्ग जसको नाम जया हो । उसैको दुःखदायी घटनालाई समावेश गरिएको हुँदा प्रस्तुत कथाको शीर्षक *जया* उपयुक्त देखिएको छ । *समबन्धविहिन सम्बन्ध* सातौँ कथा हो । एक जना नाता नजोडिएको व्यक्तिसँग सम्बन्ध जोडिएको हुँदा प्रस्तुत कथाको शीर्षक *सम्बन्धविहित सम्बन्ध* शीर्षक उपयुक्त मानिएको छ । *जाल र जालहरू* **अनर्थ** कथासङ्ग्रहको आठौँ कथा हो । यहाँ जाल र जालहरू भन्नाले नेपालीहरू विदेशी भूमिमा गएर त्यहाँको बन्दी घेराभित्र रहनु परेको बम तथा गोलीको सिकार हुनु परेको विवशतालाई सङ्केत गरिएको हुँदा *जाल र जालहरू* कथाको शीर्षकविधान उपयुक्त मानिएको छ ।

*अनिर्णित निर्णय* **अनर्थ** कथासङ्ग्रहको नवौँ नम्बरको कथा हो । एउटा जवान युवती घर परिवारले विवाह गर्नुपर्छ भनेर गरेको निर्णयलाई अस्वीकार गर्नु र अन्त्यमा एक जना युवकले तपाईले विवाह गर्नुपर्छ भनेर गरेको निर्णयलाई सम्भनु आदि कुराहरूको प्रस्तुत कथाको शीर्षकविधान उचित देखिएको छ । *शशीको चिठी* दसौँ कथा हो । यस कथामा शशी गाउँबाट हराएकी हुन्छे र छ महिनापछि उसले घर चिठी पठाउँछे र गाउँलेहरू सबैलाई शशी बम्बैमा बेचिएको कुरा थाहा हुन्छ । यसप्रकार *शशीको चिठी* शीर्षक उपयुक्त छ । *शङ्का* एघारौं कथा हो । यहाँ नेपालमा संघे युद्ध र आतङ्क मचिएको कारणले गर्दा दोस्रो युद्धविराम भएपछि पनि पुनः युद्ध हुँदैन भन्ने कुरामा शङ्का उत्पन्न भएको कुरालाई कथाकारले अभिव्यक्त गरेको हुँदा प्रस्तुत कथाको शीर्षकविधान सार्थक देखिएको छ । *रेखाविहिन नक्सा* बाह्रौ कथा हो । यस कथामा देशमा भएको युद्ध आतङ्कले विदेश जान बाध्य हुनु र त्यहाँ पनि युद्ध भएको कारण आफ्नो देशको कल्पना गरेर रेखाविहिन नक्सा कोर्दै प्राण उत्सर्जन गरेको कथालाई प्रस्तुत गरिएको हुँदा *रेखाविहिन नक्सा*को शीर्षक उचित देखिन्छ । *अधरकुमारी* कथा तेह्रौं कथा हो । यहाँ कथाकारले शेलु नाकाकी पात्रका मनमा अनेक तरङ्ग आएका र आफू को हो भन्ने समेत थाहा नपाएको र पछि आफू आत्मा भउको कुरालाई अभिव्यक्त गरेका छन् । यसप्रकार *अधरकुमारी* कथाको शीर्षक विधान त्यति मिलेको देखिँदैन । *सरिता* चौधौँ कथा हो । यस कथाकी पात्र सरिता हुन्छ । जसले घरपरिवारको खर्च चलाउनका लागि आफ्नो अस्तित्त्वसमेत लुटाउन बाध्य भएको कुरालाई

कथाकारले व्यक्त गरेको हुँदा प्रस्तुत कथाको शीर्षकविधान मिलेको देखिन्छ । *रिस* **अनर्थ** कथासङ्ग्रहको पन्ध्रौँ कथा हो । यहाँ एक जना युवती जो एक युवकलाई आत्मैदेखि मन पराएकी तर उसले त्यस युवकको व्यवहार देख्दा साह्रै रिस उठ्ने गरेको प्रसङ्गलाई कथाकारले अभिव्यक्त गरेका गरेका छन् । यसप्रकार शीर्षकविधान सार्थक देखिन्छ । *ज्वाला* सोह्रौँ कथा हो । यस कथाको शीर्षक त्यति उपयुक्त देखिँदैन । *लिली* **अनर्थ** कथासङ्ग्रहको सत्रौँ तथा अन्तिम कथा हो । यस कथामा *लिली* नाम गरेकी पात्र हुन्छे । एक जना युवक अछुत जातकी केटी लिलीसँग प्रेम गरेको र घरपरिवारले लिलीसँग विवाह गर्न नदिएको कारण रमेशले मृत्युवरण गर्न पुगेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यसप्रकार शीर्षकविधान पनि उपयुक्त रहेको छ ।

**अनर्थ** कथासङ्ग्रहका कथाहरूलाई हेर्दा सामाजिक यथार्थको परिप्रेक्ष्य, जीवनका अनुभूतिको सन्दर्भ, जीवन भोगाइको प्रतिबिम्ब, वैयक्तिक मनोरचना र मनोग्रन्थी, यौनिक सन्दर्भको तरलता, प्रणयराग, अनुराग र विराग, मनोविश्लेषणबाट व्यक्तिमनको उत्खनन आदि कुराहरू झल्किएको पाइन्छ । यिनै कुराहरूलाई समावेश गरी घटनाप्रधान कथा तयार गरिएको छ । जीवनमा घटेका घटनाहरू जे नहुनु थियो त्यो भएको कुरालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको हुँदा कृतिको शीर्षक **अनर्थ** सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.२.२ संरचना

विभिन्न अवयव र घटकहरूको पारम्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ट अस्तित्त्वलाई संरचना भनिन्छ । संरचना दुई प्रकारका हुन्छन्, जसमा बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ । **अनर्थ** कथासङ्ग्रह संरचनात्मक रूपले हेर्दा विभिन्न आयामका सत्रवटा कथाहरू सङ्कलित भएको जम्मा चौसट्ठी पृष्ठको मध्यम आकारको कृति हो । प्रस्तुत कृति २०६२ सालमा स्वयंले प्रकाशन गरेको पाइन्छ । कथासङ्ग्रहको अग्रभागमा *प्रकाशकीय* त्यसपछि *अनर्थभित्रका उपकरणको अन्तर्वस्तु* शीर्षकमा लक्ष्मणप्रसाद गौतमले समीक्षा प्रस्तुत गरेका छन् । कथाकार स्वयंले *आफ्ना कथाको अन्तर्कथा* शीर्षकमा आफ्नो भनाइ व्यक्त गरेका छन् । त्यसपछि कथाक्रम सुरु हुन्छ । यसप्रकार यसको बाह्य आवरण निर्माण भएको छ ।

कोइरालाका कथाहरू त्यति लामा छैनन् प्रायः कथाहरू छोटा नै छन् । *ओथारो* शीर्षकको कथा पहिलो कथा हो । संरचनात्मक दृष्टिले हेर्दा यो कथा जम्मा तीन पृष्ठमा संरचित छ र अनुच्छेद जम्मा तेह्रवटा रहेका छन् । *नयाँ लोग्ने* दोस्रो कथा हो । यस कथा चार पृष्ठमा संरचित छ भने सत्रवटा अनुच्छेद रहेको छ । *अनर्थ* शीर्षकको कथा तेस्रो कथा हो । यो कथा पाँच पृष्ठमा लेखिएको छ भने यसमा अनुच्छेदहरू बाइसवटा रहेका छन् । *खेलौनाको गोडा* चौथो कथा हो । यो पनि चार पृष्ठमा नै रचिएको छ । यसमा अनुच्छेदहरू छोटा छोटा २९ वटा रहेका छन् । *गन्ध* पाँचौं कथा हो । यो जम्मा दुई पृष्ठमा रचना गरिएको छ भने अनुच्छेदहरू आठवटा रहेका छन् । *जया* छैठौं कथा हो । यो चार पृष्ठमा रचना गरिएको छ भने अठ्ठारवटा अनुच्छेदहरू रहेका छन् । *सम्बन्धविहिन सम्बन्ध* सातौं कथा हो । यो जम्मा तीन पृष्ठमा संरचित छ भने अनुच्छेदहरू पन्ध्रवटा रहेका छन् ।

*जाल र जालहरू* तीन पृष्ठमा रचिएको छ । यो कथा चिठीको रूपमा रहेको छ । यसमा जम्मा एघारवटा अनुच्छेदहरू रहेका छन् । *अनिर्णित निर्णय* जम्मा तीन पृष्ठमा रचना गरिएको छ । यसमा अनुच्छेदहरू दशवटा रहेका छन् । *शशीको चिठी* जम्मा तीन पृष्ठको रहेको छ भने एघारवटा अनुच्छेदहरू रहेका छन् । *शङ्का* शीर्षकको कथा जम्मा दुई पृष्ठमा संरचित छ । यसमा नौवटा अनुच्छेदहरू रहेका छन् । *रेखाविहिन नक्सा* चार पृष्ठमा संरचित छ । यसमा चौधवटा अनुच्छेदहरू रहेका छन् । *अधरकुमारी* शीर्षकको कथा तीन पृष्ठमा संरचित छ भने तेह्रवटा अनुच्छेदहरू रहेका छन् । *सरिता* शीर्षकको कथा अत्यन्त छोटो आयामका रूपमा जम्मा दुई पृष्ठमा संरचित छ । अनुच्छेदहश्ररु आठवटा रहेका छन् । *रिस* शीर्षकको कथा पनि दुई पृष्ठको नै छ र एघारवटा अनुच्छेद रहेका छन् । *ज्वाला* शीर्षकको कथा पाँच पृष्ठमा संरचित छ र बीसवटा अनुच्छेदहरू रहेका छन् । *लिली* **अनर्थ** कथासङ्ग्रहको अन्तिम कथा हो । यो कथा जम्मा तीन पृष्ठमा रचना गरिएको छ । अनुच्छेदहरू एघारवटा रहेका छन् ।

यसप्रकार कोइरालाका कथाहरू अत्यन्त छोटा आयामका रूपमा रचना गरिएको भए पनि अत्यन्त रोचक र मार्मिक रहेका छन् ।

## ४.२.३ कथाहरूको मूलकथ्य

**अनर्थ** कथासङ्ग्रहभित्र जम्मा सत्रवटा कथाहरू सङ्ग्रहीत छन् । ती कथाहरूको मुख्य कथ्यलाई सङ्क्षेपमा यसप्रकार प्रस्तुत गरिएको छ ।

*ओथारो* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको पहिलो कथा हो । यहाँ कथाकारले सामाजिक विसङ्गतिबोध र वैयक्तिक पीडाको साधारणीकरण गरेका छन् । एउटा जागिरको अभावमा घरपरिवारको आवश्यकता पुऱ्याउन नसक्नुको विवशताले ओथारो बसेको कुखुराझैँ घरको कोठाबाट बाहिर ननिस्कनुको विवशता कथाकारले उल्लेख गरेका छन् । *नयाँ लोग्ने* कथामा कथाकारले शाश्वत प्रणयचेतनाको आकस्मिक कार्यव्यापार प्रस्तुत गरेका छन् । पहिला मनपराएको व्यक्तिसँग विवाह नभई अर्को व्यक्तिसँग विवाह गर्नु र बुढेसकालमा पुनः त्यही मनपराएको व्यक्तिसँग विवाह भएको हुँदा शाश्वत प्रणयराग दर्सिएको छ । *अनर्थ* यौवनको आवेगमा आएर बेहोसीमा आफ्नो प्रेमीको अवस्था मरणासन्न हुनुले नारी यौनावेगको सशक्त प्रस्तुति र यौनावेगजन्य विडम्बनालाई कथाकारले बेजोडरूपमा दर्साएका छन् । *खेलौनाको गोडा*मा कथाकारले एकजना व्यक्तिको सक्कली खुट्टा बेहोस अवस्थामा प्रत्यारोपण गरेको कुरालाई लिएर राजनीतिक एवं प्रशासनिक विकृतिको यथार्थ स्वरूपको चित्रण गरेका छन् ।

*गन्ध* शीर्षकको कथामा कथाकारले सङ्कटकालीन अवस्थामा देखापरेको सन्त्रासको गन्धको परिवेशलाई गन्धबिम्बका माध्यमबाट चित्रण गरेका छन् । *जया* शीर्षकको कथामा कथाकारले एकजना अबोध बालिका जसको पढ्ने चाहना बल्लतल्ल पूरा हुन लागेको अवस्थामा उसका बुबाआमाको हत्याको घटना हुनुले बालमनोविज्ञानको सन्दर्भबाट यथार्थ अभिव्यक्ति दिएका छन् । *सम्बन्धविहिन सम्बन्ध* शीर्षकको कथामा कथाकारले नारी संवेदनाको तीवतम अनुभूतिको प्रस्तुति गरेका छन् किनकि आफ्नो पतिको मृत्यु हुनु र अर्को व्यक्तिलाई कपोलकल्पित कल्पनाकै भरमा श्रीमान् बनाउनुले सम्बन्धविहिन सम्बन्ध जोडेको कुरालाई अभिव्यक्ति दिएका छन् । *जाल र जालहरू* कथामा कथाकारले नेपालीहरू विदेशी भूमिमा गएर जन्जालभित्र फस्नुको तीतो सत्यलाई प्रस्तुत गरेका छन् । नेपाली जीवनका भोगाइ र समकालनि चेतनाको अभिव्यक्ति दिएका छन् ।

*अनिर्णित निर्णय* कथामा कथाकारले वैयक्तिक घटनासन्दर्भको सामाजिक प्रतिरूपको चित्रण गरेका छन् । एक जना चेली माइतमा अविवाहित रूपमा बस्नु समाजकै लागि बोझ भएको कुरालाई अभिव्यक्त गरेका छन् । *शशीको चिठी* कथामा कथाकारले स्मृतिबिम्बका माध्यमबाट बिडम्बनाको बोध गराएका छन् । नेपाली चेलीहरू बम्बेमा बेचिन पुग्नुको बिडम्बनालाई अभिव्यक्त गरेका छन् । *शङ्का* कथामा कथाकारले समकालीन युगचेतनाको प्रकटीकरण गरेका छन् । एकपटक युद्धविराम भएपछि फेरि युद्ध हुँदैन भन्ने कुरामा शङ्का उत्पन्न भएको कुरालाई कथाकारले अभिव्यक्त गरेका छन् । *रेखाविहिन नक्सा* यहाँ कथाकारले विदेशिएका नेपाली युवाहरूको दारुण मर्मान्त व्यथा-कथालाई प्रस्तुत गरेका छन् । विदेशमा गएर विदेशीको जन्जालभित्र फँस्नु र मरणासन्न अवस्थामा कसैको साथ नपाएर अन्तिम अवस्थामा आफ्नो जन्मभूमिलाई सम्झिएर रेखाविहिन नक्सा बनाउन बाध्य भएको कुरालाई कथाकारले अभिव्यक्त गरेका छन् ।

*अधरकुमारी* शीर्षकको कथामा नारी कल्पनाको विचरणबाट प्रतीकात्मक प्रयोग गरी ईश्वरीय चेतनाको प्रस्तुति गरिएको छ । एकजना शैलु नाम गरिएकी नारी पात्र जसलाई आफू को हो भन्नेसमेत थाहा नभएको र सङ्कल्पको आह्वानबाट आत्मा भएको कुरा प्रस्ट्याइएको छ । *सरिता* शीर्षकको कथामा अस्मिता बेच्न विवश नारीका माध्यमबाट देशको गरिबीको चित्रण गरिएको छ । *रिस* शीर्षकको कथामा संवेदनात्मक आवेगको सशक्त प्रस्तुति गरिएको छ । *ज्वाला* शीर्षकको कथामा प्रणयपरक र यौनिक भावुकताको वर्णनात्मक चित्रण गरिएको छ । विवाह गरेको श्रीमान्को व्यवहार मनपर्दो नहुनु रूप राम्रो नहुनु मनमा ज्वाला दन्किरहनु इत्यादि कथ्य अभिव्यक्त गरिएको छ । *लिली* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको अन्तिम कथा हो । यस कथामा कथाकारले प्रणयचेतनाको बिजातीय समीकरण प्रस्तुत गरेका छन् । प्रेमी-प्रेमीबीच जातीयताको कारण मिलन हुन नसक्नु सानो र ठूलो जातको बिचमा विभेद देखापर्नु नै यस कथाको मुख्य कथ्य हो । यसप्रकार **अनर्थ** कथासङ्ग्रहभित्रका कथाहरूको मुख्य कथ्य प्रस्तुत गरिएको छ ।

## ४.२.४ पात्रविधान

प्रस्तुत **अनर्थ** कथासङ्ग्रहमा १७ वटा कथाहरू समावेश छन् । पात्रहरू पनि गौण रूपमा प्रस्तुत गरिएका छन् । ती प्रत्येक कथाका पात्रहरूको बारेमा छोटकरीमा तल चर्चा गरिन्छ :

*ओथारो* **अनर्थ** कथासङ्ग्रहको पहिलो कथा हो । यस कथाको मुख्य पात्र अजय हो भने गौण पात्रका रूपमा उसका बुबा आमा रहेका छन् । अजय एउटा कमजोर मानसिकता भएको पात्रका रूपमा यस कथामा उपस्थित छ किनकि उसले जागिर खान नसकेको कारणले गर्दा ऊ कोठाबाट बाहिर ननिस्कीकन ओथारो बसेको पोथीझैँ भित्रको भित्रै बसिरहने गर्दछ । सहायक पात्रका रूपमा उसकी श्रीमती मीना, प्रेमिका संगीता र गौण पात्रका रूपमा उसका भाइ, छोरा-छोरीहरू रहेका छन् । पात्रविधानका दृष्टिले कथा उपयुक्त देखिएको छ ।

नयाँ लोग्ने कथाको मुख्य नारी पात्र इमानी हो । सहायक पात्र दिवाकर उसको नयाँ लोग्ने हो भने अन्य गौण पात्रका रूपमा उसको पुरानो लोग्ने, भरियाहरू, बुबाआमा, छोराछोरीहरू, नातिनातिनी आदि हुन् । इमानी आफ्नो बुबाले बिहे गरेर दिएको लोग्नेलाई छोडेर आफूले पहिला प्रेम गरेको मान्छेसँग विवाह गरेर अन्त्यमा नयाँ लोग्ने बनाएर बस्छे । पात्रविधानका दृष्टिले पनि यो कथा उपयुक्त नै देखिन्छ ।

*अनर्थ* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको तेस्रो कथा हो । यस कथाको मुख्य नारी पात्र राधिका हो भने प्रमुख पुरुष पात्रका रूपमा सुजन रहेको छ । सहायक पात्र राधिकाको लोग्ने हो । अन्य गौण पात्रहरूमा अफिसका कर्मचारीहरू छोरा, सानीआमा आदि रहेका छन् । राधिका एउटा मुख्य नारी पात्र हो । ऊ विवाहित भैकन पनि अफिस जाँदा उसले सुजनलाई मन पराएकी हुन्छे र विभिन्न परिवेशहरू झेल्दै जाँदा सुनसान एक्लो बाथरुममा आवेगमा आएर क्रोधको कारण सुजनको घाँटी अँठ्याएर हत्या गरेको समेत होस पाउँदिन र होसमा आएपछि के अनर्थ भयो यस्तो, हुनै नसक्ने कुरा कसरी भयो भन्छे । यसकारण अनर्थ कथा पनि पात्रविधानका दृष्टिले उपयुक्त नै देखिएको छ ।

*खेलौनाको गोडा*को मुख्य पात्रका रूपमा अनुप रहेको छ । सहायक पात्रका रूपमा विनोद रहेको छ भने अन्य गौण पात्रका रूपमा पुरानो शिक्षक, सुरेश, जानकी आदि रहेका छन् । पात्रविधानका दृष्टिले पात्रविधान उपयुक्त छ । *गन्ध* शीर्षकको कथामा मुख्य पात्रका रूपमा सानीमाया रहेकी छ । सहायक पात्रका रूपमा उसको श्रीमान् र गौण पात्रमा घरमालिक रहेको छ । प्रस्तुत *जया* शीर्षकको कथाकी मुख्य पात्र जया रहेकी छ । जयाकै

केन्द्रीयतामा कथावस्तु अगाडि बढेको छ । सहायक पात्र मिस लिना रहेकी छन् । गौण पात्रहरूमा मिस्टर सेन, सबिता, हेडमास्टर र जयाका आमाबाबु आदि रहेका छन् ।

*सम्बन्धविहिन सम्बन्ध* कथाकी मुख्य पात्र उषा हो । सहायक पात्र रजन हो । अन्य गौण पात्रहरूमा छोराछोरी, बा, राकेश, उमेश, हरिनारायण, चोलेन्द्र आदि रहेका छन् । पात्रविधानका दृष्टिले कथावस्तु उपयुक्त रहेको छ । *जाल र जालहरू* कथा म पात्रको केन्द्रीयतामा अगाडि बढेको छ । म पात्र नै मुख्य पात्र हो । यहाँ म भनेको हामी अर्थात् नेपालीलाई सङ्केत गरेका छन् कथाकारले । सहायक पात्रका रूपमा लखन र गौण पात्रका रूपमा शुक्रराज, धर्मभक्त, गङ्गालाल, दशरथ आदि रहेका छन् । *अनिर्णित निर्णय* कथामा मुख्य पात्रका रूपमा म पात्र बिमला रहेकी छ । सहायक पात्र जयप्रकाश रहेको छ । गौण पात्रका रूपमा शारदा, रमा, साथीहरू, सौतेनी दाजु, बा, आमा आदि रहेका छन् । पात्रविधानका दृष्टिले कथा उपयुक्त रहेको छ ।

*शशीको चिठी* शीर्षकको कथाको मुख्य पात्र नै शशी रहेकी छ । सहायक पात्रका रूपमा रेनु र अन्य गौण पात्रका रूपमा बाबु, आमाबुबा, नौला, दुईजना मानिस, दिदीबहिनी, ठूलीदिदी, गाउँले आदि रहेका छन् । पात्रविधानका दृष्टिले कथा उपयुक्त रहेको छ । *शङ्का* शीर्षकको कथाकी मुख्य पात्र राधा हो । सहायक पात्र अम्बर रहेको छ । अन्य गौण पात्रहरूमा टुहुराहरू, विधवाहरू, पुत्रपुत्री, दुई युवाहरू, सैनिक, दूधेबालकको बाबु, इतिहासबाबु, कलिला बालकहरू, विधवाहरू आदि रहेका छन् । पात्रविधानका दृष्टिले कथावस्तु उपयुक्त रहेको छ । *रेखाविहिन नक्सा* कथाको मुख्य पात्रका रूपमा अमर रहेको छ भने अन्य पात्रहरूमा अमरको बा, आमा, साथीहरू, श्रीमती, सुस्मा आदिको भूमिका रहेको छ । *अधरकुमारी* कथाको मुख्य पात्र शैलु रहेकी छन् । अन्य पात्रहरूमा वसन्त, दिनेश, फरिस्ता, फुपाज्यू आदि रहेका छन् । पात्रविधानका दृष्टिले कथा उपयुक्त रहेको छ ।

*सरिता* शीर्षकको कथाकी मुख्य पात्र नै सरिता रहेकी छ । अन्य गौण पात्रहरूमा सरिताको छोराछोरी, रोगी बाबु आमा, ठिटाहरू, कर्मचारी, नौलो व्यक्ति, सरिताको साथी, देवी, कारखानाको मालिक, भाइ, बहिनी आदि रहेका छन् । आफ्नो घर खर्च चलाउनका लागि आफ्नो अस्मितासमेत बेच्न विवश सरिता एक पात्र हो । उसकै केन्द्रीयतामा कथा

अगाडि बढेको हुनाले प्रस्तुत *सरिता* शीर्षकको कथा पात्रविधानका दृष्टिले उपयुक्त छ । *रिस* शीर्षकको कथामा मुख्य पात्रका रूपमा कथाकारले म पात्र पवनलाई लिएका छन् । सहायक पात्र एकजना युवती रहेकी छ । गौण पात्र एकजना मित्रलाई लिएका छन् । म पात्रका रूपमा पवन आएको छ । युवतीका रूपमा अस्मिता उपस्थित छ । पात्रविधानका दृष्टिले कथा मध्यम रहेको छ ।

*ज्वाला* शीर्षकको कथाकी मुख्य नारीपात्र निकिता रहेकी छ भने सहायक पात्र अग्निदत्त रहेको छ । अन्य गौण पात्रहरूमा वसन्त, ससुरा, जेठाजु, जेठानी, सासु, हर्के र उसको छोरा रहेका छन् । पात्रविधानका दृष्टिले कथा सामान्य रहेको छ । *लिली* शीर्षकको कथा प्रसतुत **अनर्थ** कथासङ्ग्रहको अन्तिम कथा हो । यस कथा म पात्रको केन्द्रीयतामा अगाडि बढेको छ । मुख्य नारी पात्र लिली रहेकी छ भने सहायक पात्र रमेश रहेको छ । अन्य गौण पात्रहरूमा साथीहरू, मलामीहरू र रमेशको बाबु आदि रहेका छन् ।

## ४.२.५ भावविधान/मुख्य सारवस्तु

प्रस्तुत **अनर्थ** कथासङ्ग्रहभित्रका कथाहरू धेरै विषयलाई समेटेर लेखिएको छ । *ओथारो* शीर्षकको कथामा सामाजिक विसङ्गतिबोध र वैयक्तिक पीडाको साधारणीकरण प्रस्तुत गरिएको छ । *नयाँ लोग्ने* कथाको मुख्य सार शाश्वत प्रणय चेतनाको आकस्मिक कार्यव्यापार प्रस्तुत गर्नु रहेको छ । *अनर्थ* कथामा नारी यौनावेगको सशक्त प्रस्तुति र यौनावेगजन्य बिडम्बना मुख्य भावका रूपमा रहेको छ । *खेलौनाको गोडा*को मुख्य भाव राजनीतिक एवं प्रशासनिक विकृतिको यथार्थ स्वरूपको चित्रण गर्नु रहेको छ । *गन्ध* कथाको भाव वर्तमान सन्त्रस्त परिवेशको गन्ध बिम्बका माध्यमबाट चित्रण गरिएको छ । *जया* कथामा बालमनोविज्ञानका सन्दर्भबाट यथार्थको अभिव्यक्ति प्रस्तुत गरिएको छ । *सम्बन्धविहिन सम्बन्ध* शीर्षकको कथामा नारी संवेदनाको तीव्रतम अनुभूतिको प्रस्तुति गरिएको छ, जाल र जालहरू कथाको मुख्य भाव नेपाली जीवनका भोगाइ र समकालनि चेतनाको अभिव्यक्ति रहेको छ । *अनिर्णित निर्णय* कथाको भाव वैयक्तिक घटना सन्दर्भको सामाजिक प्रतिरूपको चित्रण गर्नुरहेको छ । *शशीको चिठी* कथामा स्मृतिबिम्बका

माध्यमबाट बिडम्बनाबोध प्रस्तुत गरिएको छ । *शङ्का* शीर्षकको कथामा समकालीन युगचेतनाको प्रकट गरिएको छ । *रेखाविहिन नक्सा* कथामा विदेशिएका नेपाली युवाहरूको दारुण मर्मान्त कथा-व्यथा प्रस्तुत गरिएको छ । *अधरकुमारी* कथामा नारी कल्पनामा लोकको विचरणबाट प्रतीकात्मक प्रयोग गरी ईश्वरीय चेतना प्रस्तुत गरिएको छ । *सरिता* शीर्षकको कथामा अस्मिता बेच्न विवश नारीका माध्यमबाट देशको गरिबीको चित्रण गरिएको छ । *रिस* शीर्षकको कथामा संवेदनात्मक आवेगको सशक्त प्रस्तुति गरिएको छ । *ज्वाला* शीर्षकको कथाको मुख्य भावको रूपमा प्रणयपरक र यौनिक भावुकताको वर्णनात्मक चित्रण प्रस्तुत गरिएको छ । लिली शीर्षकको कथामा प्रणय चेतनाको विजातीय समीकरण प्रस्तुत गरिएको छ । यसप्रकार **अनर्थ** कथासङ्ग्रहभित्रका कथाहरूको मूख्य सार प्रस्तुत गरिएको छ ।

## ४.२.६ भाषाशैली

सीताराम कोइरालाका कथामा भाषा र भावको कलापक्ष तथा विचारपक्ष दुवैको संयोजन मिलेको पाइन्छ । कतिपय भाषाहरू सरल र सुबोध छन् भने कतिपय भाषाचाहिँ क्लिष्ट छन् । सामान्यतया सरल भाषामा नै समाज तथा देश विदेशको परिस्थितिको चित्रण गरिएको छ । उनका केही कथाहरूमा त्यति सरलता पाउन सकिँदैन । कुनै कुनै कथामा वैयक्तिक आवेग बढी पाइन्छ भने कुनै कथा बुझ्न अलि कठिन देखिन्छ । अरू सबै कथाहरू बोधगम्य भाषामा नै लेखिएका छन् तर *अधरकुमारी* शीर्षकको कथा भने बुझ्न अलिक कठिन रहेको छ । धेरैजसो कथाहरू रैखिक छन् भने केही कथाहरू वृत्ताकारीय रहेका छन् ।

## ४.२.७ दृष्टिबिन्दु

**अनर्थ** कथासङ्ग्रहभित्र जम्मा सत्रवटा लघु आकारका कथाहरू समावेश गरिएका छन् । ती कथाहरूको दृष्टिबिन्दुहरूलाई सङ्क्षेपमा चर्चा गरिएको छ ।

*ओथारो* **अनर्थ** कथासङ्ग्रहको पहिलो कथा हो । यस कथामा प्रथम र तृतीय पुरुष दुवै प्रयोग गरिएको हुँदा अन्तरवाह्य दृष्टिबिन्दु प्रयोग भएको छ । यसमा म पात्रलाई प्रथम

र तृतीय पुरुष दृष्टिबिन्दुमा प्रयोग गरिएको छ । *नयाँ लोग्ने* कथा **अनर्थ** कथासङ्ग्रहको दोस्रो कथा हो । यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । *अनर्थ* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहकै तेस्रो कथा हो । यस कथामा प्रथम पुरुष वा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । *खेलौनाको गोडा* **अनर्थ** कथासङ्ग्रहको चौथो कथा हो । यस कथामा पनि तृतीय पुरुष तथा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

*गन्ध* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहभित्रको पाँचौं कथा हो । यस कथामा पनि तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । *जया शीर्षकको कथा* **अनर्थ** कथासङ्ग्रहको छैठौं कथा हो । यस कथामा पनि बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । *सम्बन्धविहीन सम्बन्ध* **अनर्थ** कथासङ्ग्रहको सातौं कथा हो । यस कथामा पनि बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । *जाल र जालहरू* शीर्षकको कथा आठौं कथाअन्तर्गत पर्दछ । यस कथामा भने आन्तरिक तथा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । म पात्रको केन्द्रीयतामा कथानक अघि बढेको हुँदा यसलाई आन्तरिक दृष्टिबिन्दु भनिएको छ ।

*अनिर्णित निर्णय* **अनर्थ** कथासङ्ग्रहको नवौं कथा हो । यो कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । म पात्रको केन्द्रीयतामा कथावस्तुलाई अगाडि बढाइएको छ । *शशीको चिठी* दसौं नम्बरको कथा हो । यस कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको । *शङ्का* एघारौं शीर्षकअन्तर्गतको कथा हो । यस कथामा बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । *रेखाविहीन नक्सा* बाह्रौं कथा हो । यस कथामा कथाकारले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग अथवा ऊ पात्रको प्रयोगद्वारा कथालाई अगाडि बढाएका छन् ।

*अधरकुमारी* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रह अन्तर्गतको तेह्रौं कथा हो । यस कथामा बाह्यान्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । म पात्रलाई नै प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुका रुपमा प्रयोग गरिएको हुँदा बाह्यान्तरिक दृष्टिबिन्दु बन्न गएको छ । *सरिता* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रह अन्तर्गतको चौधौं कथा हो । यस कथामा पनि तृतीय पुरुष तथा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ किनभने यसमा ऊ पात्रको बारेमा वर्णन गरिएको छ ।

*रिस* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको पन्ध्रौँ कथा हो । यस कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । म पात्रकै केन्द्रीयतामा कथावस्तुलाई अगाडि बढाइएको छ । *ज्वाला* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहअन्तर्गतको सोह्रौँ कथा हो । यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । *लिली* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको सत्रौँ तथा अन्तिम कथा हो । यस कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.२.८ परिवेश

देश, काल र परिस्थिति विशेषलाई जनाउने तत्त्वलाई परिवेश भनिन्छ । *ओथारो* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको पहिलो कथाअन्तर्गत पर्दछ । यस कथाले राजनैतिक परिवेशलाई मूल रुपमा प्रस्तुत गरेको भए पनि स्थानीय परिवेशका रुपमा काठमाडौं सहर र यसका वरपरका क्षेत्रलाई देखाइएको छ भने कहीँ कतै गाउँले परिवेशको पनि चित्रण गरिएको छ । प्रजातन्त्रको समयको सन्दर्भलाई जागिरसँग जोडिएको छ । *नयाँ लोग्ने* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको दोस्रो कथा हो । यस कथामा मूल रुपमा सहरिया परिवेशको चित्रण गरिएको छ । अन्तर्राष्ट्रिय स्तरमा क्रान्तिका सङ्घर्षका लहरहरू दौडिएको प्रसङ्गलाई पनि जोडिएको छ । *अनर्थ* शीर्षकको कथा तेस्रो कथा हो । यसमा पनि सहरिया परिवेशको चित्रण गरिएको छ । यौनको आवेगमा आएर अचेत अवस्थामा आफ्नो प्रेमीको अवस्था मरणासन्न हुनुलाई अनर्थ भएको परिस्थितिको सङ्केत गरिएको छ ।

*खेलौनाको गोडा* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको चौथो कथा हो । यस कथामा गाउँले र सहरिया दुवै परिवेशको चित्रण गरिएको छ । *गन्ध* शीर्षकको कथा पाँचौं कथा हो । यस कथामा पहाडिया गाउँले परिवेशको चित्रण गरिएको छ । सङ्कटकालको समयमा जुन प्रकारको सन्त्रासको गन्ध फैलिएको थियो त्यही परिवेशलाई सङ्केत गर्दै फुलबारीमा केको गन्ध आयो भन्ने प्रसङ्ग जोडिएको छ । *जया* शीर्षकको कथा छैठौँ कथा हो । यस कथामा वैशाख महिनाको समय र गाउँले परिवेशको चित्रण गरिएको छ भने एकजना अबोध बालिकाको बुबा आमाको कुनै अपराधीले हत्या गरेको परिस्थितिको चित्रण गरिएको छ ।

*सम्बन्धविहिन सम्बन्ध* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको सातौँ कथा हो । यस कथामा सहरिया परिवेशको चित्रण गरिएको छ । *जाल र जालहरू* शीर्षकको कथा आठौँ

कथा हो । यस कथामा अन्तर्राष्ट्रिय परिवेशको चित्रण गरिएको छ । आफ्नो देशमा स्वतन्त्र भएको व्यक्ति विदेशी भूमिमा गएर जालभित्रको कैदमा परेर गोली र बमबारुदको सिकार हुनुपरेको परिस्थितिको चित्रण गरिएको छ । *अनिर्णित निर्णय* **अनर्थ** कथासङ्ग्रहको नवौँ कथा हो । यस कथामा सहरिया परिवेशको चित्रण गरिएको छ । *शशीको चिठी* दसौँ कथा हो । यस कथामा पहाडिया परिवेशको साथसाथै सहरिया परिवेशको पनि चित्रण गरिएको छ । गाउँकी एक अञ्जान चेलीलाई बम्बैमा बेचिएर आफ्नो जिन्दगी गुमाउन परेको परिस्थितिको चित्रण गरिएको छ । *शङ्का* शीर्षकको कथा एघारौँ कथा हो । यस कथामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको चित्रण गरिएको छ । विश्वयुद्धको समयलाई लिएर पुनः युद्ध नहोला भन्ने कुरामा शङ्का भएको प्रसङ्ग जोडिएको छ ।

*रेखाविहीन नक्सा* शीर्षकको कथा बाह्रौँ कथा हो । यस कथामा मूल रुपमा गाउँले परिवेशको चित्रण गरिएको छ । आँखा पाक्ने रोगले सताएर भरतपुर, वीरगञ्ज, काठमाडौँका अस्पालमा पुग्दा पनि सञ्चो नभएपछि चिन्ताग्रस्त भएको परिस्थितिको चित्रण गरिएको छ । *अधरकुमारी* शीर्षकको कथा तेह्रौँ कथा हो । यस कथामा आकाश, पृथ्वी, प्रकृति आदि परिवेशको चित्रण गरिएको छ । *सरिता* शीर्षकको कथा चौधौँ कथा हो । यस कथामा सहरिया परिवेशको चित्रण गरिएको छ । गरिबीको कारणले आफ्नो अस्तित्व लुटाएर परिवार पाल्न विवश परिस्थितिको चित्रण गरिएको छ ।

*रिस* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको पन्ध्रौँ कथा हो । यस कथामा सहरिया परिवेशको चित्रण गरिएको छ । *ज्वाला* शीर्षकको कथा सोह्रौँ कथा हो । यस कथामा पनि सहरिया परिवेशकै चित्रण गरिएको छ । *लिली* शीर्षकको कथा **अनर्थ** कथासङ्ग्रहको सत्रौँ तथा अन्तिम कथा हो । यस कथामा जङ्गल, घाट आदि परिवेशको चित्रण गरिएको छ ।

## ४.२.९ निष्कर्ष

प्रस्तुत **अनर्थ** कथासङ्ग्रह कोइरालाको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यस कथासङ्ग्रहमा सत्रवटा कथाहरूलाई कथाकारले समावेश गरेका छन् । ती कथाहरूलाई

शीर्षक, संरचना, कथाहरूको मुख्य कथ्य, पात्रविधान, भावविधान, भाषाशैली आदिका आधारमा वर्गीकरण गरिएको छ । **अनर्थ** कथासङ्ग्रहभित्र *ओथारो, नयाँ लोग्ने, अनर्थ, खेलौनाको गोडा, गन्ध, जया, समबन्धविहिन सम्बन्ध, जाल र जालहरू, अनिर्णित निर्णय, शशीको चिठी, शङ्का, रेखाविहीन नक्सा, अधरकुमारी, सरिता, रिस, ज्वाला, लिली* आदि कथाहरू समाविष्ट छन् ।

**अनर्थ** कथासङ्ग्रहभित्र समावेश गरिएका कथाहरू जम्मा २ देखि ४।५ पृष्ठसम्मका मात्र छन् । खासै लामो कथा लेखिएका छैनन् । कोइरालाका कथाहरूमा सामाजिक विसङ्गतिबोध र वैयक्तिक पीडाको साधारणीकरण, नारी यौनमनोविज्ञान, राजनीतिक एवं प्रशासनिक विकृति, सन्त्रस्त परिवेशको गन्धबिम्ब, बालमनोविज्ञान, नेपाली जीवनका भोगाइ, समकालीन युगचेतना, विदेशिएका नेपाली युवाहरूको दारुण मर्मान्त व्यथा, ईश्वरीय चेतनाको प्रस्तुति, गरिबीको कारण अस्मिता बेच्न विवश नारीको व्यथा, प्रणयपरक र यौनिक भावुकता र प्रणयचेतनाको बिजातीय समीकरण आदि कुराहरूलाई मुख्य कथ्यका रूपमा समावेश गरिएको छ ।

**अनर्थ** कथासङ्ग्रहभित्रका कथाहरू धेरैजसो पात्रविधान उपयुक्त रहेको छ । कथाकारले पुरुष पात्रभन्दा नारी पात्रलाई सक्रियरूपमा प्रस्तुत गरेका छन् । मुख्य भावका रूपमा कथाकारले सामाजिक चेतना, नारी यौनावेग, बालमनोविज्ञान आदि कुराहरूलाई समावेश गरेका छन् । कोइरालाका कथाहरू सरल र सहज भाषामा लेखिएको भए पनि कुनै कथा भाषिक दृष्टिले बुझ्न अलि कठिन देखिन्छ । समग्रमा कोइरालाका कथाहरू सरल र प्रभावोत्पादक रहेका छन् ।

## ४.३ 'संवादमा स्रष्टाहरू' अन्तर्वार्तासङ्ग्रहको अध्ययन

प्रस्तुत अन्तर्वार्तासङ्ग्रह **संवादमा स्रष्टाहरू** सीताराम कोइरालाको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । यस अन्तर्वार्तासङ्ग्रह निबन्ध विधाअन्तर्गतको एउटा उपविधा हो । यस अन्तर्वार्ताभित्र उन्नाइस जना व्यक्तित्वहरूसँग विभिन्न शीर्षकमा केन्द्रित भएर गरिएको कुराकानीलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत अन्तर्वार्तासङ्ग्रह **संवादमा स्रष्टा**भित्र कोइरालाले प्रेमविनोद नन्दनसँग *दिनको कोइली र प्रातःको डाँफे बन्ने रहर अझै ज्युँदै छ* भन्ने शीर्षक दिएर पहिलो कुराकानीलाई प्रस्तुत गरेका छन् । दोस्रो अन्तर्वार्तामा हरिहर खनालसँग *मेरो लेखाइको केन्द्र भनेको मानिस हो* शीर्षकमा कुराकानी गरेका छन् । तेस्रोमा गोविन्दराज विनोदीसँग *मलाई त छन्दोबद्ध कवितामा अभिव्यक्ति दिन सजिलो लाग्छ* शीर्षक दिएर अन्तर्वार्ता प्रस्तुत गरिएको छ । चौथोमा रामबाबु घिमिरेसँग *रक्सीको कारणले मभन्दा मेरो कारणले रक्सीको बदनाम भएको ठान्छु* शीर्षकको कुराकानी प्रस्तुत गरिएको छ ।

पाचौँ अन्तर्वार्तामा कोइरालाले *मैले मृत्युमाथि विजय प्राप्त गरेको छु* शीर्षकमा डा. सूर्यमणि अधिकारीसँगको कुराकानीलाई प्रस्तुत गरेका छन् । छैठौँमा *म जस्तो छु ऐनामा त्यस्तै देखिन्छु* शीर्षकमा रविकिरण निर्जीवसँगको कुराकानीलाई कोइरालाले समेटेका छन् । सातौँमा *स्रष्टालाई हेरेर होइन, उसका सिर्जनाको गुणात्मक मूल्यलाई हेरेर समालोचना गर्नुपर्छ* शीर्षकमा लक्ष्मणप्रसाद गौतमसँगको कुराकानीलाई प्रस्तुत गरिएको छ । आठौँमा डा. नारायणप्रसाद खनाल सरसँग *पूर्वीय साहित्य सिद्धान्त धारामध्ये कुनै एकमा स्नान गर्न चाहन्थेँ* शीर्षकमा अन्तर्वार्ता गरिएको छ । नवौँमा डी.आर. पोखरेलसँग *मलाई त यस्तो स्तुतिवादी साहित्य घृणास्पद लाग्छ* शीर्षकमा गरिएको कुराकानी प्रस्तुत गरिएको छ । दसौँमा राजकृष्ण कँडेलसँग *निबन्ध भावना र विचारका रुपमा बाहिरिन्छ* शीर्षक दिएर कोइरालाले कुराकानी प्रस्तुत गरेका छन् । एघारौँमा कपिल अज्ञात सरसँग *अचेल साहित्य लङ्गडो भएको छ र ज्योतिष पनि चिन्तनको कमीले अन्धो भएको छ* शीर्षकको कुराकानीलाई प्रस्तुत गरिएको छ । बाह्रौँमा केदारनाथ खनालसँग *स्वस्थ प्रतिस्पर्धाले नै साहित्यको विकासमा योगदान पुऱ्याउँछ* शीर्षकको कुराकानी प्रस्तुत गरिएको छ । तेह्रौँ शीर्षकअन्तर्गत खुमनारायण पौडेलसँग *मैले कवितालाई कहिल्यै पनि पर्चाका रुपमा हेरिनँ* भन्ने विषयमा कुराकानी प्रस्तुत गरिएको छ ।

चौधौँ अन्तर्वार्तामा पोषराज पौडेलसँग *साहित्यमा युग बोलेको हुन्छ र उदात्त समाजको परिकल्पना हुन्छ* शीर्षकमा केन्द्रित भएर कुराकानी गरिएको छ । पन्ध्रौँ अन्तर्वार्तामा नारी स्रष्टा गायत्री श्रेष्ठसँग *गीतहरू मैले आत्मसन्तुष्टिका लागि लेखेकी हुँ*

शीर्षक दिएर कुराकानी प्रस्तुत गरिएको छ । सोह्रौँमा केशवराज आमोदीसँग *कविता र गजलको स्वरुपमा भिन्नता छ* शीर्षकको कुराकानी प्रस्तुत गरिएको छ । सत्रौँ अन्तर्वार्तामा पनि नारी स्रष्टा सरस्वती रिजालसँगको कुराकानीलाई *लेख्दा म कुन पक्ष कति सबल छ भनेर नियाल्दिनँ* शीर्षकमा प्रस्तुत गरिएको छ । अठारौँमा हरिहर पौडेलसँग *लेख्नु त आफूलाई व्यक्त गर्नु हो* शीर्षकमा अन्तर्वार्ता प्रस्तुत गरिएको छ । उन्नाइसौँ तथा अन्तिम अन्तर्वार्तामा कोइरालाले चेतकान्त चापागाईँसँग *मान्छे विचारमा चल्ने प्राणी भएकाले स्वभावतः कवितामा विचार बोल्छ नै* शीर्षकको कुराकानीलाई प्रस्तुत गरिएको छ ।

## ४.३.१ विषयवस्तुको चयन

कुनै पनि व्यक्तिविशेषसँग गरिएको अन्तरङ्ग कुराकानीलाई अन्तर्वार्ता भनिन्छ । विविध साहित्यिक व्यक्तित्वहरूसँग उनीहरूका साहित्यिक विधामा आधारित भएर कोइरालाले यहाँ अन्तर्वार्ता प्रस्तुत गरेका छन् । प्रस्तुत अन्तर्वार्तासङ्ग्रह **संवादमा स्रष्टाहरू**मा कोइरालाले साहित्यकारको परिचय र उनीहरूले लेखेको कृतित्वमा आधारित रहेर प्रश्नोत्तर गरेका छन् । फरक-फरक व्यक्तित्वका फरक-फरक विधालाई समेटेर वार्ताकारले उनीहरूको कृतिलाई अध्ययन गरी कृतिभित्रबाटै प्रश्नहरू सोधेका छन् । खास गरी विविध साहित्यिक व्यक्तित्वहरू कुन-कुन वादमा आधारित भएर कृति लेखेका छन्, सो कुरालाई कोइरालाले वार्ताद्वारा दर्शाएका छन् । विषयवस्तुको चयनअन्तर्गत कोइरालाले स्रष्टा परिचय र कृतिको विश्लेषणलाई समेटेका छन् ।

कोइरालाले **संवादमा स्रष्टा**भित्र उन्नाइस जना व्यक्तित्वहरूसँगको अन्तर्वार्तालाई प्रस्तुत गरेका छन् । कोइरालाले सुरुमा *दिनको कोइली र प्रातःको डाँफे बन्ने रहर अझै ज्यूँदै छ* शीर्षकमा प्रेमविनोद नन्दनसँग गरिएको कुराकानीलाई प्रस्तुत गरेका छन् । यसमा कोइरालाले नन्दनको गीतियात्रा, समाजमा साहित्य र राजनीतिले पार्ने प्रभाव, जीवनप्रतिको धारणा र वादका कुराहरूलाई समेटेका छन् । दोस्रोमा कोइरालाले *मेरो लेखाइको केन्द्र भनेको मानिस हो* शीर्षक दिएर हरिहर खनालसँग गरिएको कुराकानीलाई अगाडि सारेका

छन् । यहाँ उनले साहित्यको इतिहास, वर्गसङ्घर्षको साहित्यमा यौनमनोविज्ञान, नेपाली साहित्यमा अहिलेका कथाको स्थिति आदि कुराहरूलाई समेटेर अन्तर्वार्ता लिएका छन् ।

तेस्रो अन्तर्वार्ताका रूपमा कोइरालाले *मलाई त छन्दोबद्ध कवितामा भावाभिव्यक्ति दिन सजिलो लाग्छ* शीर्षक दिएर गोविन्दराज विनोदीसँगको कुराकानीलाई प्रस्तुत गरेका छन् । यहाँ उनले विनोदीको कविताप्रतिको धारणा, गजल र कविताको स्वरूप, यौनप्रतिको दृष्टिकोण, साहित्यप्रतिको धारणा र वादका कुराहरूलाई अगाडि सारेर अन्तर्वार्ता लिएका छन् ।

चौथोमा *रक्सीको कारणले मभन्दा मेरो कारणले रक्सीको बदनाम भएको ठान्छु* शीर्षकमा रामबाबु घिमिरेसँगको कुराकानीलाई अगाडि सारेका छन् । यहाँ कोइरालाको घिमिरेसँगको कुराकानीमा निबन्धका कुरा, फ्रायडवाद र यौन, साहित्यमा वर्गीय मूल्य, उत्तरआधुनिकतावाद, फ्रायडवाद र यौन, साहित्यमा वर्गीय मूल्य, उत्तरआधुनिकतावाद, विश्वसाहित्यसँग नेपाली साहित्यको दाँजो र प्रेमप्रतिको उनको दृष्टिकोण आदि कुरालाई समेटेका छन् । पाँचौं अन्तर्वार्तामा कोइरालाले *मैले मृत्युमाथि विजय प्राप्त गरेको छु* शीषृक दिएर डा. सूर्यमणि अधिकारीसँगको कुराकानीलाई प्रस्तुत गरेका छन् । यसमा उनले नेपाली भाषाको इतिहास, पृथ्वीनारायण शाहका पूर्वज, राजदरबार र प्रजातन्त्रबीचको सम्बन्ध, फ्रायडवाद र यौनप्रतिको धारणा आदिका बारेमा अधिकारीसँग प्रश्नोत्तर गरेका छन् ।

छैटौंमा *म जस्तो छु ऐनामा त्यस्तै देखिन्छु* शीर्षकमा रविकिरण निर्जीवसँगको कुराकानीलाई पनि कोइरालाले समेटेका छन् । यस कुराकानीमा कोइरालाले वादका कुरा, समाजको संरचना, संस्कृति, वर्गसंघर्षका कुरा, निबन्धका कुरा, यौनप्रति उनको धारणा, मार्क्सवादी चिन्तनका कुरा आदिलाई उठाएका छन् ।

सातौंमा *स्रष्टालाई हेरेर होइन, उसका सिर्जनाको गुणात्मक मूल्यलाई हेरेर समालोचना गर्नुपर्छ* शीर्षकमा लक्ष्मणप्रसाद गौतमसँगको कुराकानीलाई कोइरालाले अगाडि सारेका छन् । गौतमसँगको कुराकानीमा कोइरालाले समालोचना, कवितामा बिम्ब र मिथकको प्रयोग, नेपाली साहित्यको आधुनिकता, पूर्वीय र पश्चिमी साहित्य, यौन र फ्रायडवाद, विविधवाद, बिम्ब आदि कुराहरूलाई समावेश गरेका छन् ।

आठौँ अन्तर्वार्ताका रूपमा कोइरालाले डा. नारायणप्रसाद खनाल सरसँगको कुराकानीलाई अगाडि सारेका छन् । प्रस्तुत वार्ताको शीर्षक *म पूर्वीय साहित्य सिद्धान्त धारामध्ये कुनै एकमा स्नान गर्न चाहन्थेँ* रहेको छ । यसभित्र कोइरालाले समालोचना, धर्म, वाद, विज्ञान, आजको युगको चेतना आदि कुराहरूमाथि केन्द्रित भएर कुराकानी गरेका छन् ।

नवौँ वार्तामा डी.आर. पोखरेलसँगको कुराकानीलाई कोइरालाले प्रस्तुत गरेका छन् । यस अन्तर्वार्ताको शीर्षक *मलाई त यस्तो स्तुतिवादी साहित्य घृणास्पद लाग्छ* रहेको छ । डी.आर. पोखरेलसँगको कुराकानीमा कोइरालाले फ्रायडवाद र यौनसाहित्य, आजको युगको चेतना, नेपाली साहित्यमा स्तुतिगानको प्रभाव, समालोचनाको मापदण्ड, उत्तरआधुनिकतावाद, कलाको वर्गीय मूल्य आदि कुराहरूलाई समेटेका छन् ।

दसौँ अन्तर्वार्ताको शीर्षक *निबन्ध भावना र विचारका रूपमा बाहिरिन्छ* रहेको छ । यस शीर्षकअन्तर्गत रहेर कोइरालाले राजकृष्ण कँडेलसँगको कुराकानीलाई प्रस्तुत गरेका छन् । यस कुराकानीमा उनको शिखरिणी छन्दप्रतिको मोह, पूर्वीय दर्शनलाई आधार बनाएर कृति लेख्नुको कारण, नेपाली साहित्यमा निबन्धको अवस्था, निबन्धको मापदण्ड, साहित्यमा यौनको स्थान, वाद, साहित्य र राजनीति आदि कुराहरूलाई अगाडि सारेका छन् ।

एघारौँ अन्तर्वार्तामा कपिल अज्ञात सरसँगको कुराकानीलाई कोइरालाले अगाडि सारेका छन् । यस अन्तर्वार्ताको शीर्षक *अचेल साहित्य लङ्गडो भएको छ र ज्योतिष पनि चिन्तनको कमीले अन्धो भएको छ* रहेको छ । यसअन्तर्गत कोइरालाले विविध विषयवस्तुलाई समेटेर कुराकानी गरेका छन् । यहाँ कवि र कविताप्रति उनको दृष्टिकोण, समालोचना, साहित्यप्रतिको धारणा, फ्रायडवादको दर्शन, यौन, ज्योतिषविज्ञान, परिष्कारवाद इत्यादि कुराहरूलाई समेटिएको छ ।

बाह्रौँ अन्तर्वार्तामा केदारनाथ खनालसँग्को कुराकानीलाई कोइरालाले प्रसतुत गरेका छन् । यसको शीर्षक *स्वस्थ प्रतिस्पर्धाले नै साहित्यको विकासमा योगदान पुऱ्याउँछ* रहेको छ । यस अन्तर्गत साहित्यको मापदण्ड, २०२८ सालअघि चितवनको साहित्यिक गतिविधि, चितवनका महत्त्वपूर्ण पत्रिकाको योगदान, वर्तमानमा शिक्षण र साहित्यप्रतिको दृष्टिकोण,

चितवनको साहित्यिक माहोल, चितवनमा साहित्यिक पत्रिका व्यवसायिक रूपमा चल्न नसक्नुको कारण आदि कुराहरूलाई समावेश गरिएको छ ।

तेह्रौं शीर्षकअन्तर्गत डा. खुमनारायण पौडेलसँगको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । यसको शीर्षक *मैले कवितालाई कहिल्यै पनि पर्चाका रूपमा हेरिनँ* रहेको छ । यसअन्तर्गत कवि र कविता भनेको के हो, कवितालाई परिष्कार गर्नुपर्छ वा पर्दैन, कविताभित्र भाव, बिम्ब र मिथकको भूमिका, गीत सिर्जना र कविता सिर्जनामा भिन्नता, कविता र जीवनमा यौनको प्रस्तुति, साहित्य र पेसासँगको सम्बन्ध आदि कुराहरूलाई समेटिएको छ ।

चौधौँमा पोषराज पौडेलसँगको कुराकानीलाई कोइरालाले अगाडि सारेका छन् । यसको शीर्षक *साहित्यमा युग बोलेको हुन्छ र उदात्त समाजको परिकल्पना हुन्छ* रहेको छ । यसअन्तर्गत काव्य र महाकाव्यप्रति उनको मूल्याङ्कन, फ्रायडवाद, मार्क्सवाद, यौन, साहित्यमा भेल्नुपरेको समस्या, उनलाई मनपर्ने स्वदेशी तथा विदेशी लेखकहरू, साहित्यिक स्वतन्त्रता र साहित्यिक प्रतिबद्धता, साहित्य छन्दमा लेख्नुको कारण आदि कुराहरूलाई समेटिएको छ ।

पन्ध्रौँमा नारी स्रष्टा गायत्री श्रेष्ठसँगको कुराकानीलाई कोइरालाले अगाडि सारेका छन् । यसमा *गीतहरू मैले आत्मसन्तुष्टिका लागि लेखेकी हूँ* शीर्षक रहेको छ । यसअन्तर्गत समालोचना सिर्जना हो या सिर्जनाविहीन, नियात्राका गुण र तत्त्वहरू, यौनप्रति उनको दृष्टिकोण प्रेममा उनको अनुभव, उत्तरआधुनिकवाद साहित्यप्रति उनको धारणा आदि कुराहरूलाई समेटिएको छ ।

सोह्रौँमा केशवराज आमोदीसँगको कुराकानीलाई कोइरालाले प्रस्तुत गरेका छन् । यस अन्तर्वार्ताको शीर्षक *कविता र गजलको स्वरूपमा भिन्नता छ* रहेको छ । यसअन्तर्गत साहित्यमा लाग्ने प्रेरणा कथा र उपन्यास, वर्तमान समयमा गजलप्रति उनको धारणा, मुक्तकप्रति उनको विचार, फ्रायडवाद र यौन, गजलमा रदिफ, गजल र कवितामा भिन्नता आदि कुराहरूलाई समेटिएको छ ।

सत्रौँमा नारी स्रष्टा सरस्वती रिजालसँगको कुराकानीलाई कोइरालाले प्रस्तुत गरेका छन् । यसको शीर्षकमा *लेख्दा म कुन पक्ष कति सबल छ भनेर नियाल्दिनँ* भन्ने रहेको छ । यस अन्तर्वार्ताभित्र वर्तमान समयमा कविताप्रति उनको दृष्टिकोण कवितामा भाव, बिम्ब र

मिथकप्रतिको धारणा, लघुकथा, निबन्ध, यौनलाई हेर्ने दृष्टिकोण, प्रेम, नारायणी अञ्चलका नारी हस्ताक्षरको अवस्था समालोचकीय मापदण्ड, उत्तरआधुनिकतावाद, पूर्वीय र पश्चिमी दर्शनबीच भिन्नता आदि कुराहरूलाई समावेश गरिएको छ ।

अठारौँमा हरिहर पौडेलसँगको कुराकानीलाई प्रस्तुत गरिएको छ । यसको शीर्षक *लेख्नु त आफूलाई व्यक्त गर्नु हो* रहेको छ । यसअन्तर्गत कथाको स्वधर्म, कथाको विशेषता, कथाबाट लघुकथातर्फ लम्कनुको कारण, वर्तमान समयमा साहित्य कसरी लेखिनुपर्छ, फ्रायडवाद र यौन, विश्वसाहित्यमा हाम्रा कथाको स्थान, आजको युगको चेतना, उत्तरआधुनिकतावाद आदि कुराहरूलाई समावेश गरिएको छ ।

उन्नाइसौँ तथा अन्तिम अन्तर्वार्तामा कोइरालाले चेतकान्त चापगाईंसँगको कुराकानीलाई प्रस्तुत गरेका छन् । यस कुराकानीको शीर्षक *मान्छे विचारमा चल्ने प्राणी भएकाले स्वभावतः कवितामा विचार बोल्छ नै* रहेको छ । यसअन्तर्गत साहित्यमा लाग्ने प्रेरणा, कवि र कविताप्रति उनको दृष्टिकोण, स्वच्छन्दतावाद र प्रगतिवाद, भाव के हो ? समय, समाज र राष्ट्रप्रति विद्रोह, फ्रायडवाद र यौन, कवितामा भाव, बिम्ब र मिथकको भूमिका, जेलमा भोग्नुपरेको यातना आदि कुराहरूलाई समावेश गरिएको छ ।

### ४.३.२ वार्ताकारको कुशलता

**संवादमा स्रष्टाहरू** कृतिभित्र चितवनमा सक्रिय उन्नाइस जना साहित्यिक प्रतिभाको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । अधिकांशतः राष्ट्रिय रूपमा स्थापित र केही विशिष्ट योगदान गरेर पनि चर्चाबाट ओझेल परेका सर्जकहरूसँग साक्षात्कार गरी कोइरालाले तिनको व्यक्तित्व, कृतित्व, पूर्वअभिव्यक्तिको खण्डनमण्डन तथा योगदानसमेत प्रस्तुत गरेका छन् । यसक्रममा अन्तर्वार्ताकारबाट थोरै अनुभूति र धेरै वस्तुपरकताले भरिएको सामग्री प्रस्तुत भएको छ । पृष्ठभूमिका रूपमा समालोचकीय टिप्पणीलाई सहयोगी बनाउँदै सर्जकसित आफ्नो सम्बन्ध तथा उसको पहिचानको सूत्र दिन उनी सफल छन् । अन्तर्वार्ताका तीन महत्त्वपूर्ण तत्त्व संवाद, पात्रका बाह्यान्तर व्यक्तित्व र दृष्टिकोणमध्ये यसमा संवादकै मात्र सर्वोपरि स्थान देखिन्छ । संवादमै पनि अन्तर्वार्ताकारले इमान्दारी साथ सर्जकसित सम्बन्धित

विवाद, टिप्पणी र व्यक्तिगत स्वभावका प्रसङ्गहरू उठाएको पाइन्छ । यसबाट कृतिकार कोइरालाको अध्ययन, जिज्ञासु स्वभाव र कुरा धुत्न सक्ने पत्रकारको गुण रहेको देखिन्छ । छन्दमय जिज्ञासामार्फत उनले सर्जकका रचनाको पठनशीलता बढाउने रणनीति अपनाएका छन्, जुन असहमत पाठकका लागि चुनौतीपूर्ण मार्गदर्शन पनि हो । यसभित्र अन्तर्वार्ताकार र उत्तरदाताका दृष्टिकोणहरू बाझेका पनि छन् र त्यसले कृतिलाई बढी आस्वाद्य बनाएको छ । अन्तर्वार्ता लिने व्यक्ति सानो र दिने व्यक्ति ठूलो हुन्छ भन्ने भ्रम हटाउनेतर्फ तर्कपूर्ण क्षमता, विश्लेषणात्मक गम्भीरता र तटस्थ दृष्टिकोण राख्नुपर्छ भन्नेमा कोइराला सचेत छन् ।

वार्ताकारका रूपमा परिचित हुन सफल कोइरालाले प्रस्तुत कृति **संवादमा स्रष्टा**भित्र साहित्यिक स्रष्टाहरूसँग र उनीहरूले लेखेका कृति र उनीहरूले कुन कुन वाद र विधामा संलग्न भएर सृजना गरेका छन् ती कुराहरूलाई समेटेर प्रश्न गरेका छन् । तर्कपूर्ण ओझिलो, सटिक, मिठासपूर्ण समालोचकीय ढाँचामा बौद्धिक प्रश्न गर्न सफल कोइरालाको प्रस्तुत कृति अध्ययन गर्दा उनको प्रश्न गराइमा उनले ती स्रष्टाहरूको व्यक्तित्व र कृतित्वमा गहन अध्ययन गरेको स्पष्ट हुन आउँछ । अति तार्किक क्षमता भएका र बौद्धिक प्रश्न गर्न सफल वार्ताकार कोइरालाको क्षमता प्रभावशाली देखिन्छ । **संवादमा स्रष्टा**भित्र कोइरालाले जेजति कुराहरू प्रस्तुत गर्ने प्रयास गरे पनि ती कुरालाई सुन्दर भाषाशैलीमा देखाउन सफल छन् तर हरेक स्रष्टाका सम्पूर्ण कृतिहरूभित्र पसेर सम्पूर्ण कृतित्वका बारेमा भने उनले प्रश्नहरूलाई समेट्न सकेका छैनन् । यो उनको कमजोरी हो । यस्ता केही सामान्य कमीकमजोरी हुँदाहुँदै पनि समग्र रूपमा हेर्दा कोइरालाको अन्तर्वार्ता लिने क्षमता बौद्धिक, सरल, सरस र उच्चकोटिको देखिन्छ ।

### ४.३.३ वार्तानायकको प्रस्तुति

वार्तानायक भन्नाले अन्तर्वार्ता लिँदा सोधिएका प्रश्नको उत्तर दिने व्यक्तिविशेषलाई जनाउँदछ । प्रस्तुत अन्तर्वार्तासङ्ग्रह **संवादमा स्रष्टा**मा वार्तकारद्वारा सोधिएका प्रश्नको उत्तर वार्तानायकले अत्यन्त सुन्दर, पूरा अर्थलाई समेट्ने गरी उत्तर दिएका छन् । कुनै कुनै प्रश्नका छोटा र कुनै प्रश्नका लामा र मझौला खालका उत्रहरू वार्तानायकले दिएका

छन् । मिठासपूर्ण भाषाशैलीमा वार्तानायकले उत्तर प्रस्तुत गरेका छन् । साहित्यका विविध विधाका छुट्टाछुट्टै व्यक्तित्वहरूको अन्तर्वार्ताको विषय फरक-फरक रहेको छ । जस्तै कोइरालाले प्रेमविनोद नन्दनसँग 'के लाग्छ यहाँलाई कला कलाको लागि वा कला जीवनको लागि ?' भनी प्रश्न सोध्दा नन्दनले जवाफमा यसप्रकारको उत्तर दिएका छन् : 'कला जीवनकै लागि हो र जीवनको अवसानपछि पनि उसको कालजयी कला जीवितै रहन्छ ।' यसप्रकार वार्तानायकले अत्यन्त बौद्धिक उत्तर दिन सफल देखिन्छन् । कतिपय स्रष्टाहरूले अत्यन्त सुन्दर शब्दमा भावलाई समेटेर उत्तर दिएको पाइन्छ भने कतिपयले कोइरालाद्वारा सोधिएका प्रश्नमा अलिक खरो उत्तर दिएका छन् । जस्तै कोइरालाले हरिहर खनाललाई 'कथा कथाको लागि लेख्नुहुन्छ वा समाजको लागि ?' भनी सोध्दा उत्तरमा 'तपाईंले मेरा कथाहरू पढेका कुरा गर्नुहुन्थ्यो पढिसकेको भए यो अनावश्यक प्रश्न गर्नुभयो भन्ने मैल ठाने । म स्वभावैले जीवनका लागि लेख्ने मानिस हुँ । जीवन समाजसापेक्ष कुरा हो ।' भनेर खरो उत्तर दिएका छन् । अर्को वार्तामा कपिल अज्ञातसँग कोइरालाले 'स्रष्टाका कस्ता रचना मात्र सिर्जनात्मक हुन्छन् भनी मूल्याङ्कन गर्नुहुन्छ ?' भनी गरेको प्रश्नमा उत्तर यसरी दिएका छन् - 'सपाट र सतही किसिमका रचना सिकारु अवस्थाका उपज हुन् । जब स्रष्टाको स्वर र शैली निर्मित भइसकेको हुन्छ, जो अरूभन्दा भिन्न आफ्नो पहिचान बनाउँछ । जहाँ स्रष्टाको मौलिकता पर्याप्त मात्रामा झल्किन्छ । पञ्च महाभूतबाट सजीव मान्छेको उत्पत्ति भएझैँ भाव, भाषा, लय आदि रचनात्मक तत्त्वबाट जबजब कुनैरचना जीवन्त रूपमा प्रस्तुत हुन्छन्, तिनै सिर्जनात्मक हुन्छन् भनी हेरिन्छ ।' अज्ञातद्वारा प्रस्तुत गरिएको उत्तर पनि बौद्धिक नै देखिन्छ ।

यसप्रकार सबै वार्तानायकको प्रस्तुति हेर्दा कसैले सरल, सहज भाषामा सपाट उत्तर दिएका छन् र कसैले बौद्धिक उत्तर दिएका छन् । यसप्रकार वार्तानायकको कुशलतालाई हेर्दा समग्रमा आफ्नो आफ्नो स्थानमा स्तरीय देखिन्छ ।

## ४.३.४ वार्तामा प्रयुक्त भाषाशैली

कोइरालाको **संवादमा स्रष्टाहरू** अन्तर्वार्तासङ्ग्रहको भाषा, सरल, सहज र स्वाभाविक छ । कोइरालाका अन्तर्वार्ताहरू सरल, सुबोध र मिठासपूर्ण भाषामा प्रस्तुत

भएका छन् । विभिन्न साहित्यकारहरूको कृतिमा केन्द्रित भएर गरिएका वार्ताहरूको भाषामा मिठास रहेको छ । कतिपय वार्तामा विभिन्न वाद तथा समसामयिकतालाई प्रस्तुत गरिएको हुँदा परिस्थितिअनुसार अर्थ लाउनु उपयुक्त हुन्छ । कोइरालाका लेखमा भाषा, भावको कलापक्ष तथा विचारपक्ष दुवैको संयोजन मिलेको पाइन्छ । स्रष्टाहरूको विचार तथा कृतिपक्षलाई केन्द्रित गरेर लेखिएको प्रस्तुत **संवादमा स्रष्टा**मा मानवीय जीवन र कलासँगको सम्बन्ध, विभिन्न वादहरू एवं उनीहरूले आफ्ना कृतिभित्र कस्ता कुराहरूलाई समेटेका छन् र तिनीहरू किन लेखिएका छन् भन्ने कुराहरूलाई समेटेर प्रश्नहरू सुबोध भाषामा लेखेका छन् । उनले तत्सम, तद्भव, आगन्तुक सबै खालका शब्द प्रयोग गरेर लेखेका छन् । जस्तै : रङ्गमञ्च, अभीष्ट, कण्ठस्थ, घर, पाखो, पखेरो, झरना, खोला, नदी, प्रभाव, मुक्ति, ब्रह्माण्ड, Vision, प्रभाव, डुबिलकेट, विभूषित, रचना आदि । यसर्थ उनको अन्तर्वार्ताको भाषाशैली पक्ष सरल, सरस, बौद्धिक तथा रोचक रहेको पाइन्छ । वार्तानायकले प्रस्तुत गरेका भाषाहरू पनि अत्यन्त बौद्धिक खालका रहेका छन् ।

## ४.३.५ वार्तामा समसामयिकता

वार्तामा समसामयिकता भन्नाले वार्ताकारले अन्तर्वार्ता लिँदा स्रष्टासँग समसामयिक प्रसङ्गलाई जोडेका छन् कि छैनन् भन्ने कुरालाई जनाउँछ । प्रस्तुत **संवादमा स्रष्टा**भित्र वार्ताकार कोइरालाले समसामयिक कुराहरूलाई बीचबीचमा समेटेका छन् । स्रष्टाले सिर्जना गरेका कृतिभित्र समसामयिक राजनैतिक घटना र साहित्यसँगको सम्बन्धलाई अत्यन्त सुन्दर ढङ्गबाट प्रश्नका माध्यमबाट ती घटनाका बारेमा विचारहरू अभिव्यक्त गरेका छन् । सीताराम कोइरालाले साहित्यकारहरूसँग सोधेको प्रश्नमा समसामयिक प्रसङ्गलाई यसरी जोडेका छन् :

प्रेमविनोद नन्दनसँग सोधिएको एउटा प्रश्न यस्तो छ - 'नेपाली साहित्यमा गीतको विकास र अहिलेको स्थिति कस्तो अवस्थामा रहेको पाइन्छ र विश्वसाहित्यको गीतसँगको तुलनामा हामी कहाँ आइपुगेका छौं ?'

हरिहर खनालसँग सोधिएको प्रश्न यस्तो छ - 'नेपाली साहित्यमा अहिलेको कथाको स्थिति कस्तो रहेको पाउनुहुन्छ ?'

रविकिरण निर्जीवसँगको प्रश्न यस्तो छ - 'वर्तमान समाजको संरचना, सांस्कृतिक मान्यता वा प्रचलनका विरुद्ध रचनाद्वारा विद्राह गर्नुभएका केही उदाहरणहरू छन् कि ?'

लक्ष्मणप्रसाद गौतमसँग सोधिएको प्रश्न यस्तो छ - 'समालोचना केका लागि लेख्नुहुन्छ ? वर्तमानको समालोचनाप्रति यहाँको धारणा ?'

डी.आर. पोखरेलसँग गरिएको प्रश्न यस्तो छ - 'आजको युग चेतना केलाई मान्नुहुन्छ ?'

राजकृष्ण कँडेलसँग गरिएको प्रश्न यस्तो छ - 'वर्तमान समयमा साहित्यप्रति यहाँको दृष्टिकोण के हो ?'

प्रस्तुत अन्तर्वार्तासङ्ग्रह **संवादमा स्रष्टाहरू**को समग्र अन्तर्वार्ताहरूलाई दृष्टिगत गर्दा प्रायः कुनै-कुनै स्रष्टाका लागि मात्र समसामयिक प्रसङ्गलाई समेटेर प्रश्न गरिएको छ ।

## ४.३.६ निष्कर्ष

प्रस्तुत **संवादमा स्रष्टाहरू** (अन्तर्वार्तासङ्ग्रह) साहित्यकार सीताराम कोइरालाको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिमा १९ जना व्यक्तित्वहरूका बारेमा अन्तर्वार्ता प्रस्तुत गरिएको छ । उक्त कृतिमा साहित्यिक व्यक्तित्वहरूको सटिक परिचय, समालोचकीय टिप्पणी र उनीहरूको कृतित्वसँग सम्बन्धित प्रश्नसहितको अन्तर्वार्ता समावेश गरिएको छ ।

विषयवस्तुको चयनअन्तर्गत कोइरालाले स्रष्टा परिचय र कृतिको विश्लेषणलाई समेटेका छन् । तर्कपूर्ण, ओभिलो, सटिक, मिठासपूर्ण समालोचकीय ढाँचामा बौद्धिक प्रश्न गर्न सफल कोइराला अति तार्किक क्षमता भएका प्रभावशाली व्यक्तित्वका रूपमा चिनिन्छन् ।

प्रस्तुत अन्तर्वार्तासङ्ग्रह **संवादमा स्रष्टाहरू**मा वार्ताकारद्वारा सोधिएका प्रश्नको उत्तर वार्तानायकले अत्यन्त सुन्दर र पूरा अर्थलाई समेट्ने गरी दिएका छन् । मिठासपूर्ण सुन्दर भाषाशैलीमा वार्तानायकले उत्तर दिएर आफ्नो कुशलता प्रस्तुत गरेका छन् । प्रस्तुत अन्तर्वार्तामा प्रयोग गरिएका भाषाहरू सरल र स्वाभाविक रहेका छन् । प्रस्तुत **संवादमा**

**स्रष्टा**भित्र वार्ताकार कोइरालाले समसामयिक कुराहरूलाई बिचबिचमा समेटेका छन् । स्रष्टाले सिर्जना गरेका कृतिभित्र समसामयिक राजनैतिक घटना र साहित्यसँगको सम्बन्धलाई अत्यन्त सुन्दर ढङ्गबाट प्रश्नका माध्यमबाट ती घटनाका बारेमा विचारहरू अभिव्यक्त गरेका छन् ।

## ४.४ 'पागलप्रेमी र मेरोदेश' कवितासङ्ग्रहको अध्ययन

**पागलप्रेमी र मेरोदेश** कवितासङ्ग्रह सीताराम कोइरालाको तेस्रो प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिभित्र *जा शून्य गगनमा, कविताप्रतिको प्रतिबद्धता, बर्जित छ, तिमी आऊ, अन्त्येष्टिपछिको घोषणा, कायाकल्प, पागलप्रेमी र मेरो देश, ब्वाँसोको अन्त्य, वैलिएकी धर्ती, अजिङ्गरी काजीहरू र देश, मेरी फूलकी थुँगा, कविता ! तिमी मभित्र आऊ, मूल्य वृद्धि र मृत्यु, मेरो गाउँ, अर्धअस्त सूर्य र मेरो देश, अँध्यारोभित्र म, म हूँ बिहानी, सबथोक छ, भग्नावशेषहरू, कऱ्याङकुरुङ, बुढी र दशैं, किनार र म, हल्लने देशका नर्तक हामी, थला परेको छु, योगहरू, यो देश अर्कै हुने थियो, नर्सरी र देश, चखेवा चखेवी, मेरो सुनगाभा बैंस, बाटोको ढुङ्गा, अँध्यारोमा निभेका बत्तीहरू, ती सहिदहरूले के भन्लान् ? उसैलाई थाहा होला, जिन्दगीहरू, रहर, मेरो खुला अन्तर्वार्ता, मेरो सलाम, पँधेरीको गुलाफ* र *पर्खाइ* गरी जम्मा उनन्चालिस वटा कविताहरू समावेश गरिएका छन् । तिनीहरूलाई शीर्षक, संरचना, कविताहरूको मुख्य कथ्य, भावविधान, भाषाशैली, लयविधान, रस, अलङ्कार आदि शीर्षक दिएर अध्ययन गरिएको छ ।

### ४.४.१ शीर्षक

शीर्षकलाई रचनाको आधार मानिने हुँदा हरेक लेखकले शीर्षकद्वारा आफ्ना कृतिको नामाकरण खुबै सोच विचारका साथ गरेको पाइन्छ । कविताले व्यक्त गर्न खोजेको भाव शीर्षकले वहन गरेको हुन्छ । शीर्षकले कविताहरूको समष्टिगत भाव व्यक्त गर्दछ । कविताको शीर्षक अभिधात्मक वा प्रतीकात्मक जस्तोसुकै भए पनि छोटो मिठो र कविता

सुहाउँदो हुन्छ । यसर्थ कुनै पनि लेख, रचना, ग्रन्थ आदिको टाउकोमा रहने तत्त्व नै शीर्षक हो । खगेन्द्रप्रसाद लुइटेलका अनुसार शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक सङ्केत समेत हुनु पर्दछ (लुइँटेल, २०६२ : ३०) ।

**पागल प्रेमी र मेरोदेश** कवि सीताराम कोइरालाको तेस्रो पुस्तकाकार कृति हो । यो पहिलो कवितासङ्ग्रहका रूपमा रहेको छ । शीर्षकलाई कुनै पनि रचनाको मूल केन्द्रविन्दु मानिन्छ । किनकि शीर्षक पढेर नै खासगरी उक्त रचनाको बारेमा मोटामोटी कुरा बुझ्न सकिन्छ ।

## ४.४.२ संरचना

**पागल प्रेमी र मेरो देश** कवितासङ्ग्रह बाह्य संरचनाका दृष्टितले १२८ पृष्ठमा संरचित छ । यस भित्र जम्मा ३९ वटा कविताहरू समावेश गरिएका छन् । यस सङ्ग्रहमा सङ्ग्रहित सम्पूर्ण कविताहरू गद्य शैलीमा रचना गरिएका छन् । यस सङ्ग्रहलाई कविडाँडा साहित्यसमाज चितवनले प्रकाशन गरेको हो ।

कोइरालाका कविताहरू त्यति लामा छैनन् । प्रायः कविताहरू छोटा नै छन् । कोइरालाको *जा शून्य गगनमा* शीर्षकको कविता पहिलो कविता हो । यो जम्मा तीन पृष्ठमा संरचित छ । गद्य शैलीमा लेखिएको प्रस्तुत कवितामा अनुच्छेद छुट्याइएको छैन । छोटा छोटो पङ्ति मा लेखिएको छ । *कविता प्रतिको प्रतिबद्धता* दोस्रो कविता हो । यो पनि तीन पृष्ठमा नै लेखिएको छ । *कायाकल्प* शीर्षकको कविता झनै दुई पृष्ठमा मात्रै लेखिएको छ । *पागल प्रेमी र मेरोदेश* शीर्षकको कविता चार पृष्ठमा लेखिएको छ । *बैलीएकी धर्ती* पनि चार पृष्ठमा नै संरचित छ । *कविता ! तिमी म भित्र आऊ* शीर्षकको कविता पनि जम्मा दुई पृष्ठमा लेखिएको छ । *मुल्य बृद्धि र मृत्यु* तीन पृष्ठमा लेखिएको छ । *मेरो गाउँ* दुई पृष्ठमा लेखिएको छ । *अँध्यारो भित्र म* शीर्षकको कविता पनि दुई पृष्ठमा लेखिएको छ । यसप्रकार अनुच्छेद नछुटाइकन लेखिएका कोइरालाका कविताहरू कुनै छोटोमा दुई पृष्ठ देखि तीन र चार पृष्ठसम्म लेखिएका छन् ।

### ४.४.३ कविताहरूको मुख्य कथ्य

यहाँ **पागलप्रेम र मेरो देश** कविता सङ्भित्र सङ्गृहीत कविताहरूको मुख्य कथ्यको सङ्क्षेपमा निरूपण गरिएको ।

प्रस्तुत **पागलप्रेमी र मेरोदेश** कविता सङ्ग्रहभित्रको पहिलो कवितामा कविले *जा शून्य गगनमा* शीर्षक राखेर विदेश पलायन हुनेप्रति आफ्नो विचार यसरी प्रकट गरेका छन्:

महँगीले कठोर भएका जीवनहरू

कोही कतार

कोही दुबई

कोही साउदी

सबै सबै खालिहातहरू

घरले प्रीतिमा

सिरानी भिजाएर

भो नजा, भो नजा भन्दै

…………………

तर म तँलाई

च्याप्दै च्याप्दै

उडी जानेछु शून्य गगनमा !

उडी जानेछु शून्य गगनमा !!

(जा शून्य गगनमा, पृ. २१)

हाम्रो जस्तो गरिबीले जगडिएिको मुलुकमा धेरै मानिसहरू बेरोजगार हुनुपर्ने बाध्यता र महँगी दिन प्रतिदिन बढिरहने धेरै मानिसहरूको आम्दानीको स्रोत नहुनुको कारणले प्रत्येक मानिसले जीवन धान्न गाह्रो भएको कारण विदेशीन बाध्य भएका छन् । कतार, दुबई, साउदी जस्ता खाडी मुलुकमा गएर रगत र पसिना बगाएर दुःख सुख गरेर घर चलाउनु परेको छ भने अर्कोतर्फ आफ्नो जहान परिवारसँग साथमा बस्न नपाउनु र प्रीतिमा घरले सिरानी भिजाएर भने नजा भनेको कुरा उल्लेख छ ।

प्रस्तुत *कविता प्रतिको प्रतिबद्धता* शीर्षकको कविता **पागल प्रेमी र मेरो देश** कविता सङ्ग्रहभित्रको दोस्रो कविता हो । प्रस्तुत कवितामा कविले प्रायः नेपाली नारीहरूलाई घर खर्च र बिरामी खर्च चलाउन गाह्रो हुने गरेको कुरालाई लिएर म कति कविता मात्र लेखुँ कहिले काहीँ त ती दुःखीहरूको घरमा पनि पुगुँ भन्ने भाव व्यक्त गरेका छन् ।

उनको मन
कहिले बिरामी खर्च तिर्न नसकेर च्यात्तियो
कहिले स्कूलको फी तिर्न नसकेर अत्तालियो
संगिनीले पिकनिक भन्दा
कस्तो समस्यै समस्या
उनका आँखा भिजेका भिज्यै छन्
खालि हातमा जर्किन लिएर
सँधै साहुजीका अगाडि उपस्थित हुनु छ
अलिकति भुटुन नहुँदा
अलिकति चिनी नहुँदा
यस्ते यस्तै प्रहारमा
के थाहा उनलाई गजलका कुरा
के थाहा उनलाई कथा कविताका कुरा

(कविताप्रतिको प्रतिबद्धता, पृ. २३)

यस कवितामा कविले म कति कवितामात्रै लेखुँ कहिले काहीँ त रुझेको मन बोकेर सिङ्गो दिन खाएर रूपाकहाँ पुगुँ जहाँ उनको मन स्कुलको शुल्क र बिरामी खर्च तिर्न नसकेर आत्तिने गर्छ । साथीले पिकनीक भन्दा पनि समस्यै समस्या, उनी साहुकहाँ जाँदा पनि खाली हात जर्किन लिएर जानुपर्ने बाध्यता, चिनी र भुटुन नहुँदा पनि समस्या यस्तै प्रहारमा रूपालाई के थाहा गजलका कुरा कविताका कुरा भनेर आफ्नो कविताप्रतिको प्रतिबद्धता प्रकट गरेका छन् । बिरामी खर्च तिर्न नसकेर च्यातिएको मन, अनि आफ्नो अत्यावश्यक स्कुलको शुल्क तिर्न नसकेर अतालिएको रूपाको मन, अनि सङ्गिनीले

पिकनिक जाउँ भनेर आग्रह गर्दा आफूसँग पैसा नभएर परेको समस्याले पिरोलिएको जहाँ अभावै अभावले गर्दा रूपाको आँखा कहिल्यै ओभानो हुन नपाएको, यसते यस्तै समस्या छ हाम्रो देशका प्राय घरहरूमा अनी नारीहरूमा भनेर कविले विवशताको भाव प्रकट गरेका छन् ।

प्रस्तुत कवितांश *वैलीएकै धर्ती* शीर्षकको कविताबाट लिइएको छ । जहाँ कविले धर्तीलाई हराभरा बनाउन शम्भु र इन्द्र पुकारेर हुँदैन भन्दै पुरातनताको विरोध गरेका छन् ।

म शम्भु र इन्द्रहरूलाई
गुहारेर गण्डकीको किनारहरूमा
मञ्जरीहरू लहलह हुने देख्दिनँ
मेरा बा र हजुरबाका तुहिएका विचारहरू
कहिल्यै विद्रोहको आगो सल्काउन समेत
नसक्ने सिनोभैँ गन्हाएका प्रार्थना र समाधिहरू
अब मलाई स्वीकार्नु छैन ।

(वैलीएकी धर्ती, पृ. ४६)

यस कवितामा हजुरबाले आकाशतिर फर्किएर 'हे शम्भो, पानी देऊ' भन्दै प्रार्थना गर्दा पनि धर्तीले वर्षात सँग आलिङ्गत गर्न नपाएको देखेर यी सब समाधिहरू झुठा भन्दै उनी विद्रोहको स्वर घन्काउन चाहन्छन् । किनकी शम्भो र इन्द्रलाई गुहारेर कहिल्यै पनि गण्कीका किनारहरूमा मञजरीहरू लहलह हुँदैनन् । त्यसकारण मेरा बा र हजुरबाका यी तुहिएका विचारहरूले कहिल्यै पनि विद्रोहको आगो सल्काउन सकेनन्, जहाँ झिनोभैँ गन्हाएका प्रार्थना र समाधिहरू अब मेरालागि स्वीकार्य छैनन् भन्दै पुरातनताको विरोध गर्दै कविले वैलिएकी धर्ती मातालाई सुनामी ल्याएर हराभरा बनाउनु छ भनेका छन् ।

प्रस्तुत कवितांश *कविता ! तिमी म भित्र आऊ* शीर्षकको कविताबाट लिइएको छ । जहाँ कवितालाई आफूभित्र आउन आग्रह गरेका छन् ।

कवित ! तिमी म भित्र आऊ
यसरी आऊ, जसको आगमनमा

यस धर्तीले कान ठाडो पारोस्

तिमी आएको पदचा सुनियोस्

टाढाबाट तिमी आउँदै गर्दा

तिम्रो स्वागतमा फूलमाला अविर

बाटोभरी सबैका हातमा होऊन् ।

(कविता ! तिमी म भित्र आऊ, पृ. ५३)

यहाँ कविले *कविता ! तिमी म भित्र आऊ* शीर्षक दिएर कविता प्रस्तुत गरेका छन् । यहाा कविले कविता तिमी सुनामीको छाल बनेर आउनु । यसरी अउनु कि तिम्रो आगमनमा यस धर्तीले कान ठाडो पारोस् अनि निदाएकाहरूलाई उठाउने गरी आउनु । पहाडका गह्वाहरू र हिमालका कान्लाहरूमा भोकलाई निभाउन सक्ने ताजा खाना बनेर आउनु । तिमी आएको पदचाप सुनियोस् । जबकि तिमी आउँदै गर्दा तिम्रो स्वागतमा फूलमाला र अबिर सबैका हातमा होउन् भनेर ‘कविता ! तिमी म भित्र आऊ’ भन्दै कवितालाई आफूभित्र आउन आग्रह गरेका छन् ।

तल प्रस्तुत कविताशं *मुल्य बृद्धि र मृत्यु* शीर्षकको कविताबाट साभार गरिएको छ । नेपाली समाजमा प्रायः कतिपय मानिसहरू गरिबिको कारण भोग्नु परेको समस्यालाई कविले मुख्य भावका रूपमा प्रस्तुत गरेका छन् ।

लाली भाउजूले भोकै बसेर के भयो ?

लाले दाइले औषधि नपाएर के भयो ?

भर्न सक्नेहरूको पेट

दिन दुईगुना रात चौगुना भरिएकै छ

लाली भाउजु र लाले दाइले

तातो पानीले छाक टारेर के भयो त ?

पाक्नेहरूका घरमा मासु भात पाकेकै छ ।

चार महिना पछि लाले दाइ मर्दा

रेडियोको मुख्य समाचारमा

मूल्य बृद्धिले ठाउँ पायो

अर्को चार महिना पछि लाली भाउजू

भोक भोकै थलिएर मरिन

सरकारले पुनः मुल्य बृद्धिको घोषणा गऱ्यो

तर यसपटकको मुल्य बृद्धिले

लाली भाउजूलाई कुनै असर पारेन ।

(मुल्य बृद्धि र मुन्यु, पृ. ५७)

बैंस छँदा साहुको काम गरेर जीवन गुजारा गरेकी लाली भाउजु अनि सहरमा कुल्ली काम गरेर भरे घर फकँदा कहिले चामल त कहिले तरकारी किनेर लगी घर चलाएर बसेका लालेका दुइ जोडीको परिवार जब बुढेसकालले छोयो तब हातमुख जोर्ने समस्या पर्न थाल्यो । तातो पानी समेत खान उनीहरूलाई गाह्रो परिरहेका बेला सरकारले मूल्य बृद्धिको घोषणा गरेको गऱ्यै गर्दा लाले दाइले बिरामी पर्दा औषधि नपाएर के भयो ? लाली भाउजु भाउकै बसेर के भयो ? पेट भर्न सक्नेहरूका लागि दिन दुई गुना रात चौगुना भरिएकै छ । लाले दाइ र लाली भाउजुले तातो पानीले छाक टारेर के भयो ? पाक्नेहरूका घरमा मासुभात पाकेकै छ । चार महिना पछि लाले दाइको मृतयु हुँदा मूल्य बृद्धिले ठाउँ पाएको समाचार आउँछ भने लाली भाउजु भोक भोकै थलिएर बस्दा मूल्य बृद्धिको घोषणा हुन्छ । यस्तो छ, नेपालको गरिब जनताको अवस्था भने सरकार सामानको मूल्य बढाउन मात्रै तल्लीन देखिन्छ । यसप्रकार कविले गरिबको समस्यालाई कवितामार्फत आवाज बुलन्द पारेका छन् ।

प्रस्तुत कवितांश *अजिङ्गरी काजीहरू र देश* शीर्षकको कविताबाट साभार गरिएको छ । यहाँ कविले समाजमा व्याप्त ब्वाँसाहरूले देशलाई सखाप पार्न खोजेको कुरा अभिव्यक्त गर्दै आफ्नो देशप्रति प्रेमको भाव रहेको कुरा दर्शाएका छन् ।

साथी ! यो मुलुकमा

सधैं अजिङ्गरी काजीहरू मात्र जन्मे

यो मुलुकले कहिल्यै दधीचि जन्माउन सकेन

यो देशमा कुनै कुन्ती आमाहरू नभएर हो कि
दुर्योधन काजीको अत्याचारमा
कुनै अर्जुनहरू जन्मेनन्
सधैँ अजिङ्गरी काजीहरू जन्माउने धर्तीले
कहिल्यै विदुर भाइहरू जन्माउन सकेनन् ।

(अजिङ्गरी काजीहरू र देश, पृ. ४७)

सर्वप्रथमतः कवि सीताराम कोइरालाको चासोको विषय भनेको देशप्रेम नै हो । उनी विकृति विरुद्ध सशक्त कलम चलाउने कविबन्न पुगेका छन् । कविले समाजमा व्याप्त व्याँसाहरू, अङ्गिरहरूलाई बिम्बको रूपमा प्रयोग गर्दै दुर्योधनहरू, जङ्गबहादुरहरू जन्माउने पक्षमा देखिन्नन् । यस्तै यस्तै प्रवृत्तिले गर्दा हिरोसिमा र नागासाकीका विभत्स दृश्यहरू मानव समाजले खेप्नु परिरहेको छ ।

सीताराम कोइराला प्रयोगशील समसामयिक चेतनाका कवि हुन् । उनले आफ्ना कविताका अधिकांश प्राकृतिक बिम्बहरको सुन्दर प्रयोग गरेका छन् । उनका कवितामा आकाश समुद्र, पशुपंक्षी आँधीबेरी, दिन, रात, चन्द्र, सूर्य, फूल, फल आदि अनेकौँ प्राकृतिक बिम्बहरूको सार्थक सांस्कृतिक बिम्बहरू इन्द्रदेव दधीति, दुर्योधन, जङ्गबहादुर जस्ता पुराना इतिहासका प्रतीक बिम्ब र बिच्छी, सर्प, अजिङ्गर लाटोकोसेरो, ब्वाँसा जस्ता प्राकृतिक प्रतीक लगायत विविध प्रतीकहरूको प्रयोगद्वारा कथ्यलाई समप्रेष्य बनाएका छन् । सीतारामका कविता जीवनबोधी छन् । त्यसैले उनी शान्तिको कामना गर्दछन् र युद्धप्रति वितृष्ण छन् । त्यसैले उनी शान्तिको कामना गर्दछन् र युद्धप्रति वितृष्णा छन् । त्यसैले उनी खासगरी नेपाली भूमिमा विगतमा भएका युद्धहरू र अद्यावधिसम्म घट्न नसकेका युद्धका सम्झनाहरूका बारेमा असन्तृष्टि जनाएका छन् । त्यसैले उनी जीवन जस्तै जीवन बाँच्नका लागि चिरशान्तिको कामना गर्दछन् ।

## ४.४.४ भाव विधान

प्रस्तुत **पागल प्रेमी र मेरो देश** कवितासङ्ग्रहमा राष्ट्रप्रेमको भाव मूख्य रूपमा रहेको छ । राष्ट्रमा च्याउझैँ उम्रेका नेताहरूले आफ्नो दुनो सोभ्याउन गरेको चर्तिकला, भोका

नाङ्गा जनताले खान र लाउन नपाएको, बिरामीले औषधी उपचार गनी नपाएर मृत्युसम्म पुग्नुपरेको जस्ता विधि कुराबाट देश डुब्न लागेको देखेर छिमेकी राष्ट्रले हाम्रो देशको सीमाना मिचेको देखेर पनि नेताहरूलाई मतलब नभएर पजेरोमो चढ्न मस्त देख्दा कवि देश डुब्छकी भन्ने पीरले गर्दा पागल बन्न पुगेका छन् । कवि सीतारामका कवितामा जीवनका जिजीविषा र सङ्घर्षका सुन्दर अभिव्यञ्जना छरिएर रहेका छन् । उनलाई राष्ट्रपति पनि त्यत्तिकै कर्तव्य बेध र चिन्ता छ । एकपटक विदेशको भूमिमा पुगेर त्यहाँको जनजीवनबाट अनुभव गरिसकेका कोइराला नेपाली युवा वर्गको विदेश पलायनप्रति सन्तुष्ट देखिँदैनन् । आफ्नो देशमा आफ्नो धतीमा आफ्नै पौरखले नवयुगीन विकास गर्न सकिने उनको धारणा छ । यस अतिरिक्त उनका कवितामा विश्व मानवतावादी चेतना, मानवीय सह-अस्तित्त्व आइचारा आदिका भावनाहरू पनि गुञ्जिएका छन् । उनी सुन्दर प्रममय संसारको रचना गर्न चाहन्छन् । उनका कवितामा वर्तमान समयका विकृति विसङ्गतिप्रति पनि व्यङ्ग्य प्रकार गरिएको छ । सितारामका कविता जीवन बोधी छन् । त्यसैले उनी शान्तिको कामना गर्दछन् र युद्धप्रति वितृष्णा छन् ।

प्रस्तुत कवितांश *अजिङ्गरी काजीहरू र देश* बाट साभार गरिएको छ । यहाँ कविले आफ्नो मुलुकमा असत्त सन्तानको जन्म हुन नसक्नु र खराब सन्तानले देशलाई नै डुबाउन खोजेको भाव अभिव्यक्त गरेका छन् ।

साथी ! यो मुलुकमा
सधैँ अजिङ्गरी काजीहरू मात्र जन्मे
यो मुलुकले कहिल्यै दधीचि जन्माउन सकेन
यो देशमा कुनै कुन्ति आमाहरू नभएर हो कि
दुर्योधन काजीको अत्याचारमा
कुनै अर्जुनहरू जन्मेनन्
सधैा अजिङगरी काजीहरू जन्माउने धर्तीले
कहिल्यै विदूर भाइहरू जनमाउन सकेन ।

(अजिङ्गरी काजीहरू र देश, पृ. ४७)

यहाँ कविले आफ्नो प्यारो देश नेपालमा अजिङ्गर रूपी काजीहर मात्र जन्मेको र अर्जुन, दधीचि जस्ता असल पुत्रहरू जन्माउने आमाहरू नभएर हो कि विदूर जस्ता भाइहरू यस धर्तीले जन्माउन नसकेर अजिङ्गर काजीहरूले देशलाई सिङ्गै निल्न खोजिरहेको जसका कारण देशमा कुनै विकास हुन र उन्नतिको बाटोमा अगाडि बढ्न नसकेको कुरा व्यक्त गरेका छन् । सीतारामका कविता जीवनबोधी छन् । त्यसैले उनी शान्तिको कामना गर्दछन् र युद्धप्रति वितृष्ण छन् । खासगरी नेपाली भूमिमा विगतमा भएका युद्धहरू र अद्यावधिसम्म हट्न नसकेका युद्धका सम्झनाहरूका बारेमा असन्तुष्टि जनाउन उनको कलम पछि परेको छैन । त्यसैले उनी जीवनजस्तै जीवन बाँच्नका लागि चिर शान्तिको कल्पना गर्दछन् ।

कवि सीतारामका केही सुन्दर अभिव्यक्ति यहाँ प्रस्तुत गरिएको छ :

प्रस्तुत कवितांश *कविता प्रतिको प्रतिबद्धता*बाट साभार गरिएको छ । यहाँ कविले नेपाली जनजीवनमा देखा परेको गरिनिको समस्यालाई कविता मार्फत अभिव्यक्त गरेका छन् ।

उनको मन
कहिले बिरामी खर्च तिर्न नसकेर च्यातियो
कहिले स्कुलको फि तिर्न नसकेर अत्तालियो

(कविता प्रतिको प्रतिबद्धता, पृ. २३)

यहाँ नेपाली चेलीलाई आर्थिक अभावका कारण कहिले बिरामी खर्च तिर्न नसकेर मन च्यातिएको र कहिले स्कुलको फि तिर्न नसकेर अत्तालिएको भाव कवितामार्फत अभिव्यक्त भएको छ ।

प्रस्तुत कवितांश *वैलीएकी धर्ती* शीर्षकको कविताबाट साभार गरिएको छ । यहाँ कविले पुरातन सोच र तुहिएका विचार आफूलाई मन नपरेको कुरा जनाएका छन् ।

मेरा बा र हजुरबाका तुहिएका विचारहरू
कहिल्यै विद्रोहको आगो सल्काउन नसक्ने
सिनोझैं गन्हाएका प्रार्थनाहरू र समाधिहरू
अब मलाई स्वीकार्नु छैन ।

(वैलीएकी धर्ती, पृ. ४६)

यहाँ पानी वर्षाउन बा हजुरबाहरूले प्रार्थना र समाधि गरेको र धर्ती माता वैलीको देखेर ती प्रर्थना र समाधि अनि तुहिएका विचारहरू मेरा लागि स्वीकार्य छैन भन्दै विद्रोहको भाव जनाएका छन् ।

यसरी युगचेत, वर्तमान बोध, राष्ट्रबोध, प्रगतिको चाह,  समुन्नत नेपाल र सुखी नेपालीको कल्पना, निश्छल प्रेमको चाह, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य-विद्रोह, भाषा साहित्यप्रति अनुराग, युद्धप्रति घृणा, शान्तिको समर्थन, जीवनको लक्ष्यप्रति जज्ञासा पुरातनताको विरोध, नवीनताको चाह, अँध्यारोको अन्त्य र उज्यालोको स्थापनाको आग्रह, युवासुलभ सृजनाकाङ्क्षा, आशा, विश्वास, प्रेम, बन्धुतव, मानवत्व, राष्ट्रिय अस्तित्त्व, स्वाभिमानको रक्षा, कर्मको निर्मलता, अग्रगमनको सोच, सकारात्मक चिन्तनको खोज जस्ता विविध भावहरू, विविध शीर्षकहरूका कवितामा पोखिएकाले प्रस्तुत कृति समीचीन सान्दर्भिक र अर्थपूर्ण साहित्यिक सम्प्राप्तिका रूपमा प्रस्तुत भएको देखिन्छ ।

## ४.४.५ भाषाशैली

कविताको निर्माण गर्ने स-साना लघु घटक वर्ण, शब्द पदवली, वाक्यखण्ड, वाक्य र अनुच्छेदहरूलाई भाषाशैली भनिन्छ । भाषाशैली भित्रका विभिन्न लघु घटकहरूको समुचित विन्यास नै भाषाशैली विन्यास हो । कृतिका संरचक घटकका सन्दर्भमा भाषाशैली चयन, अग्रभूमिकरण, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ (गौतम, २०६२ : ५६७) ।

**पागल प्रेमी र मेरो देश** कवितासङ्ग्रहका कविताहरूको भाषा कतिपय प्रबुद्ध पाठकका निम्ति मात्र बोधगम्य छने भन् अधिकांश कविता सरल सरस र सम्प्रेषणीय गद्य लयात्मक शैलीमा लेखिएका छन् । प्रस्तुत कवितासङ्ग्रहभित्र विविध बिम्ब प्रतीकका साथै तत्सम, तत्भव तथा अगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । समूद्र, पशुपक्षीं, आँधिबेहरी, डाँडापाखा, भञ्ज्याङ, उकाली, ओराली, हिमनदी, साँझ, बिहाद, वन, वृक्ष, दिन, रात, चन्द्र, सूर्य, फूल, फल, मेला, जात्रा, डमरु, खैजडी, मादल, दशैं, इन्द्रदेव, दधीचि, दुर्योधन, विच्छि,

सर्प, अजिङ्गर, लाटो कोसेरो, ब्वाँसा आदि शब्दहरूको प्रयोग गरिएको छ । कविले सुनगाभा, बैंस समस्याका भोका डाँडा, जिजीविषाको कठघरा, आकाशको छानो, चन्द्रमाको झ्याल जस्ता सालङ्कृत शब्दावलीको पनि सुन्दर प्रयोग गरेका छन् । यसर्थ उनको कविताको भाषाशैली पक्ष सरल, सरस, बौद्धिक, रोचक र सुपाच्य बन्न सफल भएको छ ।

### ४.४.५.१ लयविधान

कविता काव्यको महत्त्वपूर्ण तत्त्वको रूपमा लयविधानलाई मानिन्छ । लयले नै कविताको पहिचान गराउँछ । कवितामा लयले लालित्य सिर्जना गराउँछ अनि श्रुतिमोहक समेत गराउँछ । मानवीय जीवनमा गतिको लयलाई कविताको लयले सबैभन्दा बढी कविता विधा लोकप्रिय र प्रभावपूर्ण विधा हुन सक्षम भएको छ । भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत श्लोकात्मक र अनुच्छेदात्मक उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गितिक ध्वनिगत स्थितिलाई लय भनिन्छ (त्रिपाठी र अन्य, २०६५ : १९) ।

कविता काव्यमा उच्चारणगत वा गायनको तौरतरिका, स्वर, गति, यति, आरोह, अवरोह, अनुप्रासीय ढाँचा, लालित्य, शब्दोच्चारणादि विधान लगायतलाई लयविधान भनिन्छ (पण्डित, २०६६ : ६७) ।

प्रस्तुत **पागलप्रेमी र मेरो देश** कवितासङ्ग्रह भने मुक्त गद्यलयमा लेखिएको छ । यसमा कहीँ कतै पनि पद्यात्मक लय प्रयोग पाइँदैन । कवितामा लयको प्रयोग नभएको भए पनि शब्दहरू भने सरल, रोचक र मार्मिक प्रयोगले कविताका हरफहरू उत्कृष्ट बनेका छन् । अन्तरलयले गर्दा कविता प्रभावकारी बनेको छ ।

छन्दले कवितात्मक भाषाशैलीलाई आकर्षक, सजीव र चमत्कारपूर्ण बनाइदिन्छ किनभने यसमा गेयता र सर्गबद्धतासमेत हुन्छ (पराजुली, २०४६ : २५८) ।

कविता काव्यमा छन्दको महत्त्व र उपादेयता कसरी बढी झल्कन्छ भने छन्दोबद्ध कविताले नै लयविधानलाई पक्रिई कवितात्मक श्रुतिमाधुर्य उद्घाटित गर्दछ । प्रस्तुत **पागलप्रेमी र मेरो देश** कवितासङ्ग्रहमा शास्त्रीय छन्दको अनुशरण नगरी गद्य शैलीका

कविताहरू रहेका छन् । यहाँ छन्दलाई पहिचान गर्न सकिँदैन तर पनि कविता भने ज्यादै रोचक बन्न पुगेको छ ।

### ४.४.५.२ रस

काव्य विषयको दर्शन अनि श्रवणबाट मनमा उत्पन्न हुने भाव, विभाव, अनुभाव र सञ्चारी भावको योगद्वारा निष्पन्न हुने आनन्दानुभूति विशेष शृङ्गार, हाँस्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, शान्त र अद्भूत यिनै नवरसलाई रस भनिन्छ (पण्डित, २०६६ : ६३) । हृदयले जुन कुराको आस्वादन गर्छ वा स्वाद ग्रहण गर्छ त्यही नै रूप हो (पराजुली, २०४६ : २७९) । काव्य पढ्दा, सुन्दा र नाटक अभिनय गर्दा पाठक वा भावक दर्शकलाई जुन किसिमको आनन्द निष्पन्न हुन्छ, रमणीय भावोत्पन्न हुनजान्छ, त्यही आनन्दानुभूति नै रस हो । प्रस्तुत कवितासङ्ग्रह **पागलप्रेमी र मेरो देश**मा कविले धेरैजसो वीर रसको प्रयोग गरेका छन् ।

जस्तै : पर्ख है ए मेरी आमा !

अब म गाण्डीव उचाल्छु
अर्जुनको लडाइँ लड्छु
र भत्काउँछु यी पुराना
आस्थाका धरोहर (कायाकल्प, पृ. ३५)

प्रस्तुत कवितामा कविले विद्रोही भाव प्रकट गरेका छन् । देशका तक्षकहरूले फँडा फिँजाएर आमालाई डसिरहेको बेला आफू सङ्ग्राममा उभिन सकूँ भन्दै कविले अब म एक्लै गाण्डीव उचाल्छु, अर्जुनको लडाइँ लड्छु र भत्काउँछु पुराना आस्थाका धरोहरहरू भन्दै वीरभाव प्रकट गरेका छन् ।

### ४.४.५.३ अलङ्कार

अलङ्कारको अर्थ सजाउनु हो र कविताको सौन्दर्यका लागि अलङ्कार आवश्यक देखिन्छ । अलङ्कार काव्यको शोभाकारक तत्त्व हो । कविताको सौन्दर्य अभिवृद्धि गर्ने

भूमिकाका आधामा अलङ्कार दुई किसिमको हुन्छ । शब्दालङ्कार र अर्थालङ्कार । शब्दमा चमत्कुत प्रदान गर्नेलाई अर्थालङ्कार भनिन्छ (गौतम, २०६२ : ५३७) ।

**क) उपमा अलङ्कार**

प्रस्तुत कवितासङ्ग्रहमा उपमा अलङ्कारको प्रयोग यसरी भएको छ :

शकुनी झैँ मौका कुरेर बस्छ
दुर्योधन झैँ दुःस्वप्न देखेर बस्छ
पितामह झैँ थक्क थक्क गरेर बस्छ
अँध्यारो कुरु क्षेत्रको युद्ध रच्न खोज्छ (म हुँ बिहानी, पृ. ६४)

यहाँ शकुनी-उपमान, मौका-उपमेय, कुरेर-धर्म, झैँ-वाचक आदि शब्दको प्रयोगले उपमा अलङ्कार बन्न गएको छ ।

**ख) अनुप्रास अलङ्कार**

पाउको अन्त्यमा समान वर्णको पुनरुक्ति भएमा अन्त्यानुप्रास अलङ्कार हुन्छ ।

यी खाली हातहरू
यी भोका पेटहरू
यी तनका रोगीहरू
यी मनका उदासीहरू (पागल प्रेमी र मेरो देश, पृ. ३८)

यहाँ हातहरू, पेटहरू, रोगीहरू, उदासीहरू शब्दका अन्त्यमा आएका वर्णहरू समान भएकाले अन्त्यानुप्रास अलङ्कार बन्न गएको छ ।

## ४.४.६ निष्कर्ष

प्रस्तुत **पागल प्रेमी र मेरो देश** कवितासङ्ग्रह कवि सीताराम कोइरालाको तेस्रो पुस्तकाकार कृति हो । उनन्चालिस (३९) वटा कविताहरू समावेश गरिएको यस कृतिमा

प्रयुक्त कविताहरूको भाषाशैली शिष्ट, स्तरीय र परिष्कृट देखिन्छ । विशेषतः अधिक मात्रामा प्राकृतिक बिम्ब र प्रतीकको प्रयोग साथै तत्सम तत्भव झर्रा र आगन्तुक शब्दहरूको उपयुक्त समन्वयले भाषालाई निकै ओझपूर्ण बनाएको पाइन्छ । यस कृतिमा सङ्कलित कविताहरू सबै गद्य लयमा रचना गरिएका छन् । अधिकांश विषयवस्तुले वास्तविक जीवन जगतको यथार्थ चित्रण गरेको पाइन्छ । उनका कवितामा जीवनका जिजीविषा र सङ्घर्षका सुन्दर अभिव्यञ्जना छरिएर रहेका छन् । उनका कवितामा प्रयोगशीलता पाइन्छ भने समसामयिक चेतना पनि मुखरित भएको पाइन्छ ।

कोइरालाका कविताहरू जीवनबोधी छन् । त्यसैले उनी शान्तीको कामना गर्दछन् । युद्धप्रति वितृष्ण छन् । उनलाई राष्ट्रप्रति पनि त्यत्तिकै कर्तव्यबोध र चिन्ता छ । एकपटक विदेशको भूमिमा पुगेर त्यहाँको जनजीवनबारे अनुभव गरिसकेका कोइराला नेपाली युवावर्गको विदेश पलायनप्रति सन्तुष्ट देखिँदैनन । आफ्नो धर्तीमा आफ्नै पौरखले नवयुीन विकास गर्न सकिने उनको धारणा छ । यस अधिरिक्त उनका कवितामा विश्व मानवतावादी चेतना, मानवीय सह-अस्तित्त्व, भाइचारा आदिका भावनाहरू प्रस्तुत भएका छन् । खासगरी नेपाली भूमिमा, विगतमा भएका युद्धहरू र आद्यावधिसम्म हट्न नसकेका युद्धका सम्झनाहरूका बारेमा असन्तुष्टि जनाएका छन् । त्यसैले उनी जीवनजस्तै जीवन ज्यूनका लागि शान्तीको कामना गरेका छन् । विविध शीर्षकहरू कवितामा पोखिएकाले प्रस्तुत कृति सान्दर्भिक र अर्थपूर्ण साहित्यिक सम्प्रतिका रूपमा प्रस्तुत भएको देखिन्छ । यस सङ्ग्रहका कविताहरू गद्यात्मक भए पनि आन्तरिक लय, अलङ्कार, बिम्ब, प्रतकिको प्रयोगले कविता उत्कृष्ट बनेको छ । काव्यिक भाषाले ओजनदार बनाएको छ । भाषा सरल र बोधगम्य छ ।

## ४.५ 'सम्झनाको कोलाज' लघु कथाको अध्ययन

प्रस्तुत लघुकाव्य **सम्झनाको कोलाज** कोइरालाको चौथो प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिलाई कोइरालाले लामो कविताका रुपमा पनि लिएका छन् । यसलाई लामो कविता भनिएको भए तापनि लघुकाव्यकै रुपमा रहे तापनि कवितासङ्ग्रहको रुपमा स्वीकार गरिएको छ । यस लघुकाव्यभित्रका कविताहरूलाई शीर्षक, संरचना, कथावस्तु, पात्रविधान,

भावविधान, भाषाशैली, अलङ्कार, बिम्ब प्रतीक आदिका आधारमा अध्ययन गरिएको छ । यसभित्र रहेका कविताहरू प्रेमको कोलाज एक, प्रेमको कोलाज दुई, तीन गरी पाँचसम्म, त्यस्तै बिराएको यात्रा पनि पाँचसम्म, पर्खाइको पीडा पनि एकदेखि पाँचसम्म, प्रेमको चिराग एकदेखि पाँचसम्म र मौसमी यादहरू पनि एकदेखि पाँचवटा र अन्त्यमा उपसंहार एकबाट पाँचवटासम्म शीर्षक दिएर तीसवटा शीर्षकमा कविता तयार पारिएको छ ।

### ४.५.१ शीर्षक

शीर्षक काव्यको पहिलो तत्त्व हो । काव्यले व्यक्त गर्न खोजेको भाव शीर्षकले बहन गरेको हुन्छ । शीर्षकले काव्यको समष्टिगत छनक दिन्छ । काव्यको शीर्षक अभिधात्मक वा प्रतीकात्मक जस्तासुकै भए पनि छोटो, मीठो र कविता सुहाउँदो हुन्छ । यसर्थ कुनै पनि लेख, रचना, ग्रन्थ आदिको टाउकोमा रहने तत्त्व नै शीर्षक हो ।

शीर्षकले कृतिभित्र समाविष्ट विषयवस्तुहरूको मूलभाव सङ्केत गराउँछ । साहित्यकार सीताराम कोइरालाको प्रस्तुत लघुकाव्य सम्झनाको कोलाजलाई प्रेमको कोलाज, विराएको यात्रा, पर्खाइको पीडा, प्रेमको चिराग र मौसमी यादहरू जस्ता उपशीर्षकहरू दिएका छन् । उनका कविताहरूले प्रेम बोलिरहेका छन् र प्रेमको कोलाजका रूपमा प्रस्तुत काव्यको शीर्षक सम्झनाको कोलाज नामकरण गरेका छन् । कविले विभिन्न शीर्षकहरूमा यसलाई बाँडेर प्रेमको दर्शन बोलेका छन् । जीवनका अन्य विसङ्गतिजन्य परिस्थिति र मनमुटावहरू त्यागेर हृदयमा प्रेमको कोलाज निर्माण गर्नु अनुरोध गरेका छन् । विसङ्गति र विपुत्तावीच बाँच्नुपरेको जीवनमा प्रेमिका अर्थात् अनुराधाप्रतिको प्रेमाशक्ति र पर्खाइ छ ।

### ४.५.२ संरचना

**सम्झनाको कोलाज** लघु काव्यलाई संरचनात्मक रूपले हेर्दा कुनै कुनै लघु र कुनै मध्यम आकारका देखिन्छन् । प्रस्तुत लघुकाव्य **सम्झनाको कोलाज** १०७ पृष्ठमा संरचित छ । यो मध्यम आकारको कृति हो । प्रस्तुत काव्यको पहिलो कविता चार पृष्ठमा संरचित

छ । पङ्क्ति पुञ्जहरू गद्य शैलीमा लेखिएका छन् । पहिलो कविताको नामकरण *प्रेमको कोलाज एक* भनेर गरिएको छ । *प्रेमको कोलाज दुई* तीन पृष्ठमा संरचित छ । *प्रेमको कोलाज तिन* पनि तीन पृष्ठमा नै संरचित छ । *प्रेमको कोलाज चार* तीन पृष्ठ र *प्रेमको कोलाज पाँच* दुई पृष्ठमा संरचित छ । *विराएको यात्रा एक* र *विराएको यात्रा दुई* तीन पृष्ठमा संरचित छ । *विराएको यात्रा तिन* र *विराएको यात्रा चार* दुई पृष्ठमा संरचित छ । *विराएको यात्रा पाँच* तीन पृष्ठमा संरचित छ । *पर्खाइको पीडा एक* र *पर्खाइको पीडा दुई* तीन पृष्ठमा संरचित छ । *पर्खाइको पीडा तिन* दुई पृष्ठमा संरचित छ । *पर्खाइको पीडा चार, पर्खाइको पीडा पाँच* तीन पृष्ठमा संरचित छ । *प्रेमको चिराग एक, दई, तिन चार* र *पाँच* सबै शीर्षकहरू तिन पृष्ठमा संरचित छन् । *मौसमी यादहरू एक र दुई* तीन पृष्ठमा संरचित छन् । *मौसमी यादहरू तीन* चार पृष्ठमा संरचित छ ।

*मौसमी यादहरू चार र पाँच* तीन पृष्ठमा संरचित छन् । *उपसंहार एक र दुई* चार पृष्ठमा संरचित छन् । *उपसंहार तीन* पाँच पृष्ठमा संरचित छ । *उपसंहार चार* तीन पृष्ठमा संरचित छ । काव्यको अन्तिम शीर्षक *उपसंहार पाँच* तीन पृष्ठमा संरचित छ । यसप्रकार लामोमा पाँच र छोटोमा दुई पृष्ठसम्म रचना गरिएको काव्यमा पङ्क्ति पृञ्जहरू भने छुट्याइएको छैन ।

## ४.५.३ कथावस्तु

**सम्झनाको कोलाज** लघुकाव्यभित्र समावेश गरिएका काव्यहरूको मूख्य कथ्यलाई संक्षेपमा अध्ययन गरिन्छ :

प्रस्तुत काव्यको पहिलो शीर्षक *प्रेमको कोलाज एकमा* कविले प्रेमका कुरा गरेका छन् । किनकी कविले आफूलाई प्रकृतिसँग तुलना गर्दै प्रियसीको यादमा तड्पिनुको विवशता र त्यो अवस्था एउटा अग्निपरीक्षा भएको कुरा आफ्नी प्रेमीकालाई भनेका छन् ।

*प्रेमको कोलाज दुई*मा कविले आफ्नी प्रेमीकासँगको भेट हुँदाका कुराहरूलाई सम्झिएर वर्तमानमा आफू प्रियसीको यादमा तड्पिएको बेला म उनको सम्झनालाई किन रोकुँ भन्दै प्रेम सागरमा परिणत नहुन्जेलसम्म म अविरल अविच्छिन्न बग्नुपर्छ यो यात्रालाई म किन रोकुँ भन्ने भाव प्रस्तुत गरेका छन् ।

*प्रेमको कोलाज तीन*मा कविले आफ्नी प्रेमिकाको यादमा तड्पिनुको कुनै अर्थ नरहेको कुरा अभिव्यक्त गरेका छन् । किनकि अब ऊ अर्कैकी भैसकेकी छ । केवल सम्झनाको तरेलीमा बाँचेर आनन्द लिनुको मजा छुट्टै छ भन्दै तिम्रो सम्झनाको तरेलीबाट अग्नि जलाउन सकूँ र त्यही अग्निमा डढिरहन पाउँ भनेका छन् ।

*प्रेमको कोलाज चार*मा कविले अन्त्यमा आफ्नी प्रेमिकालाई दिनयोग्य कुरा केही नभएको भाव अभिव्यक्त गरेका छन् । सम्पत्तिको नाममा पनि केही दिन नसक्नु अनि तन पनि उनलाई बिझाउने भएको हातमा ठेउला उठेर उनको सुकोमल तनलाई बिझाउन सक्छ भनेका छन् ।

*प्रेमको कोलाज पाँच*मा कविले आफ्नी प्रेमिकाको नयनले बोलेका निर्मल हृदय ओठाका कोमल भाषाहरू, परीको चालजस्ता कुराहरूलाई आह्वान गर्छन् तिम्रालागि, सम्झनाहरू भन्ने कुरा अभिव्यक्त गरेका छन् ।

*विराएको यात्रा एक*मा कविले बाटो विराउनेसँग प्रीति नगाँस्नु है भन्थिन् मेरी आमा भन्दै आफूसँग प्रेम गाँस्न आउने प्रेमिकाले बाटो बिराएको कुरा अभिव्यक्त गरेका छन् ।

*विराएको यात्रा दुई*मा कविले धनी र गरीव नि ठूला र साना जातको यो दुर्गन्धित खेल कसले रच्यो भन्दै जुन जातको फूल उसमा रोप्नुपर्छ यी साङ्ला चुँडाल्न नसक्नेहरू गन्तव्यमा पुग्नु अघि यात्रा विराउँछन् त्यसैले प्रेमको यात्रामा निस्कने यात्रीहरू सावधान यात्रा बिराउनु अघि आफूलाई एउटा सिपाही ठान भनेका छन् ।

*बिराएको यात्रा तीन*मा कविले आफूले दोबाटोमा गुलाबको फूल लिएर प्रतिक्षामा बसिरहेको बेला अर्कै आएर मन मोडेर उनी गएको देखेर नसर्नुपर्ने मन सऱ्यो तिनीबाट नबिराउनुपर्ने यात्रा विरायो तिनीबाट भन्दै आफ्नो दुःखेसो पोखेका छन् ।

*विराएको यात्रा चार*मा कविले आफ्नो प्रियसीको वियोगमा बढी चोट सहँदा सहँदै आँसूको मुहान सुकेर कहिल्यै खुसीको पालुवा पलाउन नसकेको कुरा व्यक्त गरेका छन् ।

*विराएको यात्रा पाँच*मा कविले आफू केवल रित्तो भएको र त्यस्तो अवस्थामा प्रियसीले उनलाई मन पराएको कारण मेरो हरेक चिजहरू लैजाउ र मनको सुन्दर सन्दुसमा सजाएर राख भन्ने विचार अभिव्यक्त गरेका छन् ।

*पर्खाइको पीडा एक*मा सपनाको राजकुमार घुम्टो र एक चिम्टी सिन्दुर लिएर आउने प्रतिक्षामा आँगनको डीलमा पर्खिएर बस्दा ऊ कहिल्यै नआएको कुरा कविले अभिव्यक्त गरेका छन् ।

*पर्खाइको पीडा दुई*मा अनुराधालाई उसको प्रेमीले म फर्किएर आउने छु एकदिन सँगसँगै यात्रा गर्न भन्दै क्षितीजमा हराएको र पछि धेरै समयसम्म आँखाबाट आँसु झार्दै मिठा सपनाहरू बुन्दै बस्दा पनि ऊ नआएको कुरा कविले दर्साएका छन् ।

*पर्खाइको पीडा तीन*मा आरुका हाँगाबाट किन चिहाइरहेकी अनुराधा कसलाई खोजीरहेकी अब दुःखीरहेको मनमा मलमपट्टि लगाउनु पर्छ, ओठहरूमा लाली चढ्नुपर्छ आरुका फूलहरूमा जस्तै बासन्त कोइली बन्नुपर्छ तिमी मिठो गीत गाउन भन्ने भाव कविले व्यक्त गरेका छन् ।

*पर्खाइको पीडा चार*मा पर्खाइको पीडालाई सहन नसकेर आत्महत्या गर्ने प्रयास गर्दा गाह्रो हुँदो रैच । आत्मदह गर्न भन्दै मेरो हत्या गर्न तिमी आऊ ता कि म शान्त हुन सकूँ र कहिल्यै नब्यूँझिउन् पर्खाइका पीडाहरू भन्ने विचार कविले दर्शाएका छन् ।

*पर्खाइको पीडा पाँच*मा आफ्नो प्रेमीले प्रेमिकालाई भो अब पर्खिन छोडिदेउ मलाई सम्झन पनि छोड विगतलाई बिर्सिदेउ र मौन भएर बस्ने हठ तोड जबकी धनी र गरिब अनि ठूलो र सानो जात जस्लाई तोड्ने तिमीसँग हम्बर रहने र मसँग कुनै गैँची रहेन मलाई पर्खनु भूल हुनेछ तिम्रा भन्ने भाव कविले आफ्नो कवितामार्फत अभिव्यक्त गरेका छन् ।

*प्रेमको चिराग एक*मा प्रेमको चिरागका रूपमा शीर्षक दिएर कविले अहिलेसम्म पर्खिएर तड्पिएर बसेकी धाँजा फाटेझैँ फाटेका मनलाई लिएर आँसु झार्दै बसीरहेका बेला प्रेमी आएर आऊ मसँग मेरो नजिक मुस्कुराउ मसँग खुशीका लहलह ढाला लिएर बग्न सिकाउने छु । तिमी आऊ मात्र म भित्र प्रेमको चिराग बलिरहको तिमी देख्ने छौ । तिम्रा लागि भन्दै खुशीको बहार छाएको भाव व्यक्त गरेका छन् ।

*प्रेमको चिराग दुई*मा प्रेमीले आफूले गर्दा तड्पिरहेकी प्रेमिकालाई सूर्य उदयपछिको पहारिलो घाम लाग्दा जस्तो अवस्था आउँछ त्यस्तै तिमीमा पनि डढेको मन सङ्लग्न र फेरी

मन पलाउँछ म आउनेछु र देख्नेछौ मेरो मनमा पलाएको प्रेमको चिराग भन्ने विचार कविले अभिव्यक्त गरेका छन् ।

*प्रेमको चिराग तीन*मा बसौँदेखि गाँसेको प्रेम अब प्रेमिका पराइ हुन्छिन् । उनको सम्झनामा सालको फेदमा एउटा ढुङ्गा गाडेको छु त्यो ढुङ्गोलाई मैया नानीको प्रेमको चिराग बलिरहेको देखेको छु यो अनकन्टार जङ्गलमा भन्दै कविले प्रेमी प्रेमिका बिचको प्रेमको चिराग प्रस्तुत गरेका छन् ।

*प्रेमको चिराग चार*मा प्रेमी र प्रेमिका बिच लामो समयसम्म भेटघाट हुन नसकेको कारण विगतका पलहरूलाई सम्झँदै हामी भेट हुन सके के के गुनासो पोख्यौ होली तिमी मोहक मुस्कान तिमीसँग छन् कि छैनन् अहिले ? कतै अञ्जुली भरिका आशाका तारहरू कतै निभायौ कि बल्दैछन् अझै भनेर कविले प्रेमको चिराग प्रस्तुत गरेका छन् ।

*प्रेमको चिराग पाँच*मा कविले जबकी तिम्रो प्रेमीले तिमीलाई छोडेर गइसकेपछि कुनै फोन पत्रमा समेत सम्पर्क छैन भने व्यर्थमा तिमी उसलाई कुरेर किन बसीरहन्छ्यौ । नफर्कने खोला झैँ गयो ऊ तिम्रो पँधेरीबाट यस्तै हो । जीवन किन यो असफल चिरागलाई हृदय भरी बाली हिँड्थ्यौ आफ्नो यात्राको अघि र पछि भन्दै कविले असफल भएको प्रेमको चिराग प्रस्तुत गरेका छन् ।

*मौसमी यादहरू एक*मा कविले दश वसन्त अघिको त्यो कौमार्य जीवनको त्यस मौसमको यादले किन आजकल सताइरहन्छ उनलाई कति सुन्दर बिहानी थियो जीवनको मन कनै दुख्दैनथ्यो हीरा जस्तो जीवन हेर्दाहेर्दै जीवनको त्यस मौसमको यादले निथ्रुक्क भिज्दै छिन उनी यतिबेला भन्दै कविले मौसमी यादहरू दर्साएका छन् ।

*मौसमी यादहरू दुई*मा कविले विगतका मौसमी यादहरू मनको पिँधबाट तप्ततप्प, तप्पतप्प चुहिरन्छन् । हामी बग्न थाल्यौँ नदीजस्तै भावनामा आकासिन कस्ले रोक्न सक्थ्यो र चन्द्रमा जस्तै हाम्रो प्रेम स्मृतिको पत्र-पत्रबाट ती मौसमी यादहरू तप्किरहेछन् भन्दै कविले प्रेमी र प्रेमिका बीचको प्रेम कथालाई मौसमी यादका रूपमा अभिव्यक्त गरेका छन् ।

*मौसमी यादहरू तीन*मा कविले रङ्गीन संसारको रङ्गीन यात्रामा सुन्दर प्रकृतिको दृश्यापन गरिरहेछु भन्दै प्रेमीले अनुराधालाई सम्बोधन गर्दै तिमी दह किनारमा उभिएर

तरङ्ग चलाइरहेको मैले नियालिरहेकी छु तिमीलाई के थाहा म भित्रको वर्षौं देखिको उष्णताको छटपटाहट, भर्खर दहको पानीको स्पर्शले शितलता दिइरहेको छ । जुन दह विचारको दह, प्रेमको दह अनि उत्कर्षको दह तिम्रो भावनाले निलो आकाशबाट देखन सकुन मलाई र हाम फाल निर्धक्क यो निलो दहमा र तिम्रा ओठहरूलाई स्पर्श गर्नेछन् भन्दै प्रेमिकालाई मौसमी यादहरू दिलाएको कुरा कविले अभिव्यक्त गरेका छन् ।

*मौसमी यादहरू चार*मा कविले प्रेमीले प्रेमिकासँग साथमा हुँदाखेरी गरेका क्रियाकलापहरू हरेक वर्षको साउनको मनसुन वर्षदा सम्झन्छ र गण्डकीको किनार किनार खोज्न थाल्छु उनको पदचापहरू र रोमाञ्चित हुन्छु त्यो पुरानो स्मृति सम्झिएर भन्दै आफ्ना विचार प्रस्तुत गरेका छन् ।

*मौसमी यादहरू पाँच*मा कविले टुटेका गितारका तारहरूबाट अविश्रान्त विछोडका धुनहरू बजिरहे जोडिन्नन् अब ति तारहरू । जुन दित चराहरू लय हालेर प्रीतिको गीत गाउँथे तिमी नाचिरहेकी हुन्थ्यौ, मुस्कुराएकी हुन्थ्यौ म उफ्रिरहेको हुन्थेँ । दुइ दशक पछि महशुस गरिरहेछु कहिल्यै नपुरिने चोट प्रेम रहेछ । विरहका धुन अविश्रान्त बजिरहे विछोडका धुनहरू भन्दै प्रेमिले विगतका मौसमी यादहरूको सम्झना गरेको कुरा कविले अभिव्यक्त गरेका छन् ।

*उपसंहार एक*मा कविले आजका मान्छेमा उत्साहका फुलहरू फुल्दैनन्, किन धानका बालाहरू झुल्दैनन्, मनका फाँटहरूमा भन्दै वर्तमान समयको मान्छेहरूको भोग्नुपरेको सङ्घर्ष र विवशताका कुराहरूलाई दशाउँदै प्रेमले मान्छेलाई पगाल्न सक्छ । भाइचाराको सद्भावलाई माथि उचाल्छ त्यसैको लागि आउनुहोस् प्रेमको न्यानो हात मिलाउन अनि फुल्छन् उत्साहका फुलहरू जीवनमा भन्ने भाव प्रस्तुत गरेका छन् ।

*उपसंहार दुई*मा कविले सृष्टिको संरचनालाई नियाल्दै चराले आफ्नो बचेरालाई खोजी खोजी किन खुवाउँछन्, आमाले आफ्नो छाती किन चुसाइन यस्तो प्रेममा हुर्कीएको प्राणीले आफ्नो भाइचारा किन जन्मउन सकेन किन विश्वयुद्ध भयो प्रेमलाई बिर्सिएर भन्ने भाव प्रस्तुत गरेका छन् ।

*उपसंहार तीन*मा कविले वैदिक काल र वर्तमान समयको तुलना गरेका छन् । किनकी परापूर्व कालमा तसप्यामा बसेका ऋषिमुनिहरू त अप्सराहरूको प्रेमले पग्लिएथे तर

आज प्रेम क्षत्‌विक्षत कारागारमा थुनिएको छ । त्यसैले त बम बारुद र गोलाको वर्षा हुन्छ अनि युद्ध चर्किन्छ भनेर वर्तमानका मान्छेको स्वभाव प्रति असन्तुष्टि प्रकट गरेका छन् ।

*उपसंहार चार*मा कवि प्रेम बोलिरहेछन् किनकी आतङ्कको सिरानी र राइफलको गोलीभित्र कदापि प्रेमको माला हुन सक्दैन भन्दै मान्छेमा मानवताको भावना हराएको कुरा अभिव्यक्त गरेका छन् ।

*उपसंहार पाँच*मा कविले अनुराधालाई सम्बोधन गर्दै स्वर्गबाट अप्सराहरूले बुर्बुर प्रेमको रङ् झारेका छन् भन्ने भाव अभिव्यक्त गरेका छन् ।

यसप्रकार **सम्झनाको कोलाज** शीर्षकको लघुकाव्यमा खासगरी युद्ध आतङ्क र विद्रोहले झगडा भइरहेको अवस्थामा प्रेमको फूल फुलाउन सन्देश दिएका छन् कविले ।

## ४.५.३ पात्रविधान

प्रस्तुत **सम्झनाको कोलाज** शीर्षकको लघुकाव्यलाई कविले लामो कविताको संज्ञा दिएका छन् । उक्त काव्यमा विभिन्न शीर्षक तथा उपशीर्षकहरू दिइएको छ । यहाँ कविले पात्रहरू क्षिण रूपमा प्रस्तुत गरेका छन् । धेरै जसो कविताहरूमा प्रेमी र प्रेमिकालाई सङ्केत गर्दै तिनैलाई पात्रका रूपमा उपस्थित गराएका छन् भने कुनै कुनै काव्यमा मात्र पात्रका रूपमा अनुराधालाई उपस्थित गराएका छन् ।

प्रस्तुत काव्यमा मुख्य पात्रका रूपमा प्रेमी र प्रेमीका रहेका छन् । प्रेमिकाका रूपमा अनुराधा रहेकी छन् । प्रेमिका यस्ती खालकी पात्रका रूपमा रहेकी छन् जो आफ्नो प्रेमीको वियोगमा हरसमय तड्‌पिएर बिताउनु परेको छ । सुरुमा आफू प्रेमीको साथमा रहँदा मिठा पलहरूको स्मरण गर्दै वियोगका बेलामा प्रेमीको सम्झनामा दिनहरू गुजार्नु परेको अवस्थालाई कविले चित्रण गरेका छन् भने प्रेमीले तिमी अब मेरो बाटो हेर्न छोडीदेऊ भन्दै प्रेमीकालाई आग्रह गरेका छन् । त्यस्तै आजका मान्छेहरूमा प्रेम हराएको कुरालाई पनि अभिव्यक्त गरिएको छ ताकि कविले प्रेमी मार्फत अब युद्ध आतङ्क जस्ता कुरालाई त्यागेर प्रेमको बीज रोप्न सिकाएका छन् ।

प्रस्तुत काव्यमा कविले प्रेमी र प्रेमिकालाई मात्र प्रस्तुत गरेका छन् भने अन्य पात्रहरूको प्रयोग गरेका छैनन् । मूख्य पात्र प्रेमिकालाई अनुराधा नाम दिएका छन् भने प्रेमीको नाम उल्लेख गरिएको छैन ।

## ४.५.४ भावविधान

**सम्भनाको कोलाज** लघुकाव्यका कवि कोइरालाले प्रेममा मिलन विछोडका कुराहरूलाई मुख्य रूपमा अभिव्यक्त गरेका छन् । एउटा प्रेमीले प्रेमिकालाई छोडेको अवस्थामा उक्त प्रेमिकाले प्रेमि आउने प्रतिक्षामा उसको बाटो कुरेर बसेकी प्रेमिकालाई आफू नआउने कुरा जनाउँदै अब तिमीले मलाई बिर्सिदेऊ भन्दै आफूले पनि विगतका मिलनका कुराहरूको स्मरण गरेको कुरालाई कविले मूख्य भावका रूपमा अभिव्यक्त गरेका छन् । प्रस्तुत लघुकाव्यमा सङ्कलित कविताहरूमा धेरैजसो श्रङ्गारलाई बढी प्रयोगमा ल्याइएको छ । वियोगको पीडामा प्रेमिकाले प्रेमी आउने बाटो कुरेर बसेकी र प्रेमीले पनि मिलन भएको अवस्थाका पलहरूलाई सम्भेर वियोगमा तड्पिएर बसेको अवस्थालाई कविले विप्रलम्ब शृङ्गार रसले अभिव्यक्ति पाएको छ ।

**सम्भनाको कोलाज** लघुकाव्यमा वियोग शृङ्गार यसरी अभिव्यक्त भएको छ :

पर्खन सिकायौ त्यो दिनलाई
म पर्खि बसेँ
दृढ विश्वासको पहाड बनी
सागर भेट्न आउने आशा पालेर
युगौँ देखि यो निलो आकाशले
त्यो पहाड र सागरबीचको
साक्षी बनेर हेरिरह्यो
कति वियोग खपिरहेँ
अनन्त वसन्तहरूमा हलुका हुल
पन्छीहरूले वियोगको गीत गाए

म त्यो पहाड बनी
कति चोट सहैँ
जल र अग्निको
हुरी र धुलोका
मेरो सपनाको राजकुमार
कहिल्यै घुम्टो लिएर आएन
घोामा चढाएर
आकाशमा उडाएर लैजान्छु भन्थ्यो
कुनै घोडा होइन
एक चिम्टी
सिन्दुर पनि लिएर आउनु सकेन ।

(पर्खाइको पीडा एक, पृ. ४४)

प्रस्तुत कविता *पर्खाइको पीडा एक*बाट साभार गरिएको छ । उक्त कवितामा एउटी प्रेमिकाले प्रेमी आउने आशमा पर्खी बसेको कुरा अभिव्यक्त गरिएको छ । प्रेमीले आफूलाई पर्खन सिकाएको कुरा जनाउँदै दृढ विश्वासको पहाड बनेर सागर भेट्न आउने आशा पालेर आकाशले पहाड र सागर बिचको साक्षी बनेर हेरीरहेको बेला कति वियोग खपें मैले जुन बेलामा पंषीहरूले वियोगको गीत गएको बेला म तयो पहाड बनी कति चेट सहैँ भन्दै प्रेमिकाले मेरो सपनाको राजकुमार कहिल्ये घुम्टो लिएर आएन घोडा चढाएर आकाशमा उडाएर लैजानु भन्थ्यो कुनै घोडा होइन एक चिम्टी सिन्दुर समेत लिएर आउन सकेन भनेर प्रेमीप्रति गुनासो पोखेको कुरा अभिव्यक्त भएको छ । प्रेमी प्रेमिका बीच भेट हुन नसकेको करण यहाँ वियोग शृङगार प्रस्तुत भएको छ ।

प्रस्तुत गद्यांश *विराएको यात्रा दुई* कविताबाट साभार गरिएको छ । यहाँ प्रेममा जातीयताको कुरा दर्शाइएको छ ।

उसले दुई जात रच्यो
तर कसले रच्यो यो दुर्गन्धित खेल
धनी र गरिबको झेल

ठूला र साना जातको अनमेल

सम्मान र खान्दानको रणखेल

समाजलाई कसले लगायो हतकडी

कसले लगायो पर्खालको काँडेतार

त्यहिँ काँडेतारभित्र फूल्यो गुलाब

सुगन्ध छरे पत्र पत्रहरूले

निस्किए अमर प्रेमिहरू

(विराएको यात्रा दुई, पृ. ३३)

प्रस्तुत कवितामा प्रेममा जातीयताको कुरा अगाडि सारिएको छ । उसले दुई जात रच्यो धनी र गरिबको खेल अनि ठूला र साना जातको अनमेल, सम्मान र खान्दानको रणखेल भन्दै समाजलाई कसले लगायो हतकडी र पर्खालको काँडे तार त्यहाँ काँडेतारभित्र फूल्यो गुलाब र सुगन्ध छरे पत्रपत्रहरूले अनि निस्किए अमर प्रेमीहरू भन्दै फरक-फरक जात अथवा प्रेमी र प्रेमिका बीच ठूलो र सानो जातले गर्दा पनि प्रेममा मिलन हुन नसकेका कुराहरूलाई पनि अभिव्यक्त गरिएको छ ।

यसप्रकार ठूलो र सानो जातको कारणले प्रेममा विछोड खेप्नु परेकाले पनि यहाँ वियोग शृङ्गारको भाव झल्कन्छ ।

प्रस्तुत कवितांश *उपसंहार चार* शीर्षकको कविताबाट साभार गरिएको छ । यहाँ विध्वंशका हतियारहरूले गर्दा मानवता हराएको कुरा गरिएको छ ।

आतङ्कको सिरानी र

राइफलको गोली भित्र

कदापि प्रेमको माला हुन सक्दैन

विध्वशंका हतियारहरू

मानवतामाथि परेड खेल्दैछन्

न मानव हितका लागि

न त संसारको परिवर्तनका लागि

न त तिनले दिशानिर्देश गर्छन् मानवलाई ।

(उपसंहार चार, पृ. १०२)

यसप्रकार कविले मानिसमा मानवताको भावना हराएको भाव पनि प्रस्तुत गरेका छन् । विध्वंशका हतियारहर मानवतामाथि परेड खेल्दै छन् भनेर आजका मानिसले यो सुन्दर पृथ्वीमा मानवीय प्रेमको सन्देश दिने काव्यिक कसरत कविले गरेका छन् ।

## ४.५.५ भाषाशैली

कविता निर्माण गर्ने स-साना लघु घटक वर्ण, शब्द, पदावली, वाक्य खण्ड, वाक्य र अनुच्छेदहरूलाई भाषशैली भनिन्छ । भाषाशैली भित्रका विभिन्न लघु घटकहरूको समुचित विन्यास नै भाषाशैली विन्यास हो । कृतिका संरचक घटकका सन्दर्भमा भाषाशैली चयन, अग्र भूमिकरण, बिम्ब प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थालाई भाषाशैलीय विन्यास भनिन्छ (गौतम, २०६२ : ५७३) ।

**सम्झनाको कोलाज** लघुकाव्य भित्रका भाषाहरू कतिपय प्रबुद्ध पाठकका निम्ति मात्र बोधगम्य छ भने अधिकांश कविता सरल सरस र सम्प्रेषणीय गद्यलयात्मक शैलीमा लेखिएका छन् । भाषिक स्रोतको दृष्टिले यस कृतिमा तत्सम, तत्भव, आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ । समग्रमा **सम्झनाको कोलाज** लघुकाव्यका कविताका भाषाहरू क्लीष्ट र दुरुह नभइ सबै पाठकका लागि पनि बोधगम्य, रोचक, सरल र सहज प्रकृतिका छन् ।

### ४.५.५.१ अलङ्कार

अलङ्कार काव्यका शोभाकारक तत्त्व हो । यो पूर्वीय काव्य शास्त्रको अवधारणा भए पनि सार्वभौम रूपमा नै यसलाई कविताको तत्त्व भनिन्छ । कविताको अर्थमा चमत्कृत प्रदान शब्द चमत्कारका माध्यमबाट अर्थलाई उत्कर्षमा पुऱ्याउने अलङ्कारलाई काव्यका साधन भनिन्छ (गौतम, २०६२ : ५७३)

**सम्झनाको कोलाज** लघुकाव्य भित्रको कविताहरूमा अन्त्यानुप्रास शब्दालङ्कारहरूको प्रयोग यसरी भएको छ ।

अन्त्यानुप्रास अलङ्कारको उदाहरण यसप्रकार छः

अँध्यारा दिनहरू

च्यातिएका मनहरू

आँशुका प्यालाहरू

दुःखका पहाडहरू

यी हेर त कति सुनदर उपहारहरू

(प्रेमको कोलाज चार, पृ. २६)

पाउको अन्तमा समान वर्णको पुनरुक्ति भएको हुनाले माथिको कविताांश अन्त्यानुप्रास अलङ्कार बन्न गएको छ ।

## ४.५.५.२ बिम्ब र प्रतीक

काव्यलाई सुन्दर बनाउने तत्त्व बिम्ब र प्रतीक हुन् । सर्जकका मानसपटलमा रहेका मानसिक तस्विरहरूलाई सभ्यमूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ (गौतम, २०६० : १) ।

सम्झनाको कोलाज भित्रका कविताहरूमा सरल बिम्ब र प्रतीकको प्रयोग अधिक मात्रामा भएको देखिन्छ । काव्यलाई सुन्दर बनाउन यहाँ पुरै प्राकृतिक दृश्यहरू दृश्य बिम्बका रूपमा उपस्थित भएको देखिन्छ । प्रकृतिको आँगन, लिली र चमेली, हावाको सानो स्पर्श, आकाश, समुद्रको ज्वारभाटा, गोधुली साँझ, वसन्तको प्रथम प्रहर, कोइलीको मिठो ध्वनी, चउरको हरियो घाँस, पृथ्वी, परीको चाल आदिको बिम्बात्मक सजावट कविताहरूमा प्रशस्त भेटिन्छन् । **सम्झनाको कोलाज** लघुकाव्य समग्रमा विश्व मानव समाजमा मानवता हराएर द्वन्द्व, वैमनस्यता भैरहेको बेलामा सबैको हृदयमा प्रेमको कोलाज फुलाउनु पर्छ भन्ने सन्देश बोकेको युगीन यथार्थको प्रतिबिम्ब हो । बिमब र प्रतीकको सङ्गालो नै बगेको सम्झनाको कोलाज लघुकाव्यमा कलात्मक सौन्दयृ झल्किएको पाइन्छ । यस कृति भित्रका कविताहरूमा प्रयोग भएका बिम्ब र प्रतीकको अभिव्यक्ति यसप्रकार देखिन्छः

प्रकृतिको आँगनमा मुस्कुराएका

लिली र चमेलीले मलाई आकर्षित गर्छन्

म मनलाई किन ढाँटु

यसलाई साँघुरिन किन दिउँ

समयमा फल लाग्ने प्रकृतिको नियमलाई

म किन रोकूँ । (प्रेमको कोलाज एक, पृ. १५/१६)

प्रस्तुत कविताांशमा कविले प्रकृतिको आँगनमा मुस्कुराएका लिली र चमेलीले आफूलाई आकर्षित गरेको कुरा जनाउँदै म मेरो मनलाई किन बाधूँ अनि साँघुरिन किन दिउँ यो समयमा फूल लाग्ने प्रकृतिको नियमलाई किन रोकूँ भन्दै प्राकृतिक बिम्ब र प्रतीकहरूको उल्लेख गरेका छन् ।

प्रस्तुत कवितंश *विराएको यात्रा दुई* बाट साभार गरिएको छ ।

हम्बरको गहिरो चोटबाट फुटाउन

ऊसक्ला प्रेमको सगरमाथाको टुप्टो चढ्न

कुरु क्षेत्रको हरूवा सिपाहीजस्तै युद्ध भूमिको शास्त्र हीन लडाकुजस्तै

हिम्मतहीन यात्री (विराएको यात्रा दुई, पृ. ३३)

यहाँ कविले हम्बरको गहिरो चोटबाट फुटाउन ऊ सक्ला भन्दै प्रेमको सगरमाथाको टुप्पो चढ्न कुरुक्षेत्रको हरूवा सिपाही प्रेमीलाई सङ्केत गरेका छन् ।

माथिको कविताांशमा प्रयोग भएका समयमा फूल लाग्ने प्रकृतिको नियम, हम्बरको चोट, पेमको सगरमाथा हरूवा सिपाही आदि पदावलीहरूप्रेमको असफलतालाई बुझाउन प्रयोग गरिएका प्रतिकात्मक बिम्ब हुन् ।

## ४.५.६ निष्कर्ष

प्रस्तुत **सम्झनाको कोलाज** (लघुकाव्य) कवि सीताराम कोइरालाको चौथो पुस्तकाकार कृति हो । यस कृतिमा प्रयुक्त कविताहरूको भाषाशैली शिष्ट स्तरीय र परिष्कृत

देखिन्छ । विशेषतः अधिक मात्रामा प्राकृतिक बिम्ब र प्रतीकको प्रयोग तथा तत्सम तद्भव झर्रा र आगन्तुक शब्दहरूको उपयुक्त समन्वयले भाषालाई निकै ओजपूर्ण बनाएको पाइन्छ । यस काव्यमा पन्ध्रवटा लामा छोटा गद्य कविताहरू सङ्कलित छन् ।

प्रस्तुत कृतिमा खासगरी कति प्रेम बोलिरहेछन् । मानवीय भावना प्रकृतिप्रेम मानव अस्तित्त्वको खोजी, आपसी बन्धुत्व र भाइचारा र मेलमिलाप तथा जातीयता, धनीगरिब आदि कुराहरूलाई बेजोड रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कृति सरल, सहज, गहन, बौद्धिक रोचक तथा उत्कृष्ट बन्न पुगेको छ ।

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ विषय परिचय

यस परिच्छेदमा सीताराम कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका सन्दर्भमा अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययनको परिच्छेदगत निष्कर्ष र अन्त्यमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ पहिलो परिच्छेदको निष्कर्ष

पहिलो परिच्छेद औपचारिक खण्डका रूपमा शोधपरिचय रहेको छ । यसमा विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधको क्षेत्र र सीमा, शोधविधि, सामग्री सङ्कलन विधि, विश्लेषण विधि/विश्लेषणको सैद्धान्तिक आधार र शोधपत्रको रूपरेखासमेत उल्लेख गरिएको छ । साथै यो परिच्छेद शोधको परिचय प्रस्तुत गर्नमा नै केन्द्रित रहेको छ ।

## ५.३ दोस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदअन्तर्गत साहित्यकार सीताराम कोइरालाको जीवनीखण्ड रहेको छ । यो खण्ड कोइरालाको चिनारी खण्ड पनि हो । यस खण्डमा विषयप्रवेश, नामथर, जन्म र जन्मस्थान, बाल्यकाल, रुचि र स्वभाव, शिक्षादीक्षा, आर्थिक अवस्था र बसाइँसराइ, वैवाहिक तथा पारिवारिक स्थिति, कार्यक्षेत्रमा प्रवेश तथा जागिरे जीवन, साहित्य लेखनमा प्रवेश र निरन्तरता, संघ-संस्थामा आबद्धता, यात्रा तथा भ्रमण, अविस्मरणीय घटना, जीवनदर्शन र अन्त्यमा निष्कर्ष उल्लेख गरिएको छ ।

सीताराम कोइरालाको जीवनी अनुकरणीय रहेको पाइन्छ । उनको जन्म चितवनमै भएको हो । चितवनको तोरीखेतमा जन्मिएर हुर्की बाल्यकाल जन्मस्थानमा नै बिताएका कोइराला बि.कम. सम्मको अध्ययन गर्ने क्रममा पढाइ अधुरै रह्यो । त्यसपछि उनले गायक

बन्ने चाहना राखे त्यसमा पनि उनी सफल भएनन् । त्यसपछि अभिनयतर्फ लागे र अभिनयमा पनि निरन्तर सफल हुन सकेनन् र अन्त्यमा उनी साहित्य साधनातर्फ लागे । केही वर्ष विदेशी भूमिमा पसिना बगाएर आई वर्तमानमा स्वदेशमै प्राइभेट जागिर गर्दै भए पनि साहित्य साधनामा विचलित नभई समाज, देश र जनताकै पक्षमा सिर्जनात्मक कार्य गर्ने व्यक्तित्वका रूपमा चिनिएका छन् । जीवनको जस्तोसुकै सङ्घर्षपूर्ण अवस्थामा पनि आफ्नो कार्यक्षेत्र तथा साहित्य क्षेत्रमा निरन्तर राम्रो उन्नति गर्दै आएका कोइरालाका कार्यहरूलाई मूल्याङ्कन गर्दा उनको जीवन परिश्रमी र सङ्घर्षशील रहेको पाइन्छ ।

## ५.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार सीताराम कोइरालाको बहुआयामिक व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वमा साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट चर्चा उल्लेख गरिएको छ । यस क्रममा सीताराम कोइराला अन्तर्मुखी स्वभावका रूपमा देखिएका छन् । उनको साहित्यिक व्यक्तित्वमा कवि, कथाकार, काव्यकार तथा वार्ताकार आदि व्यक्तित्व भए पनि विशेष योगदान भने कथामा रहेको छ । साहित्येतर व्यक्तित्वमध्ये प्रमुख रूपमा पत्रकार तथा सम्पादक र प्रशासनिक व्यक्तित्वका रूपमा उल्लेख गरिएको छ । यसरी उनमा अनेक व्यक्तित्व भएकाले उनलाई बहुमुखी व्यक्तित्वका रूपमा लिइएको छ भने अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.५ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार सीताराम कोइरालाका चारवटा कृतिहरूको अध्ययन गरिएको छ । उनको पहिलो कृति २०६२ सालमा प्रकाशित **अनर्थ** कथासङ्ग्रह हो । लघु आकारमा संरचित प्रस्तुत कथासङ्ग्रहमा जम्मा चौसठ्ठी पृष्ठ रहेको छ भने जम्मा सत्रवटा मात्र कथाहरूलाई समावेश गरिएको छ । प्रस्तुत कथासङ्ग्रहका कथाहरूमा भाषाशैली, भाव तथा विचारको उचित संयोजन पाइन्छ । समग्रमा **अनर्थ** कथासङ्ग्रहभित्र सामाजिक

यथार्थको परिप्रेक्ष्य, जीवनका अनुभूतिको सन्दर्भ, जीवन भोगाइको प्रतिबिम्ब, वैयक्तिक रचना र मनोग्रन्थी, यौनिक सन्दर्भको तरलता, प्रणयराग, अनुराग र विराग तथा मनोविश्लेषणबाट व्यक्तिमनको उत्खनन आदि प्रस्तुत गरिएको छ ।

कोइरालाको दोस्रो कृति २०६४ सालमा प्रकाशित **संवादमा स्रष्टाहरू** ( अन्तर्वार्तासङ्ग्रह) हो । एक सय बैसट्ठी पृष्ठमा संरचित यस अन्तर्वार्तासङ्ग्रहमा उन्नाइसवटा अन्तर्वार्ताहरू समावेश गरिएका छन् । यस कृतिका सबै अन्तर्वार्ताहरूलाई तत्त्वका आधारमा विवेचना गरिएको छ । **संवादमा स्रष्टाहरू** अन्तर्वार्तासङ्ग्रहमा भाषाशैलीको कलात्मक प्रस्तुति पाइन्छ । पहिलो कृतिभन्दा अझ खारिएका माझिएका शब्दहरूको चयन गरिएको पाइन्छ । यस कृतिमा विभिन्न व्यक्तित्वहरूको परिचयका साथै अन्तरङ्ग कुराकानी प्रस्तुत गरिएको छ । कोइरालाको यस अन्तर्वार्ता सङ्ग्रहमा सङ्ग्रहीत अन्तर्वार्ताहरूमा विभिन्न साहित्यिक व्यक्तित्वहरूले लेखेको कृतिहरूमा आधारित भएर प्रश्नउत्तर गरिएको छ ।

कोइरालाको तेस्रो कृति **पागलप्रेमी र मेरो देश** कवितासङ्ग्रह २०७१ सालमा प्रकाशित भएको हो । एकसय अट्ठाइस पृष्ठमा संरचित यस कृतिमा उनन्चालिस वटा कविताहरू समावेश गरिएका छन् । कोइरालाका यस कृतिलाई भाषागत प्रस्तुति, समसामयिक विषयवस्तु समेटेर मन र मस्तिष्कले पढ्न सकिने बौद्धिक, स्तरीय र उत्कृष्ट रचनाका रूपमा लिन सकिन्छ । यसमा विशेषतः सामाजिक, राजनैतिक र आर्थिक विषमताका चित्रहरू प्रतिबिम्बित भएको पाइन्छ । उनका कविताहरूमा व्यङ्ग्यात्मक प्रस्तुति, जीवन जगत्का असङ्गतिका चिरफारको साथै आशा र विश्वासको सञ्चार प्रकट भएको पाइन्छ । समग्रमा उनका सबै कविताहरू सरल, व्यङ्ग्यात्मक, रोचक, बौद्धिक, स्तरीय, सुपाच्य प्रतीकात्मक र बिम्बका सजावटले सुन्दर र उच्चकोटिका रहेका पाइन्छन् । मुख्य रूपमा देशप्रेमको भावना अभिगुञ्जित छ ।

कोइरालाको चौथो कृति **सम्झनाको कोलाज** लघुकाव्य २०७२ सालमा प्रकाशित भएको हो । एकसय सात पृष्ठमा संरचित यस कृतिमा पन्ध्रवटा कविताहरू समावेश गरिएका छन् । कविले विभिन्न उपशीर्षकहरूमा बाँडेर प्रेमको दर्शन बोलेका छन् । जीवनका

अन्य विसङ्गतिजन्य परिस्थिति र मनमुटावहरू त्यागेर हृदयमा प्रेमका कोलाज निर्माण गर्न अनुरोध गरिरहेका छन् । अन्य उपशीर्षकहरूमा लैङ्गिक प्रेमको सौन्दर्य छ । विसङ्गति र विपुताबिच बाँच्नुपरेको जीवनमा प्रेमिका अर्थात् अनुराधाप्रतिको प्रेमाशक्ति र पर्खाइ छ । कविले थुप्रै जटिलतासहितको यो सुन्दर पृथ्वीमा मानवीय प्रेमको सन्देश दिने काव्यिक कसरत गरेका छन् ।

## ५.६ समग्र निष्कर्ष

सीताराम कोइरालाको जन्म वि.सं. २०२८ भाद्र २२ गते मङ्गलबारका दिन चितवनको तोरीखेतमा भएको हो । उनका पिताको नाम रामदत्त कोइराला र माताको नाम नारायणीदेवी कोइराला हो । परिवारका छ सन्तानमध्ये ज्येष्ठ सुपुत्रका रूपमा कोइरालाको जन्म मध्यमवर्गीय परिवारमा भएको हो ।

कोइरालाको बाल्यकाल मातापिताको काख तथा परिवारका अन्य सदस्य र साथीभाइको साथमा दुःख-सुख दुवै परिस्थिति भोल्दै बितेको हो । उनले प्राथमिक शिक्षा तोरीखेतमा, माध्यमिक शिक्षा प्रेमवस्ती मा.वि. मा र उच्च शिक्षा भरतपुरमा अध्ययन गरेका थिए । आइ.कम. सम्म मात्रै अध्ययन गरेका कोइरालाले पढाइलाई निरन्तर अगाडि बढाउन सकेनन् । पढाइलाई पूर्णता दिन नसकेपछि उनको गायन तथा अभिनयकलातर्फ रुचि बढ्न थाल्यो र कारणवश त्यसमा पनि उनी सफल हुन सकेनन् । अन्त्यमा उनी साहित्य साधनातर्फ पाइला चाले । कथा, कविता, लघुकाव्य तथा अन्तर्वार्ता इत्यादि रचना गर्नतर्फ लागे । जागिरको सिलसिलामा उनी प्राइभेट जागिर खान थाले र पछि फेरि विदेशतर्फ लागे । चारवर्ष मलेसियाको बसाइँपछि पुनः उनी नेपालमै आएर विभिन्न ठाउँमा जागिर गर्न थाले । अहिले उनी जङ्गल आइल्याण्ड रिसोर्टमा कार्यरत छन् र साहित्य सिर्जनालाई पनि निरन्तरता दिँदै आइरहेका छन् ।

कल्पना अधिकारीसँग २०५२ सालमा विवाह बन्धनमा बाँधिएका कोइरालाको सन्तानका रूपमा एउटी छोरीमात्र छन् । पुर्ख्यौली सम्पत्ति प्रशस्त नभए पनि उनको आर्थिक

स्थिति राम्रै छ । राजनीतिक रूपमा सार्वजनिक भएर नहिँड्ने कोइराला प्रगतिवादी विचारधारामा प्रतिबद्ध व्यक्तित्व हुन् ।

व्यक्तित्व विकासका सन्दर्भमा कोइराला बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनका व्यक्तित्वहरूमा कवि, कथाकार, काव्यकार, वार्ताकार, पत्रकार, सम्पादक, प्रशासनिक, समालोचक र सामान्य रूपमा सामाजिक काममा समेत संलग्न रहेका छन् । यी सबै व्यक्तित्वमा उनलाई सफलता मिलेको देखिन्छ । उनले आफ्ना कृतिहरूमा विशेष गरी समाजका विकृति-विसङ्गति, देशको अस्तव्यस्तता, नेताहरूको मनपरितन्त्र, कुसंस्कार, निम्न वर्गप्रतिको अन्याय, अत्याचार, राष्ट्रिय स्वाभिमान तथा परम्पराप्रति क्षयोन्मुख हुँदै गएको अवस्थाको प्रकटीकरण गरेका छन् । यसरी बिग्रँदै गएको मान्छे, समाज र देशको अवस्थालाई पटक्कै देख्न र सहन नसक्ने कोइरालाले यसको चिरफार गर्दै जीवनप्रति आशावादी बन्न र स्वतन्त्रतापूर्वक स्वाभिमानी भएर बाँच चेतना दिएका छन् । उनी आफ्नो जीवन भोगाइका क्रममा देखेका, भोगेका र सुनेका कुरालाई अनुभव गर्दै आफ्ना अन्तर्मनका छटपटीहरूलाई सिर्जनाका माध्यमबाट अभिव्यक्त गर्ने गर्दछन् ।

२०४७ सालमा **नौलो राँको** पत्रिकामा *हामी सम्झिरहन्छौँ* शीर्षकको कविता छपाएर कोइराला साहित्यका फाँटमा उदाएका हुन् । यसरी २०४७ सालबाट सार्वजनिक रूपमा साहित्यिक यात्रा सुरु गरेका कोइरालाले कविता, कथा, काव्य, अन्तर्वार्ता, समालोचना विधामा कलम चलाएका छन् । त्यसमा पनि उनको विशेष योगदान कथा विधामा नै रहेको देखिन्छ । २०६२ सालदेखि यता उनका कथा, कविता, काव्य र अन्तर्वार्तासङ्ग्रहहरू, पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका छन् भने अन्य फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छिटपुट रूपमा देखिन्छन् । कविता लेखनबाट साहित्ययात्रा सुरु गरेका भए पनि कथा विधामा कोइरालाको विशेष योगदान देखिन्छ । कोइरालाका रचनामा समाजमा व्याप्त विकृति, विसङ्गति, मानवीय जीवनको मूल्यहीनता, धोखा, षड्यन्त्र, भ्रष्टाचार, हत्या, हिंसा, परम्पराप्रति वितृष्णा, राजनीतिक क्षेत्रमा व्याप्त विकृति तथा राष्ट्रियताको अवमूल्यन जस्ता देशका कुरूप त्रासदीको चित्र उतार्दै मानवीय मूल्य र अस्तित्त्वको खोजी गरेको पाइन्छ ।

यसप्रकार समग्रमा यस शोधपत्रका विभिन्न परिच्छेदहरूमा सीताराम कोइरालाका जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन गरिएको छ । सीताराम कोइरालाका केही कथाहरू बुझ्न अलि सहज नभए पनि कविताहरू भने सामान्यतया सर्वसाधारण पाठकहरूले पनि बुझ्न सक्ने सरल र सहज नै छन् । समग्रमा उनका कृतिहरूमा भाव, कला, विचार, अनुभूतिको उचित संयोजन भएको पाइन्छ ।

जीवनको जस्तोसुकै परिस्थितिमा पनि बिचलित नभइकन निरन्तर रूपमा साहित्य साधनामा लागेका सीताराम कोइरालाको नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेख्य योगदान रहेको देखिन्छ ।

# परिशिष्ट

# परिशिष्ट-१

## शोधनायक सीताराम कोइरालालाई सोधिएका प्रश्नावलीहरू

१. यहाँको वास्तविक नाम के हो ?

२. तपाईंको जन्म कहाँ र कहिले भएको हो ?

३. तपाईंको परिवारमा हाल कतिजना सदस्य हुनुहुन्छ ?

४. तपाईंको पुर्ख्यौली थलो कहाँ रहेको थियो ?

५. तपाईंको बाल्यअवस्था कसरी बितेको थियो ?

६. औपचारिक शिक्षा कहिलेदेखि र कहाँबाट आर्जन गर्नुभएको थियो ?

७. तपाईंले पाउनुभएका पुरस्कार तथा सम्मान के-के होलान् ?

८. अध्ययनको सिलसिलामा पनि साहित्यप्रति विशेष अनुराग रहनुमा कसको प्रभाव परेको थियो ?

९. धर्म र संस्कृतिप्रति यहाँको धारणा के कस्तो रहेको छ ?

१०. तपाईंको वैवाहिक अवस्था तथा हालसम्मको दाम्पत्य जीवन के कस्तो रहेको छ ?

११. हालसम्म विशेषगरी कुन कुन पेशालाई अवलम्बन गर्दै आउनुभयो र हाल कुन कुन संस्थामा आबद्ध हुनुहुन्छ ?

१२. साहित्यमा यहाँले कुन कुन विधामा कलम चलाउनुभएको छ ?

१३. यहाँले साहित्य यात्रामा प्रवेश गर्नुको मुख्य उद्देश्य के रहेको छ र खास कसको प्रेरणाले साहित्य साधनामा प्रवेश गर्नुभएको हो ?

१४. साहित्यलगायत अन्य सामाजिक क्षेत्रमा यहाँको योगदान कस्तो रहेको छ ?

१५. वैचारिक दृष्टिले यहाँ कुन विचारधाराबाट प्रभावित हुनुहुन्छ ?

१६. यहाँको जीवनमा घटेका अविस्मरणीय दुःखद क्षण तथा रोचक घटनाहरू के के हुन् ?

१७.	तपाईं जागिरे पनि हुनुहुन्छ, साहित्य यात्रामा कलम चलाइरहनुभएको छ, कसरी समय मिलाउनुभएको छ ?

१८.	तपाईंको बुझाइमा साहित्य के हो र कस्तो हुनुपर्छ ?

१९.	चितवन जिल्लाको साहित्यिक गतिविधिलाई कसरी नियाल्नुभएको छ ?


२०.	साहित्यले समाजलाई परिवर्तन गराउँछ र नयाँ समाजको निर्माण हुन्छ पनि भनिन्छ नि ?


२१.	यहाँको जीवनका इच्छा तथा रुचिका विषयहरू के के हुन् ?


२२.	अन्त्यमा केही भन्नुहुन्छ कि ?


# परिशिष्ट-२

## सीताराम कोइरालाका प्रकाशित पुस्तकका आवरणचित्रहरू




संवादमा स्रष्टाहरू
वार्ताकार/सम्पादक :
सीताराम कोइराला


पागलप्रेमी र मेरो देश
कवितासङ्ग्रह
सीताराम कोइराला


सीताराम कोइराला
सम्झनाको कोलाज

# सन्दर्भग्रन्थसूची

# सन्दर्भग्रन्थसूची


अधिकारी, पूर्णप्रसाद (२०७०), *अन्तर्वार्ता सन्दर्भ संवादमा स्रष्टाहरू : एक चर्चा,* **विवेक**, वर्ष २९, अङ्क ९, पृ. ६३ ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश** (दोस्रो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. ।

कार्की, गीता (२०६४), *प्रकाशकीय,* **संवादमा स्रष्टाहरू** (अन्तर्वार्ता सङ्ग्रह), काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

कोइराला, सीताराम (सम्पा.) (२०५२-२०७४), **पल्लव** (साहित्यिक विविध), वर्ष १, अङ्क १ देखि वर्ष १३, अङ्क २२ ।

——————— (सम्पा.) (२०७३), **अभिव्यञ्जना,** वर्ष १५, अङ्क ४ ।

——————— (सम्पा.) (२०७४), **अभिव्यञ्जना,** वर्ष १६, अङ्क ५ ।

गौतम, लक्ष्मणप्रसाद (२०६२), *अनर्थभित्रका उपकरणको अन्तर्वस्तु,* **अनर्थ** (कथासङ्ग्रह), चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

घिमिरे, रामबाबु (२०७४), **रित्तो आकाश,** चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान ।

ढुङ्गाना, कुलप्रसाद (२०६८), **संस्कृत साहित्य सिद्धान्त,** काठमाडौं : सुकुन्दा पुस्तक भवन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०६५), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (नि.) (२०५८), **नेपाली वृहत शब्दकोश** (पाँचौं संस्करण), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, परशु (२०६४), *निवार्ताको यात्रामा अर्को महत्त्वपूर्ण पाइला,* **संवादमा स्रष्टाहरू** (अन्तर्वार्ता सङ्ग्रह), सीताराम कोइराला, काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

विनोदी, गोविन्दराज (२०७१), *जिज्ञासु कविका भावपूर्ण कविता,* **पागल प्रेमी र मेरो देश** (कवितासङ्ग्रह), चितवन : कविडाँडा साहित्य समाज ।

भूपिन (२०७२), *जीवनको क्यानभासमा गुलाबी तुलिघात,* **सम्झनाको कोलाज** (लघुकाव्य), चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६६), **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन ।